महिलामाथि हुने हिंसाको यथार्थता

# अन्वेषी

## २०८०

# अन्वेषी

## महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन

सारांश प्रतिवेदन

२०८०

WOREC

ओरेक नेपाल

बालकुमारी, ललितपुर

अन्वेषी
२०८०

# अन्वेषी

## महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन प्रतिवेदन २०८०

WOREC

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरु महिला हिंसाविरुद्धका लागि गरिने कुनै पनि अभियान तथा पैरवीमूलक प्रयोजनको निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ ।

| | |
|---|---|
| सम्पादन | : दुर्गा कार्की |
| संयोजन, लेखन तथा विश्लेषण | : कमला पोखरेल |
| लेखन तथा विश्लेषण सहयोगी | : सुलोचना खनाल, मेनका क्षेत्री, सपना भण्डारी, शुशिला ताहामता |
| तथ्याङ्क प्रशोधन | : विजया लक्ष्मी निरौला, मेनका क्षेत्री |
| आर्थिक सहयोग | : MISEREOR IHR HILFSWERK |

WOREC

**प्रकाशनः** ओरेक
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
Email : ics@worecnepal.org
Website : www.worecnepal.org
ISBN : 978-9937-9645-0-0

**साजसज्जा**
ड्रिम ग्राफिक प्रेस

राष्ट्रिय मानव अधिकार आयोग
नेपाल

## शुभकामना

ओरेक नेपालले महिला हिंसा विरुद्धको अभिलेखीकरणलाई वर्ष पुस्तकको रूपमा '**अन्वेषी**' नियमित रूपमा प्रकाशन गर्दै आएकोमा खुशी लागेको छ । महिलामाथि हुने हिंसा विश्वव्यापी र जटिल समस्याको रुपमा विद्यमान छ, यो समस्याबाट नेपाल पनि अछुतो छैन । कुल जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगटेका महिलामाथि हुने हिंसाको अन्त्य विना सामाजिक न्याय र दिगो विकासको स्थापना हुन सक्दैन । महिला विरुद्धको हिंसा मानव अधिकारको उल्लङ्घन हो । त्यसैले मानव अधिकारको सम्मान र दिगो विकासलाई मूर्त रुप दिनका लागि महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य हुनु आवश्यक छ ।

महिलामाथि हुने हिंसाको प्रमुख कारक तत्व समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक सोच र कतिपय सामाजिक मूल्य मान्यता रहेको धेरै घटनाहरूबाट देखिएको छ । जसको कारण वर्षेनी हजारौं महिलाहरू विभिन्न स्वरूप र आयाममा हिंसा खेप्न बाध्य बनाइएका छन्, तर पनि ती हिंसाका सबै घटनाहरू सार्वजनिक रूपमा बाहिर आउन सकेका छैनन् । त्यस्तो अवस्थामा हिंसा भोगेका तर न्यायमा पहुँच नपुगेका महिलाहरूको घटनालाई दस्तावेजीकरण गरी प्रकाशनमा ल्याउने जमर्को '**अन्वेषी**' ले निरन्तर गरी समाजमा विद्यमान महिला हिंसाका घटना र त्यसले पारेको असर सार्वजनिक गर्नमा बिशेष भूमिका खेलेको छ । हिंसा प्रभावित महिला तथा किशोरीहरूले भोगेको हिंसा अन्य महिला तथा किशोरीहरूले भोग्नु नपरोस् भन्ने उद्देश्यले घटनाहरू  सार्वजनकि गर्न ओरेकले '**अन्वेषी**' को माध्यमबाट गरेको प्रयास सह्रानीय छ । महिलामाथि भएका हिंसा र हिंसा भोग्न बाध्य पारिने तत्वहरूलाई समेत उजागर गरी न्यायका लागि पहल र जिम्मेवार निकायको जवाफदेहीता कायम गर्न योगदान गर्नुहुने सम्पूर्ण महिलाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट धन्यवाद दिन चाहन्छु ।

महिलामाथि भएका विभिन्न स्वरूपका हिंसालाई बहुपक्षीय ढङ्गबाट अध्ययन तथा विश्लेशण गरी तयार पारिएको यस '**अन्वेषी**' ले सरोकारवाला निकायहरूलाई पैरवीको आधार निर्माण गर्न र सेवा प्रदायक निकायलाई जवाफदेही र उत्तरदायी  बन्नका लागि प्रेरणा दिने छ भन्नेमा विश्वस्त छु र यसका लागि ओरेक नेपाललाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि संस्थाका यस्ता कार्यले महिलाको मानव अधिकारको संरक्षण र सामाजिक न्यायको सुनिश्चितताका लागि योगदान गर्नेछ भन्ने आशा लिएको छु। महिला माथि हुने हिंसा अन्त्यको पहलमा सकारात्मक कदम चाल्न यस पुस्तकको निरन्तरता र गुणस्तरीयता कायम रहने अपेक्षा सहित पुस्तकमा उठाइएका विषयवस्तुको सम्बोधनका लागि शुभकामना व्यक्त गर्दछु ।

तप बहादुर मगर
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

# प्राक्कथन

महिलामाथि हुने हिंसा विश्वव्यापी मानव अधिकारको हनन्को कारण तथा परिणम हो । महिला अधिकार सुनिश्चित नहुँदासम्म विकास र समृद्धिमा पहुँच पुर्‍याउन गाह्रो हुन्छ। अझ भनौं महिलाका लागि संविधानमा परिभाषित अधिकारको सुनिश्चित हुने वातावरण नबन्दासम्म महिलामाथि हुने हिंसा अन्त्य गर्न सकिदैन । यो यथार्थलाई दह्रो बनाउँदै सबै सरोकारवाला पक्षहरूबाट मानव अधिकार सुनिश्चितताको प्रतिवद्धता माग गर्न नै "महिलामाथि हुने हिंसा बिरुद्धको १६ दिने अभियान" मनाउँदै आइएको छ । मानव अधिकार सुनिश्चित गर्न सरकार पक्षको भूमिका ठूलो हुन्छ । अहिलेको अर्थनीति र त्यसको विश्वव्यापीकरणको सन्दर्भमा उद्योग, व्यापार, ठूला-ठूला कम्पनी पनि उत्तिकै जिम्मेवार हुन्छन् । महिलाको सन्दर्भमा भने यसमा परिवार र ऊ बसेको समाज पनि थपिन्छ। त्यसैले महिलामाथि हुने हिंसाको बारेमा कुरा गर्दा उक्त देशमा महिलाप्रतिको दृष्टिकोण कस्तो छ, समाजमा उनको स्थान कस्तो छ, उनको नेतृत्वको स्थान र निर्णायक स्थिति कस्तो छ ? यो सबैलाई विश्लेषण गरेर हेर्नु जरुरी हुन्छ। कानून, नीति हेरेर मात्रै पुग्दैन। यसको अलवा कानून कार्यान्वयन गर्ने अधिकारीको मानसिकता, समाजले पीडितलाई सशक्त बनाउँछ कि प्रताडित गर्छ भन्ने पनि रहन्छ। न्याय प्राप्तिका यो विषयको हेक्का सबै पक्षले राख्नु पर्दछ।

यी तथ्यहरूलाई विश्लेषण गर्दै महिलामाथि हुने हिंसाका घटनाहरूको वास्तविकता तयार गरी अन्वेषी, सर्वेक्षणमा आधारित तथ्यगत वर्ष पुस्तक हो यो । सन् २००८ देखि महिलामाथि हुने हिंसाका यथार्थताको बहुपक्षीय विश्लेषण गर्दै महिलामाथि हुने हिंसाको उजागर गरी आवश्यक कदम चाल्न यो पुस्तक प्रकाशन गरिन्छ। यसको मुख्य ध्येय भनेको नीति नियमको प्रभावकारी कार्यान्वयन, नयाँ नीति नियमका लागि दिशानिर्देश र आवश्यकताका आधारमा नीति नियमको परिमार्जनका लागि पैरवी गर्ने हो । ओरेक नेपाद्वारा यो वर्ष पुस्तक अन्वेषी नोभेम्वर २५ तारिक अर्थात महिला हिंसा बिरुद्धको दिवसको सुरु हुने दिन प्रकाशन गर्ने गरिएको छ। सोही प्रकाशनको निरन्तरताका रूपमा यो अन्वेषी २०८० यँहाहरू समक्ष पुर्‍याउन पाउँदा हामीलाई खुसी लागेको छ।

देशमा संघीय लोकतान्त्रिक व्यवस्था स्थापना भएको १७ वर्ष पुरा भयो । तरपनि महिलाको स्वतन्त्रता, मर्यादित र समाजमा आत्मसम्मान सहित बाँच्न पाउने अधिकार, समानताको अधिकार, यातना र भयरहीत जीवन बाँच्न पाउने अधिकार, स्वः निर्णयको अधिकार जस्ता आधारभूत

मानव अधिकारका सूचकहरू सुनिश्चित हुन नसकेको कारण देशभर महिलामाथि हिंसा भइरहको छ । यो विषय अन्वेषी मार्फत सार्वजनिक गर्नु पर्दा हामीलाई दुःख पनि लाग्ने गरेको छ । घर, समाज, सार्वजनिक निकाय वा कार्यक्षेत्र सबै स्थानमा महिलाहरू आफ्ना आफन्त र चिनजानका व्यक्तिबाटै हिंसामा पर्नु र प्रताडीत हुनु परेको छ । आफुले नजिक मानेका व्यक्तिबाट नै बढी असुरक्षित रहने स्थितिले लोकतन्त्रको अनुभूति महिलाको जीवनमा आएको छ भन्न सकिन्न । यसले राजनीतिक परिवर्तन भएरमात्र हुँदैन सोचाइमा पनि परिवर्तन हुन जरुरी हुन्छ भन्ने प्रष्ट पार्दछ । यो अवस्थाले निरन्तरता पाइरह्यो भने महिलामाथि हुने हिंसाले त निरन्तरता पाँउछ नै, यसका साथै देशमा स्थापित लोकतन्त्र पनि स्थिर हुन सक्दैन भन्ने तर्फ संकेत समेत गराउँछ ।

महिलालाई आफ्नो शरीरमाथि नियन्त्रण गर्ने अधिकार, निर्णय लिने अधिकार कानूनले दिएको छ । सामाजिक जीवनलाई यौनिकताको आधारमा नियन्त्रण गर्नु, शारीरिक बनौट र आफुले रोजेको कामको आधारमा लान्छित गर्ने गरिएको छ । यस्ता सोच र व्यवहारले निरन्तरता पाइरहेका कारण देशको विकास, उत्पादनका साथै नयाँ पुस्तामा समेत नकारात्मक असर परेको छ । देश बिस्तारै अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रहरूको श्रेणीमा स्तरोन्नति हुँदैछ । सन् २०३० मा कसैलाई पनि पछि नछोड्ने प्रतिबद्धता सहित दिगो लक्ष्य प्राप्तिका लागि देशका नीति नियम, योजनाहरू बनाइएका छन् । तर यो बर्ष ओरेक नेपालले दस्ताबेजीकरण गरेका महिला हिंसाका घटनाहरू हेर्ने हो भने सरकारद्वारा महिलालाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन ल्याउने, कानून कार्यान्वयनको स्थिति मजबुत बनाउने, महिलाहरूको सामाजिक, आर्थिक अधिकारहरू सुनिश्चित गर्ने कार्य नगर्दासम्म यो सम्भव हुन्छ भन्न सकिँदैन ।

अझै पनि महिलामाथि हुने हिंसाका प्रकृतिमा डर, धाक, धम्की, अपहेलना, सम्पत्तिमाथिको अधिकारबाट बञ्चितिकरण गर्ने व्यवहारहरू प्रमुख रहनु सकारात्मक सुचाङ्क होइनन् । महिला हिंसाका घटनाहरूमा महिलाहरूलाई नै दोषी करार गर्ने परम्परा र यसलाई घर भित्रको कुरा र इज्जतसँग जोडेर हेर्ने प्रचलनका कारण देशमा महिला हिंसा बिरुद्ध आवाज उठाएता पनि राज्यका विभिन्न तहमा यसको न्यूनिकरणका लागि प्रतिबद्धता जाहेर गरिएतापनि महिला हिंसाका घटना घटिरहनु यसको मुख्य कारण हो भनी प्राप्त तथ्याङ्कको विश्लेषणले पुष्टि गरेको छ ।

अन्वेषी २०८० मा हामीले अलि बढी कानूनी उपचारको खोजी गरे पनि न्याय पाउन सहज अनुभूत नगरेका महिलाहरूको घटनाहरूमा केन्द्रीत हुँदै यसको निराकरणका लागि गर्न सकिने उपायको तथ्यगत खोजी र त्यसको समाधानका उपाय तर्फ केन्द्रीत भएका छौं । यस आर्थिक वर्षमा जम्मा १ हजार ४ सय ९ जना हिंसा प्रभावित महिलामाथि भएका हिंसाका प्रकृतिलाई

अन्वेषीमा दस्तावेजीकरण गरिएको छ । यसरी दस्ताबेजीकरण गरिएका घटनाहरूमा महिलाले न्याय प्राप्त गर्न नपाएका घटनाहरू, कानूनी अड्चन र अप्ठ्याराहरूले हाम्रो कानूनमा हिंसा प्रभावितलाई न्याय दिने व्यवस्था पीडितमुखी न्यायको अवधारणामा रहनेछ भनी भनिएता पनि व्यवहारतः यो लागू हुन सकेको छैन ।

हिंसा प्रभावितलाई न्याय दिनु पर्ने, न्याय प्राप्तिको आधार तयार गर्नु पर्ने, विभिन्न तह र निकायमा रहेका सेवा प्रदायक, कार्यालयका जिम्मेवार व्यक्तिको सोच, उनीहरूको उदासिनता, प्रतिपक्षद्वारा उब्जाउने अवरोध, त्यसमा थप बढ्दो अपराध र त्यसमा राजनीतिकारण हुँदा हरेक पाइलामा जटिलता थपिएको छ । न्याय खोज्ने पद्धति अत्यन्तै महँगो र जटिल बन्दै गएको छ । यी सबै अप्ठ्याराहरूका कारण न्यायमा पँहुच सहज छैन । देशको कानूनले न्याय पीडितमुखी हुने माग गरे पनि कार्यान्वयन पीडकमुखी नै रहेको छ । माइतिघर मण्डलामा रहेकी आरती साहकी आमा, दाइजोका कारण हिंसा भोग्नु परेकी नेहा चौधरी, बलात्कारको घटनाबाट सडकमा आएकी निहारिका राजपुज र द्वन्द्वकालमा यौन हिंसा प्रभावितहरूको सञ्जालको प्रयास र पीडालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । अन्वेषीमा दस्ताबेजीकरण गरिएका घटनाहरूमा न्याय प्राप्त गर्न महिलाहरूले यस्तै प्रकृतिका कठिनाइले महिला माथिको हिंसा र त्यसमा न्यायको पहुँचलाई चित्रण गरेको छ । यस्तै यथार्थताहरूले अबका दिनमा महिलामाथि हुने हिंसा विरुद्धका अभियानले हाम्रो सोच, महिलालाई हेर्ने दृष्टिकोण र व्यवहारमा रूपान्तरण नभएसम्म सार्थकता पाउने छैनन् भन्ने स्पष्ट संकेत दिएको छ ।

तसर्थ, महिलामाथि हुने हिंसा अन्त्य गर्ने अभियान भनेको सामाजिक रूपान्तरणको अभियान पनि हो भन्ने हामी सबैले बुझ्नु पर्दछ । यो हाम्रो साझा मान्यता हो ।

अन्वेषीमा दस्तावेज गरिएका हरेक घटना चाहे घरेलु हिंसा हुन् वा सामाजिक हिंसा, कार्यस्थलमा भएका हुन् वा घर भित्र, बलात्कार होस् वा अन्य सबै खाले यौन शोषणका घटना हुन् ती सबै घटनाहरूमा महिलाले खोजेको जस्तो न्याय प्राप्त गर्न सकेका छैनन् । प्रभावितहरूसँगको अन्तरंग कुराकानीले घटेका घटनाहरू पनि सबै बाहिर आउँन सकेका छैनन् भन्ने स्पस्ट बनाएको छ । यस्तो किन त भन्ने प्रश्नमा सबैको जवाफ एउटै छ त्यो हो पहिलो न्याय पाइन्छ भन्ने विश्वास छैन र दोस्रो घटना बाहिर ल्याउँदा आफुलाई नै दोष दिइन्छ । यसले जीवनभर आफूलाई पिर्छ र बाच्न नसक्ने बनाउँछ । तेस्रो घरपरिवारले नै यो घटना बाहिर ल्याउन हुँदैन, ल्याएमा घरको इज्जत जान्छ भनी रोक्न दबाव दिन्छन् । चौथो हिंसाको घटना बाहिर ल्याए पछि आफ्नो अरु बाँच्ने सहारा हुँदैन भन्ने छ । यो महिला र पुरुषको बीचमा स्थापित असमान शक्ति सम्बन्धको

परिणाम हो । त्यसैले यो अभियानमा लाग्नु भनेको समाजमा स्थापित असमान शक्ति सम्बन्धलाई प्रश्रय दिने संरचना बिरुद्ध लाग्नु हो । यो आँट गरेर समुदाय तहमा रहेका घटनाहरूलाई बाहिर ल्याउने हिम्मत गर्ने, महिलाहरूलाई **'तिमी एक्लो छैनौं'** भनी आफुमाथि भएका अपराध बिरुद्ध बोल्ने हौसला दिदै न्यायको मार्गतर्फ लम्कने प्रेरणा दिने सबै महिला मानव अधिकार रक्षकहरूलाई धन्यवाद दिन चाहान्छु । उँहाहरूको सहयोग विना अन्वेषी यो रूपमा आउन सम्भव हुँदैन र जति महिलाहरूले न्याय प्राप्तिका लागि आवाज उठाउन पनि सम्भव थिएन । त्यस रूपमा सहयोग गर्ने उहाँहरू सबैप्रति ओरेक विशेष आभार प्रकट गर्दछ । यसका साथै ओरेकमा कार्यरत जिल्लाका सम्पूर्ण कर्मचारी साथीहरू जसले महिला हिंसाका घटनाहरूलाई गोपनियता र संवेदनशीलतालाई ख्याल गरी जिल्लाबाट केन्द्रमा पठाउनु भयो र प्रभावितका न्यायका लागि सक्रिय भूमिका निर्वाह गरिरहनु भएको छ, उँहाहरूलाई पनि धन्यवाद दिन चाहान्छु । त्यसैगरी संस्थामा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी महिला हिंसाको वास्तविकतालाई दस्तावेजीकरण गर्दै प्राप्त तथ्याङ्कलाई व्यवस्थापन गर्दै विश्लेषण सहितको यो वर्ष पुस्तकको तयार गर्नु हुने ओरेक केन्द्रीय कार्यालयका कर्मचारीप्रति धन्यवाद ।

अन्त्यमा, ओरेकले महिला हिंसाका घटनाहरूको दस्तावेजीकरण गरी हिंसा प्रभावितलाई न्याय प्रदान गर्न सहज वातावरण निर्माण गर्दै नीतिगत पैरवीका लागि यो वर्ष पुस्तक अन्वेषी प्रकाशन गर्दै आएको छ । ओरेकको यो उद्देश्यलाई गति दिदै संस्थालाई विश्वास गरी आफ्ना जीवनका भोगाई साझा गर्नु हुने र न्यायका लागि संयुक्त रूपमा सहकार्य गर्ने 'प्रभावितदेखि परिवर्तनका सम्वाहकसम्म' का रूपमा रहनु भएका सबै महिलाहरूमा हार्दिक आभार प्रकट गर्दछु । हामीले खोजेको सामाजिक रूपान्तरणको बाटोको यात्रा सहज र सम्भव बनाउन हाम्रो सहकार्य, ऐक्यवद्धताले निरन्तरता पाउने विश्वास लिएकी छु ।



................

डा. रेणु राजभण्डारी (अधिकारी)
संस्थापक अध्यक्ष
ओरेक नेपाल

# विषय-सूची


परिच्छेद : १ १

परिचय १

१.१ अन्वेषी १

१.२ नेपाली समाजमा महिला विरूद्धको हिंसा ३

१.३ महिला अधिकारसँग सम्बन्धित कानूनी व्यवस्था ६

१.४ घटना सङ्कलन अवधि र क्षेत्र ८

१.५ अध्ययनको सीमा ८

१.६ अध्ययन विधि ९

१.७ सूचना सङ्कलनमा एकरूपता ९

१.८ सूचना सङ्कलन ९

१.९ तथ्याङ्क प्रशोधन प्रक्रिया र विश्लेषण १०

१.१० आचारसंहिताको पालना १०

परिच्छेद -२ १२

कार्यगत परिभाषा १२

२.१ कार्यगत परिभाषा १२

२.२ कार्यकारी साराशं: अध्ययनबाट प्राप्त नतिजाको सङ्क्षेपिकरण १६

परिच्छेद-3 २१

हिंसा प्रभावित महिलाको न्यायमा पहुँच २१

३.१ पृष्ठभूमि २१

३.२ न्यायमा पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू २२

३.३ न्यायमा पहुँच सम्बन्धी राष्ट्रिय प्रावधानहरू २३

३.४ न्यायमा पहुंच सम्बन्धमा राष्ट्रिय स्तरबाट भएका प्रयासहरू २६

३.५ महिला हिंसा र न्यायमा पहुंच २७

घटना अध्ययन: १ ३३

घटना अध्ययन: २ ३५

परिच्छेद-४ ३७

महिलामाथि भएको हिंसाका अवस्था र विश्लेषण ३७
४.१ प्रदेश अनुसार महिलामाथि भएका हिंसाको स्थिति ३७
४.२ महिला हिंसाका प्रकार तथा विश्लेषण ३८
४.३ महिलामाथि हुने हिंसा र उमेर ४०
४.४ महिला हिंसा र शिक्षा ४२
४.५ महिलामाथि हुने हिंसा र वैवाहिक स्थिति ४४
४.६ महिला हिंसा र प्रभावितको जात/जातीयता ४५
४.७ हिंसा प्रभावित र आरोपितसँगको सम्बन्ध ४७
४.८ महिलामाथि हुने हिंसा र पेसा/व्यवसाय ४८
४.९ महिला हिंसा र प्रभावितको असर ५०

परिच्छेद -५ ५२

घरेलु हिंसा ५२
५.१ महिला र घरेलु हिंसा ५२
५.२ घरेलु हिंसा भित्रका स्वरूपहरू ५३
५.३ घरेलु हिंसा र यसको विश्लेषण ५४
घटना अध्ययन : ३ ६५

परिच्छेद-६ ६७

सामाजिक हिंसा ६७
६.१ महिला र सामाजिक हिंसा ६७
६.२. सामाजिक हिंसाका परिणाम र विश्लेषण ६८
घटना अध्ययन : ४ ७८

परिच्छेद-७ ८०

बलात्कार ८०
७.१ बलात्कार र महिला हिंसा ८०
७.२ बलात्कार र यसको विश्लेषण ८१
७.६ बलात्कार र प्रभावितको पेसा ८५
घटना अध्ययन : ५ ८८

## परिच्छेद-८ ९०

यौन हिंसा ९०
८.१ यौन हिंसा र महिला ९०
८.२ यौन हिंसा र यसको विश्लेषण ९१
घटना अध्ययन : ६ ९८

## परिच्छेद-९ १००

हत्या १००
९.१ हत्या र महिला हिंसा १००
९.२ हत्या र यसको विश्लेषण १०१
घटना अभिलेख : ७ १०६

## परिच्छेद-१० १०८

महिला बेचविखन र ओसारपसार १०८
१०.१ महिला बेचबिखन तथा ओसारपसार १०८
१०.२ महिला बेचविखन र यसको विश्लेषण ११०
घटना अध्ययन : ८ ११३

## परिच्छेद-११ ११४

आत्महत्या ११४
११.१ आत्महत्याको अवस्था ११४
११.२ आत्महत्या र यसको विश्लेषण ११५
घटना अध्ययन : ९ ११८
घटना नम्वर : १० ११९

## परिच्छेद-१२ १२०

हानिकारक परम्परागत अभ्यासहरू १२०
१२.१ पृष्ठभूमि १२०
१२.२ हानिकारक परम्परागत अभ्यासहरूका प्रकार १२०
१२.३ हानिकारक परम्परागत अभ्यासहरू र यसको विश्लेषण १२१
घटना अध्ययन : ११ १२५

## परिच्छेद-१३ १२६

पीडकको पृष्ठभूमि १२६
१३.१ पीडकको पृष्ठभूमि १२६

## परिच्छेद-१४ १३२

सञ्चार अनुगमन १३२
१४.१ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको विवरण १३२
१४.२ हिंसाका प्रकार १३२
१४.३ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको प्रदेश अनुसारको स्थिति १३३

## परिच्छेद-१५ १३५

हिंसा प्रभावितहरूलाई उपलब्ध गराएको सेवाको विवरण १३५
१५.१ प्रभावितलाई सुरक्षित आवास मार्फत प्रदान गरेको सहयोग विवरण १३५
१५.२ ओरेकको हटलाइन सेवा मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटना १३७

## परिच्छेद-१६ १४०

मनोरञ्जन क्षेत्रमा श्रमिक महिलामाथि भएका हिंसा, शोषणको घटना १४०
१६.१ पृष्ठभूमि १४०
१६.२ मनोरञ्जन क्षेत्रमा कार्यरत किशोरी तथा महिलामाथि भएका हिंसाको प्रकार १४१
१६.३ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति १४२
१६.४ प्रभावितको वैवाहिक स्थिति १४२
१६.५ प्रभावितको जातीयता १४३
१६.६ प्रभावितको शैक्षिक अवस्था १४४
१६.७ प्रभावितको कार्यक्षेत्र १४४
१६.८ प्रभावितको पेसागत अवस्था १४५
१६.९ प्रभावितको आरोपितसँगको सम्बन्ध १४६
१६.१० पीडकको उमेर १४६
१६.११ न्यायिक पहल १४७
१६.१२ संस्थामा आएका घटनाको विश्लेषण १४८
११. निश्कर्ष : १४९
घटना नं : ११ १४९
घटना नं : १२ १५०

## परिच्छेद १७ १५१


निष्कर्ष तथा सुझाव १५१

१७.१ सुझावहरू १५३

१७.२ रोकथाम १५३

१७.३ सम्बोधन १५५

१७.४ सुरक्षा १५७

१७.५ सजाय र क्षतिपूर्ति १५८

**अनुसुचि १** १५९

लैङ्गिक विभेदमा आधारित हिंसा घटना सङ्कलन फारम १५९

# परिच्छेद : १

## परिचय

### १.१ अन्वेषी

मानव अधिकार तथा सामाजिक न्यायका लागि तीन दशकदेखि निरन्तर क्रियाशील महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले सन् २००८ देखि महिलामाथि भएका हिंसाका घटनाहरूलाई बहुपक्षीय रूपबाट विश्लेषण गरी निरन्तर रूपमा अन्वेषी प्रकाशन गर्दै आएको छ । अन्वेषी महिलामाथि हुने हिंसाको यथार्थ झल्काउने तथ्यमा आधारित पुस्तक हो । संस्थाले महिला हिंसाका घटनाको अभिलेखीकरण तथा विश्लेषण गरी यथार्थ स्थितिको पहिचान गर्दै महिलामाथि हुने हिंसाविरूद्ध आवश्यक काम गर्न राज्यलाई जिम्मेवार र उत्तरदायी बनाई आवश्यक संयन्त्रको स्थापना, विकास र विस्तार गर्न दबाब दिने र हिंसा प्रभावित महिलाहरूको आवश्यकता पहिचान गरी आवश्यक सहयोगी संयन्त्र निर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्ने उद्देश्यले तथ्य, तथ्याङ्क सहित प्रमाणमा आधारित दस्तावेजीकरणका लागि अन्वेषी लेखनको सुरूवात गरेको हो ।

महिलामाथि हुने हिंसाका घटनाहरूको एकीकृत तथ्याङ्क नभएको तात्कालिन अवस्थामा सबै क्षेत्रबाट हिंसाका घटनाहरू सङ्कलन गरी विश्लेषण गर्ने क्रममा महिला विरूद्धका हिंसाको सम्बन्धमा धेरै अनुसन्धान गरिनु पर्ने आवश्यकता थियो र त्यत्तिकै चुनौती पनि । त्यसैले अनुसन्धानको अभाव पूर्ति गर्न, समस्त घरपरिवार, समाज र राज्यलाई तथ्यका आधारमा घचघच्याउने काम प्रतिवेदनको स्वरूपमा अन्वेषी प्रकाशनले गरेको थियो । यसलाई निरन्तरता दिँदै हाल अन्वेषी लेखनको सोह्रौं वर्ष पुगिसकेको छ । महिलामाथि हुने हिंसाका घटनालाई व्यवस्थित गरी अभिलेखीकरण गर्ने राज्य र नागरिक समाजका तर्फबाट कुनैपनि पहल र संयन्त्रहरू निर्माण भइनसकेको त्यस बेलाको परिस्थितिमा महिलामाथि हुने हिंसाको घटनालाई अभिलेखीकरण तथा विश्लेषण गरी महिला हिंसाको यथार्थ अवस्था प्रस्तुत गर्न अन्वेषी कोशेढुङ्गाको रूपमा रहेको थियो र हाल पनि छ ।

अन्वेषी प्रकाशनको साढे एक दशक पुगिसक्दा हाल भने नेपाल प्रहरी, राष्ट्रिय महिला आयोग र विभिन्न गैरसरकारी संघसंस्थाले महिलामाथि हुने हिंसाका घटनाहरू अभिलेख गरी फरक फरक माध्यमबाट प्रकाशन गर्न थालेका छन् ।

लैङ्गिक हिंसा प्रभावितलाई सुरक्षाबास मार्फत सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल सरकार महिला तथा बालबालिका मन्त्रालयले स्थानीय सरकार, महिला सहकारी संस्था तथा स्थानीय गैरसरकारी संस्थाहरूसँगको साझेदारी र नेतृत्वमा २१ जिल्लामा सुरक्षाबास सञ्चालन गर्दै आएको छ । त्यसै गरी स्थानीय सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले समेत लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई सहज, सरल र गुणस्तरीय सेवा उपलब्ध गराउने अभिप्रायले विभिन्न स्थानमा सुरक्षाबासहरू सञ्चालन गरी सेवा प्रवाह गरिरहेका छन् । सरकारी स्तरबाट पनि लैङ्गिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म विभिन्न कार्यक्रमहरू समेत सञ्चालन भइरहेका छन् ।

नेपाल सरकारले लैङ्गिक हिंसा प्रभावितहरूलाई एकै स्थानबाट स्वास्थ्य तथा न्यायिक उपचार लगायतका सबै अत्यावश्यक सेवा प्रवाह गर्ने उद्देश्यले एकीकृत सहयोगी संयन्त्रको विकास गरी देशभर ९४ वटा जिल्ला अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन गरी आवश्यक सेवा प्रदान गर्दै आएको छ । साथै महिलामाथि हुने हिंसा सम्बोधनका लागि राज्यले संविधान मै लिङ्गका आधारमा हुने कुनैपनि हिंसा र विभेदलाई दण्डनीय मानेको छ भने विभिन्न सहयोगी संयन्त्रको स्थापना र विकास, हिंसा रोकथाम र महिलाको सुरक्षा वा संरक्षणका लागि कानून, ऐन, नीति, नियम र निर्देशिकाहरु जारी गरी कार्यान्वयनमा ल्याएको छ । विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौता मार्फत महिला अधिकार र समानताका लागि काम गर्ने प्रतिवद्धता जनाएको छ । तिनै प्रतिवद्धता अनुसार कानून बनेका छन्, संयन्त्रहरू स्थापित छन् तरपनि प्रभावकारी कार्यान्वयनको अभाव, सेवा प्रदायक निकायहरूको अर्कमण्यताले हिंसा प्रभावितका लागि न्याय प्राप्ति निकै टाढाको विषय भएको छ । पीडकहरूलाई प्राप्त राजनीतिक र राज्यको संरक्षणले गर्दा उनीहरूले पाइरहेको सजाय उन्मुक्तिले दण्डहीनता चरम छ र यसले प्रभावितमा भय सिर्जना गरेको छ । आम नागरिकमा समग्र राज्य संरचना प्रति चरम निराशा बढेको छ । न्याय पाउने आशा झन झन टाढा भएको छ ।

सुरूवातदेखि नै हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका र त्यसकै कारण उत्पन्न अनेक प्रभाव र परिस्थितिसँग पौंठेजोरी खेल्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणका कारण अन्वेषीले आफ्नो प्रकाशनको उद्देश्य र महत्व झन बढाएको छ । आफ्नो सोही भूमिकालाई जीवन्त

राख्दै यस वर्ष पनि हिंसा प्रभावितहरूले कानूनी रूपमा न्याय पाएका तर त्यसको उपभोग र अनुभव गर्न नपाएका, हिंसा पश्चात् सामाजिक पुनर्स्थापना भएका तर सामाजिक न्यायको अनुभूति गर्न नसकेका, घटनाहरूको विश्लेषणमा बढी जोड दिएको छ । यस पुस्तकमा प्रस्तुत भएका हिंसाका तथ्य-तथ्याङ्कहरूले महिलाका भोगाई, महिला हिंसाका मूल स्वरूप, प्रवृत्ति र त्यसका प्रभावहरू तथा प्रभावितको न्यायमा पहुँचको अवस्थाबारे एक तहको सूचना प्रवाह गर्न सक्षम छ भन्ने कुरामा ओरेक विश्वस्त छ । साथै महिला हिंसा रोकथाम र समाधानका निम्ति चालिनु पर्ने कदमहरू पहिल्याउनका लागि अन्वेषीले एक कोशेढुंगाको रूपमा काम गर्नेछ भन्ने विश्वास लिइएको छ ।

## १.२ नेपाली समाजमा महिला विरुद्धको हिंसा

महिलामाथि हुने हिंसा मानव अधिकार हनन्को सवाल हो । महिला भएकै कारण महिलामाथि हुने सम्पूर्ण हिंसात्मक कार्यहरू महिलामाथि हुने हिंसा हुन् । महिलाविरुद्धको हिंसा सार्वजनिक वा नीजि जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो । जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ । यस अर्न्तगत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्य समेत पर्दछ ।[1] नेपालमा महिलामाथि भएका हिंसाको अवस्थालाई हेर्दा नेपाल प्रहरीमा आर्थिक वर्ष २०७९/०८० मा २०,७५३ जना महिला तथा बालिकामाथि हिंसा भएका घटना सम्बन्धी उजुरी परेको देखिन्छ । यो तथ्याङ्कले दैनिक औसत ७ जना महिला तथा बालिकामाथि बलात्कार हुने गरेको देखाउँछ । यसैगरी यही आर्थिक वर्षमा ओरेकमा १ हजार ४०९ जना महिला तथा बालिकामाथि हिंसा भएको तथ्याङ्क सङ्कलन भएको छ । यद्यपि, हिंसा हुनुको दोष हिंसा प्रभावितलाई नै लगाउने परम्परा, घरको कुरा बाहिर ल्याए इज्जत जान्छ भन्ने हाम्रो सामाजिक मान्यता, बाहिर आएका हिंसाका घटनामा पनि न्याय नपाएको स्थितिले गर्दा धेरै हिंसाका घटनाहरू बाहिर आउन सकेका छैनन् । सङ्कलन भएका तथ्याङ्कलाई हेर्दा पनि महिलाले हिंसा नभोगी नहुने वास्तविकता जस्तै बनेको छ । समाजमा महिलालाई हेर्ने विभेदकारी सोच तथा दृष्टिकोणका कारणले घर परिवार, समुदाय, समाज तथा राज्यका सबै तहमा महिलामाथि हुने हिंसालाई जवर्जस्त रुपमा सामान्यीकरण गरिएको छ र यसले हिंसालाई संस्थागत बनाउन ठुलो मद्दत गरेको छ । यिनै विभेदकारी संरचनागत विभेदले महिलालाई मानवको रुपमा नभई एक वस्तुको रुपमा स्थापित गरेको छ ।

1 महिलाविरुद्धको हिंसा उन्मुलन गर्ने सम्बन्धी घोषणापत्र, संयुक्त राष्ट्र सङ्घ १९९३

महिलामाथि हुने हिंसा, तिनका आयाम र परिणामहरू फरक फरक भएतापनि यो एक विश्वव्यापी समस्याको रूपमा रहेको छ । नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा (५१.०४ प्रतिशत) महिलाले ओगटेका छन् तापनि सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक लगायत सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून रहेको छ । पुरुष केन्द्रित सामाजिक संरचना तथा सोही अनुरुप गरिएका आर्थिक सामाजिक राजनैतिक मूल्य र मान्यताका कारण महिलाहरू राज्यका हरेक क्षेत्रमा पछाडि पारिएका छन् । उनीहरू दोस्रो दर्जाको नागरिकको रूपमा बाँच्न बाध्य छन् ।

नेपालको संविधान, २०७२ को धारा ३८ को उपधारा ४ ले राज्यका सबै निकायमा महिलालाई समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरेको छ । यद्यपि, व्यवहारतः राजनीतिमा महिला सहभागिताको स्थिति विश्लेषण गर्ने हो भने वाध्यकारी संवैधानिक व्यवस्था र नेपाल सरकारले गरेका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको पालना प्रभावकारी रूपमा गर्न सकेको छैन । उदाहरणका लागि दोस्रो स्थानीय तहको निर्वाचनमा ७५३ स्थानीय तह मध्ये २५ वटा स्थानीय तहमा मात्रै महिलाले प्रमुख पदको जिम्मेवारी पाएका छन् । यो सङ्ख्या भनेको कुल निर्वाचित सङ्ख्याको ३.३२ प्रतिशत मात्रै हो । त्यसैगरी प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्ष तर्फ २२५ जना महिला निर्वाचनको मैदानमा भएपनि ९ जना महिलामात्रै निर्वाचित भए ।[2] सात वटै प्रदेशमा प्रदेश प्रमुख पुरूष छन् भने राष्ट्र सञ्चालनका प्रमुख पद प्रधानमन्त्रीको जिम्मेवारीमा पनि सधैं पुरूषले नै स्थान लिएको छ । राष्ट्रपति, उप-राष्ट्रपति जस्तो सर्वोच्च पदमा पुरूष-महिलाको वैकल्पिक सिट र संसदको उप-प्रमुख (माथिल्लो र तल्लो सदन दुवैमा), मेयर र उपमेयर जहाँ दुई मध्ये एक महिला हुनु पर्छ भन्ने व्यवस्थालाई समेत ‘गठबन्धन’ र ‘वा’ जस्ता पदले विभेद गरी महिलाको राजनीतिक सहभागितालाई पाखा लगाउने काम भएको छ । जसलाई राजनीतिक दल र राज्य सञ्चालकहरूमा विद्यमान पितृसत्तात्मक सोच र व्यवहारका कारण महिलाको नेतृत्वलाई स्वीकार्ने वातावरण अहिलेसम्म बन्न सकेको छैन भन्ने ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । जसको परिणाम स्वरूप, नेपालको कुल जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरूषको तुलनामा पहुँच र उपस्थिति न्युन छ । तथापि, महिलाहरूको राजनैतिक सहभागितामा क्रमिक वृद्धि भएको देखिन्छ तर निर्णायक तहमा पुरूषको बाहुल्यता रहेको छ । राजनीतिमा महिलाको प्रतिनिधित्व चर्चाका लागि एक लोकप्रिय विषय भए पनि, महिला नेताहरूले आफ्ना पुरूष समकक्षीहरूको तुलनामा सार्वजनिक उपहास र विभेदको सामना गर्नुपरेको छ । महिला

2 https://www.ilo.org/dyn/normlex/en/f?p=NORMLEXPUB:12100:0::NO::P12100_Ilo_Code:C100

भएकै कारणले महिला नेताहरूको नेतृत्वको विषयमा राजनीतिमा शङ्कादेखि लिएर अपमानजनक भाषा तथा आवरणमा दुर्व्यवहारपूर्ण आक्रमणहरू हुने गरेको पनि पाइन्छ । यसकारण आजसम्म महिलालाई पुरूषको तुलनामा स्रोत र अवसरहरूमा कम प्राथमिकता दिइदैं आएको छ ।

नेपाल विश्व मानव सूचकाङ्कमा १४३ औं स्थानमा र लैंगिक असमानता सूचकाङ्कमा ९६ औं स्थानमा रहेको छ ।[३] विगतमा विभिन्न समयमा भएका राजनीतिक, मधेश र महिला आन्दोलनका कारण नेपालले लैङ्गिक क्षेत्रमा ठूलो प्रगति हासिल भएको छ । यद्यपि महिलालाई समाजमा हेर्ने विभेदकारी दृष्टिकोण, व्यक्ति, परिवार, समाज र राज्यको सबै तहमा ब्याप्त असमान शक्ति सम्बन्ध, आर्थिक, सामाजिक, राजनैतिक तथा प्रशासनिक लगायतका क्षेत्रहरूमा महिलाहरूको न्यून सहभागिता यथावत छ । पितृसत्तामक सामाजिक संरचनाद्वारा महिलाको श्रम, शरीर र पहिचानमाथि हुने गरेको नियन्त्रणको निरन्तरताको परिणामका कारणले गर्दा समाजमा पछाडि पारिएका वर्ग विशेषगरी महिलामाथि हुने हिंसा र भेदभावको नियन्त्रण हुन सकेको छैन ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वका प्रत्येक तीन जना मध्ये एक जना महिलाले आफ्नो जीवन कालमा कुनै न कुनै स्वरूपमा हिंसा भोग्ने गरेका छन् । यस्तो हिंसामा सम्लग्न पीडक महिलाले चिनेको, माया गर्ने र विश्वास गर्ने व्यक्तिहरू हुने गर्दछन् । हरेक दिन महिलाहरूले व्यक्तिगतदेखि सार्वजनिक क्षेत्रहरूमा कुनै न कुनै प्रकारका हिंसाको सामना गरिरहनु परेको छ । यसले समाज तथा राज्यले महिलालाई हेर्ने दृष्टिकोण र महिलाको मानव अधिकार हनन्को अवस्थालाई स्पष्ट रूपमा चित्रण गर्दछ । नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैङ्गिक विभेदमा आधारित हिंसाको अन्त्य गरी महिलाको मानव अधिकार सुनिश्चित गर्ने प्रतिवद्धता जनाएको छ । नेपालले **महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी (सिड) १९७९** लाई सन् १९९१ मा अनुमोदन गरी महिला अधिकारको सवालमा सम्मान, संरक्षण र परिपूरण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । 'कसैलाई पनि पछाडि नछोडौं' (Leave No One Behind) भन्ने मुख्य नाराका साथ सन् **२०३० सम्ममा हाँसिल गर्ने भनिएको दिगो विकास** लक्ष्यहरू प्राप्त गर्न नेपाल पनि प्रतिबद्ध छ । यस अन्तर्गत सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरू उन्मूलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरू राखिएका छन् । लैङ्गिक समानता (लक्ष्य ५) आफैंमा दिगो विकास लक्ष्य मध्येको एक लक्ष्य हो । लैङ्गिक हिंसा सम्बन्धी कानून, ऐन, नीति नियमहरू पनि प्रशस्तै बनेका छन् । यद्यपि परम्परागत सामाजिक मुल्य मान्यताहरू यथावत हुँदा महिलालाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छैन र यही कारणले

3 https://www3.weforum.org/docs/WEF_GGGR_2022.pdf

महिलामाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । हिंसा प्रभावित महिलाहरूले सहज तरिकाले न्याय पाएको अनुभूति गर्न सकेका छैनन् । महिलामाथि हुने हिंसाको अन्त्य देशमा लैङ्गिक समानता कायम गर्न, महिला सशक्तीकरण र दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि अपरिहार्य रहेको छ । महिलामाथि हुने हिंसा समानता, विकास र शान्ति प्राप्तिका लागि बाधक रहेको छ । यसर्थ महिलामाथि हिंसा हुने वातवारणको अन्त्यका लागि सबैको सामूहिक प्रतिवद्धताका साथै तत्कालै यस्ता प्रकारका हिंसाविरुद्ध गरिएका प्रतिवद्धताहरूलाई व्यवहारमा रूपान्तरण गर्नु आवश्यक छ ।

## १.३ महिला अधिकारसँग सम्बन्धित कानूनी व्यवस्था

महिला अधिकारका सवाल राजनीतिक सवाल हुन् । नेपालको संविधान २०७२ ले लैङ्गिक विभेद अन्त्य गरी आर्थिक समानता, सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक-समावेशी-सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ । नेपालको संविधानमा समान सहभागिता, सामाजिक सुरक्षा, कानूनको पालना र आर्थिक समृद्धिलाई प्रमुख प्राथमिकताका साथ राखिएको छ । लैङ्गिक समानतालाई विकास, न्यायको सवालका रूपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धि स्थापना हुन नसक्ने तथ्य विश्वले आत्मसात् गरिसकेको छ । राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा महिलामाथि हुने हिंसा अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । नेपालको संविधान, २०७२ ले नै मौलिक हक अन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । साथै महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण जस्ता कार्य गरेमा कानून बमोजिम दण्ड हुने व्यवस्था उक्त धाराले गरेको छ । यस धाराले पीडित/प्रभावितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था समेत गरेको छ ।

नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ र २०८०/८१) मा महिला समानता तथा सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम समावेश गरी लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने विषयलाई दीर्घकालीन सोचका साथ महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने सवाललाई लक्ष्यका रूपमा लिइएको छ । सो लक्ष्य हासिल गर्न क्रमशः पछिल्ला योजनाहरूमा लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवन यापन गर्न पाउने वातावरण सुनिश्चित गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषण अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित

गर्ने जस्ता उद्देश्य सरकारले लिएको छ । नेपालमा महिलाको अवस्था यी लक्ष्य तथा उद्देश्य प्राप्त गर्न महिलाको हक-अधिकार संरक्षणका लागि लैङ्गिक हिंसा निवारण लगायत आवश्यक नयाँ कानूनहरू निर्माण गर्ने, विभेदकारी कानूनहरू परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध **शून्य सहनशीलताको नीति** अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र सबैका लागि पहुँच योग्य बनाउने रणनीति अघि सारेको देखिन्छ। यद्यपि यस्ता हिंसामा कमि आउन सकेको छैन। साथै महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक एवं संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ । यस योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरू सिर्जना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन सेवालाई अधिकारमुखी कार्यक्रमका रूपमा विकास गर्ने, विद्यमान कानून तथा संस्थागत व्यवस्थाहरूमा सुधार गर्ने लगायतका रणनीति समेटिएका छन् । यद्यपि महिला तथा बालिकामाथि हुने हिंसाका घटनाहरू नियन्त्रण हुन नसकेको तथ्य हाम्रो सामु प्रस्ट छ ।

हिंसारहीत सुरक्षित वातावरणमा आत्मसम्मानपूर्वक बाँच्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । तर यथार्थमा महिलाले अझ पनि यस किसिमको वातावरण प्राप्त गर्न सकेका छैनन् । नेपालको संविधान लगायत अन्तर्राष्ट्रिय कानूनहरूले मानवको बाँच्न पाउने अधिकार सुनिश्चित गरेको भए पनि महिलाहरूले आफू आत्मसम्मानपूर्वक आफ्नै स्वतन्त्र पहिचान सहित बाँच्न पाएको अवस्था छैन । यही कारण महिलाहरू अझै पनि दोस्रो दर्जाको नागरिकको रूपमा बाँच्न बाध्य पारिएका छन् । ओरेकले २०२३ मा १३ जिल्लाका नागरिकता प्रमाणपत्र विहिन १३६ जना व्यक्तिहरूको पहिचान गरी सम्पन्न गरेको अनुसन्धानमा ८१ प्रतिशत महिलाको स्वः पहिचानलाई स्वीकार नगरिएका कारण नागकिताबाट बञ्चित भएको पाइएको छ। जसले महिला अझैपनि दोस्रो दर्जाको नागरिकको रूपमा बाँच्न बाध्य छन् भन्ने कुराको पुष्टि समेत गर्दछ।

तथ्याङ्कमा महिलामाथि हुने हिंसाबाट प्रत्यक्ष रूपमा महिला मात्र प्रभावित भएको देखिएतापनि यसले महिलाको परिवार, उनी रहने समाज र राज्यलाई नै असर पारिरहेको हुन्छ। जसले गर्दा आधाभन्दा बढी जनसङ्ख्यालाई हिंसायुक्त वातावरणमा बाँच्न बाध्य बनाएर समाज र राष्ट्रले लिएको सुखी नेपाली र समृद्ध नेपालको परिकल्पना पूरा गर्न असम्भव प्राय छ । हिंसा अन्त्य गर्न समाजमा महिला लगायत बालिका र किशोरीलाई हेर्ने विभेदकारी दृष्टिकोण तथा सोचाइमा परिवर्तन गर्नुका साथै हिंसा अन्त्यका लागि एक-अर्काप्रतिको सम्मान आवश्यक पर्दछ। समाजले महिला, बालिका तथा किशोरीको सम्मान, इज्जत र सह-अस्तित्वलाई स्वीकार गर्नु जरूरी छ ।

अनि मात्र हिंसामुक्त समाजको परिकल्पना गर्न सकिन्छ । राज्यले हिंसामुक्त समाजका लागि जतिसुकै प्रगतिशील कानून निर्माण गरी कार्यान्वयनमा ल्याउने वातावरण सिर्जना गरेपनि, जबसम्म हाम्रो सोंच र व्यवहारमा सकारात्मक परिवर्तन आउँदैन ती कानूनी व्यवस्था पुर्णतया कागजमा मात्र सीमित रहन्छन् । महिलामाथि हुने हिंसा महिला मात्रैको सवाल र समस्या हो भन्ने सोचाइबाट माथि उठेर महिलामाथि हुने हिंसाको यो सवाललाई राष्ट्रिय र राजनीतिक सवालको रूपमा स्थापित गर्न जरूरी छ ।

## १.४ घटना सङ्कलन अवधि र क्षेत्र

यस पुस्तकमा समावेश गरिएका तथ्याङ्क श्रावण २०७९ देखि असार २०८० सम्मको समय अवधिमा सङ्कलन गरिएको हो । यस भित्र महिलामाथि भएका १ हजार ४ सय ०९ वटा हिंसाका घटना समाविष्ट छन् । पुस्तकमा तथ्याङ्कहरूको विश्लेषण सहित प्रस्तुत गरिएको छ । ओरेकले सङ्कलन गरेका १ हजार ४०९ वटा घटना नेपालका १७ वटा जिल्ला जँहा ओरेकले प्रत्यक्ष रूपमा कार्य गरेको छ त्यहाँबाट सङ्कलन गरिएको छ । यस बाहेक पनि यस प्रतिवेदनभित्र विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित घटनाहरू समेतलाई समेटिएको छ। राष्ट्रिय स्तरमा प्रकाशित पत्रपत्रिकाहरूबाट ४०१ वटा घटना सङ्कलन गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यो सर्वेक्षण मूलतः ओरेक, महिला मानव अधिकार रक्षक सञ्जाल, महिला सामुदायिक संस्था तथा सञ्जालको कार्यक्षेत्र, पहुँच र जानकारीमा आधारित रहेको छ । विभिन्न जिल्लाहरूमा समुदाय स्तरमा कार्यरत महिला मानव अधिकार रक्षकहरू तथा महिला सामुदायिक संस्थाको अभिलेखीकरण, स्थलगत अनुसन्धान, संस्थाले उपलब्ध गराएको सुरक्षित आवास, कानूनी परामर्श तथा सहयोग, स्वास्थ्योपचार लगायतका सेवाहरू मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ। थप विस्तृत तथ्याङ्कको लागि राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित घटनालाई पनि समावेश गरिएको छ । पुस्तकमा नेपालका ७ वटै प्रदेशमा भएका महिला हिंसाका घटनाहरू समेट्ने प्रयत्न गरिएको भएपनि यसले समग्र नेपालका महिलाहरूमाथि भएको हिंसाको तथ्य र प्रवृत्तिलाई समेट्न सकेको छैन । सिमित मानवीय र आर्थिक स्रोत साधनका कारण ओरेकले प्रत्यक्ष रूपमा अभियान सञ्चालन गरेका जिल्लाबाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ। किनकि यसमा समावेश गरिएका तथ्याङ्क ओरेक सक्रिय रहेका १७ जिल्लामा कार्यरत कर्मचारीको संलग्नताबाट सङ्कलन गरिएको छ । यद्यपि यस प्रतिवेदनले मुलतः नेपालमा महिलामाथि हुने हिंसाको अवस्था, स्तर, प्रभाव, स्वरूप, तथा प्रवृत्तिको एकसरो वास्तविक चित्रण भने गर्दछ ।

यहाँ प्रस्तुत तथ्याङ्कले नेपालका हरेक समुदाय र समूहका महिलामाथि हिंसा हुने तथ्य उजागर गरेको छ । साथै त्यस्ता हिंसा हुनुको कारक तत्वहरू समुदाय र समूहहरूको बसोबासको क्षेत्र, सामाजिक-सांस्कृतिक प्रचलन र मूल्य-मान्यता, लैङ्गिक सम्बन्ध, आर्थिक, शैक्षिक, राजनीतिक स्तर आदिद्वारा निर्धारित हुन्छन् भन्ने कुरासँग पनि ओरेक सहमत छ । सीमित स्रोत, साधन र प्राविधिक कारणवस ती पक्षहरूको विश्लेषण गर्न सकिनेसम्मको अवस्था सिर्जना गर्न संस्था असमर्थ छ । यद्यपि आगामी सर्वेक्षणका क्रममा यी पक्षहरू समेतलाई समेटेर लानु आवश्यक रहेको कुरामा हामी सहमत छौं । जसले गर्दा महिलामाथि हुने हिंसाका घटनाहरूको अनेक आयामहरू समेत बाहिर ल्याउन सकिनेछ भन्ने विश्वास लिइएको छ ।

## १.६ अध्ययन विधि

यो मूलतः ओरेकको स्रोत-साधन र मानव स्रोतद्वारा सम्पन्न एक सर्वेक्षण हो । सूचना सङ्कलनका लागि संस्थाको ‘लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारम’ को प्रयोग गरिएको छ ।

## १.७ सूचना सङ्कलनमा एकरूपता

घटना अभिलेखीकरणमा एकरूपताका लागि लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारमको प्रयोग गरी सूचनाहरू सङ्कलन गर्ने गरिएको छ । फारममा महिला हिंसा सम्बन्धी घटनाको जानकारी र हिंसाका असरहरूलाई संख्यात्मक र विवरणात्मक खाकाहरूमा सङ्कलन गरिएको हो । सबै महिलाहरूका लागि सोही फारमको प्रयोग गरिएको भए पनि सूचना सङ्कलनका बखत आएका थप सूचनाहरूलाई समेत आवश्यकतानुसार समावेश गरिएको छ । त्यसो भए पनि सङ्कलित सूचनाहरूको एकरूपता कायम राखिएको छ ।

## १.८ सूचना सङ्कलन

ओरेकले तयार पारेको लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारमको प्रयोगद्वारा सङ्कलित सूचनाहरू ओरेक र महिला मानव अधिकार रक्षक सञ्जालका दक्ष जनशक्तिबाट अभिलेखीकरण गरिएको छ । सङ्कलित सूचनाहरू पीडित/प्रभावित स्वयं तथा घटना बाहिर ल्याउन सहयोग गर्ने पीडित/प्रभावितको परिवारका सदस्यहरूबाट लिइएको हो । ओरेकको विभिन्न शाखाहरूले सम्बन्धित क्षेत्रको तथ्याङ्क सङ्कलन गरे पश्चात् काठमाण्डौं स्थित केन्द्रीय कार्यालयमा ती सबै तिरका तथ्याङ्कहरूलाई एकीकृत गरी विश्लेषण गरिएको छ ।

## १.९ तथ्याङ्क प्रशोधन प्रक्रिया र विश्लेषण

अभिलेख गरिएका घटनाहरूको गोपनीयता कायम राख्दै प्रत्येक घटनाहरूका कोड नम्बर राखी एसपीएसएस (SPSS) नामक सफ्टवेयरको ११.५ भर्सनमा तथ्याङ्कलाई सङ्गठित, एकीकृत र व्यवस्थित गरिन्छ। उक्त सफ्टवेयरकै आधारमा व्यवस्थित र एकीकृत घटना/तथ्याङ्कको विश्लेषण गरी यो पुस्तक तयार पारिएको छ।

## १.१० आचारसंहिताको पालना

महिला हिंसाका घटना आफैंमा ज्यादै संवेदनशील प्रकृतिका हुने गर्छन्। यस्ता घटना सार्वजनिक र सङ्कलन कार्य दुवै नै प्रभावितको हकमा निकै जोखिमयुक्त र प्रतिकूल पनि हुने गर्छ। त्यही संवेदनशीलतालाई मध्यनजर गर्दै सूचना सङ्कलनका क्रममा निम्न नैतिक जिम्मेवारीको वहन गरिएको थियो :

- घटना अभिलेख गर्नु पूर्व सूचनादाता/प्रभावित वा प्रभावितको तर्फबाट जानकारी दिने पूर्ण जानकार व्यक्तिलाई सङ्कलन गरिंदै गरेको सूचनाको गोपनीयता कायम राखिने, सूचना सङ्कलनको उद्देश्य र उपादेयताबारे जानकारी प्रदान गरिएको थियो।
- सूचनादाताको मौखिक सहमति र स्वीकृति अनिवार्य रूपमा लिइएको थियो। नाबालकको हकमा अभिभावक वा परिवारका निकटतम हकवाला वयस्क सदस्य वा नातेदारबाट अनुमति लिइएको थियो।
- प्रभावितलाई प्रतिकूल असर पार्ने वा कुनै पनि हानी नोक्सानी गर्ने गरी सङ्कलित सूचनाको प्रयोग नगरिने कुरा स्पष्टसँग बताइएको थियो। साथै प्राप्त सूचनालाई महिला हिंसाविरूद्धको पैरवीका लागि विश्लेषण गरी प्रयोग गरिने जानकारी दिइएको थियो।
- सूचना सङ्कलन र अभिलेख राख्ने क्रममा प्रभावितलाई असर पर्ने खालका कुनै पनि भाषा र व्यवहारहरूको प्रदर्शन गरिएको थिएन।
- तालिम प्राप्त अभिलेखनकर्ताहरू मार्फत सूचना सङ्कलन तथा अभिलेखीकरण गरिएको थियो। साथै प्रभावितद्वारा सूचना प्राप्त गर्नका लागि व्यक्तिगत लाभ हुने गरी कुनै पनि वस्तु वा सहयोग प्रदान गरिएको थिएन। तर, प्रभावितहरूको जोखिम तथा नाजुक मनोसामाजिक अवस्थाका आधारमा अभिलेखनकर्ताको सिफारिस बमोजिम मनोसामाजिक

परामर्श र सुरक्षित आवास सेवा भने प्रदान गरिएको थियो । त्यस्ता प्रभावितहरूसँग सुरक्षाबासमा मनोसामाजिक परामर्श सेवा प्रदान गरे पश्चात् सूचना लिइएको थियो । सूचना लिने क्रममा प्रभावितको लिखित सुसूचित सहमतिलाई ध्यान दिइएको थियो ।

- घटना अभिलेखीकरणका सम्पूर्ण प्रक्रियामा गोपनीयताको पूर्णतया पालना गरिएको थियो ।

# परिच्छेद -२

# कार्यगत परिभाषा

## २.१ कार्यगत परिभाषा

महिलामाथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् र समयानुसार हिंसाका स्वरूप थप जटिल बन्दै गएको पाइन्छ । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय नीति, नियम, कानूनहरू एवं महिला हिंसाविरुद्ध तथा मानव अधिकार सम्बन्धी घोषणापत्रहरूले औंल्याएका विभेद सम्बन्धी परिभाषाहरूलाई आधार मानेर हिंसाका स्वरूपलाई अन्वेषीमा जम्मा ७ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### क) हिंसाका प्रकार

### घरेलु हिंसा

घर भित्र परिवारका एक सदस्यबाट अन्य सदस्यमाथि भएको हिंसालाई घरेलु हिंसा भित्र समावेश गरिएको छ । श्रीमान् तथा परिवारका अन्य सदस्यहरूबाट भएको कुटपिट, बहुविवाह गरी स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गाली-गलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई गरिने मानसिक हिंसा, खान-लाउन नदिने, स्वास्थ्य सेवाबाट वञ्चित गर्ने वा स्वास्थ्य प्रति बेवास्ता गर्ने तथा वैवाहिक बलात्कारका घटनालाई समावेश गरिएको छ । साथै घरको काममा सघाउन राखिएका कामदारमाथि हुने शोषण र हिंसा पनि घरेलु हिंसा भित्र समेटिएको छ ।

### सामाजिक हिंसा

समाज वा समुदायबाट भएका हिंसाका घटनालाई सामाजिक हिंसाभित्र समावेश गरिएको छ ।

सामाजिक हिंसा भित्र विशेषगरी बोक्सीको आरोपमा महिलामाथि भएका हिंसा, छुवाछूत, कम उमेरमा हुने विवाह, जबरजस्ती विवाह, महिलामाथि समाजले लगाउने विभिन्न लाञ्छना लगायत समाजबाट सामाजिक र मानसिक असर परेका घटनाहरूलाई समावेश गरिएको छ ।

## यौन हिंसा

महिलाको इच्छा विपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अङ्गहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, अश्लील शारीरिक हाउभाउद्वारा जिस्क्याउने, सङ्केत गर्ने, अश्लील सन्देशहरू, तस्बिर वा भिडियो पठाउने, त्यस्तै चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता क्रियाकलापलाई यस प्रतिवेदनमा यौन हिंसाभित्र राखिएको छ ।

## बलात्कार

बलात्कार, सामूहिक बलात्कार र बलात्कारको प्रयासलाई बलात्कारको परिभाषा भित्र समावेश गरिएको छ। यसमा महिलालाई ललाइफकाइ वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएको छ । साथै सहमति मै भए पनि १८ वर्ष मुनिका बालिकासँग भएको यौन सम्बन्धलाई पनि बलात्कारका रूपमा परिभाषित गरिएको छ ।

## मानव बेचबिखन/ओसारपसार

दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रम लगायत) र दासतापूर्ण व्यवहार, यौनजन्य कामका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्ति र पदको दुरूपयोग गरी काममा लगाउनु, ओसारपसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नुलाई मानव बेचबिखन/ओसारपसारमा समावेश गरिएको छ। साथै आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामका निम्ति सहयोग प्राप्त गर्नु पनि बेचबिखन हो । बेचबिखन/ओसारपसार तथा बेचबिखन/ओसारपसारको प्रयास भएका घटनालाई यसमा समावेश गरिएको छ ।

## हत्या

हत्या भित्र महिलालाई मनसायपूर्वक विभिन्न तबरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ ।

### आत्महत्या

महिलामाथि हुने विभेद तथा उनीहरूमाथि भएको चरम हिंसाका कारण महिलाहरू मानसिक रूपमा विक्षिप्त भई आफ्नै ज्यान लिन बाध्य हुने वा बनाइने अवस्था हामीकहाँ छ । हिंसाका कारण पीडित वा पीडितका परिवारले आत्महत्या गरेका र आत्महत्या गर्न प्रयास गरेका घटनाहरूलाई पनि यसमा समावेश गरिएको छ ।

### अन्य

अपहरण/बेपत्ता, अनलाइनमा भएका लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरूलाई यसमा राखिएको छ ।

## ख) प्रभावित/पीडकको स्थिति

यस अन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, कानूनी एवं सामाजिक रीति रिबाज अनुसार विवाह नगरेका तर विवाहित जोडी सरह सँगै बसेका र सम्बन्ध विच्छेदलाई समेटिएको छ ।

## ग) प्रभावित/पीडकका समूह

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छः

**पहाडे जनजाति :** गुरुङ, मगर, राई, लिम्बु, किराँत, थामी, छन्त्याल, तामाङ, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, चेपाङ, राउटे, कुसुण्डा, दनुवार आदि ।

**तराई जनजाति :** थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कुसवधिया र कुचवधिया, मेचे आदि ।

**तराई दलित :** चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमीदार, डोम, हल्खोर, कलर, खातिक, कोइरी आदि ।

**पहाडे दलित :** दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

**तराई गैरदलित :** यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

### घ) प्रभावित/पीडकको पेसा

- सरकारी सेवा
- गैरसरकारी सेवा
- कृषि तथा पशुपालन
- घरायसी काम
- निजी क्षेत्र
- दैनिक ज्यालादारी
- व्यापार व्यवसाय
- विद्यार्थी
- रोजगारको खोजीमा रहेका
- वैदेशिक रोजगार

### ङ) प्रभावितलाई परेका असरहरु

- शारीरिक असर
- मानसिक असर
- आर्थिक असर
- सामाजिक असर
- सबै असर

### च) प्रभावित/पीडकको उमेर

- १८ वर्षभन्दा कम
- १८ देखि २५ वर्षसम्म
- २६ देखि ३५ वर्षसम्म
- ३६ देखि ४५ वर्षसम्म
- ४६ देखि ५५ वर्षसम्म
- ५६ वर्षभन्दा माथि

## २.२ कार्यकारी साराशंः अध्ययनबाट प्राप्त नतिजाको सङ्क्षेपिकरण

### २.२.१ महिलामाथि भएको हिंसाको स्थिति

ओरेक नेपालको तथ्याङ्क अनुसार मुलुकका सातवटै प्रदेशबाट महिला हिंसाका घटना अभिलेख भएका छन्। यो वर्ष सन् २०२२ जुलाईदेखि २०२३ जुनसम्म अर्थात आर्थिक वर्ष २०७९/०८० को समयावधिमा ओरेक नेपालले ७ वटै प्रदेशमा जम्मा १४०९ महिलामाथि भएका हिंसाका घटनाको अभिलेखीकरण गरेको छ। यस वर्ष सङ्कलित तथ्याङ्क अनुसार अघिल्लो वर्ष जस्तै, प्रदेश नं. १ बाट सबैभन्दा धेरै हिंसाका घटना अभिलेखीकरण भएका छन्। प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा प्रदेश नं. १ मा ३५ प्रतिशत (४९६ जना), प्रदेश नं. २ मा ३३ प्रतिशत (४५९ जना), बागमती प्रदेशमा २ प्रतिशत (३१ जना), लुम्बिनी प्रदेशमा १३ प्रतिशत (१८० जना), गण्डकी प्रदेशबाट जम्मा ०.१४ प्रतिशत (२ जना), कर्णाली प्रदेशमा ९ प्रतिशत (१२१ जना), सुदूरपश्चिम प्रदेशमा ८ प्रतिशत (११७ जना) महिलामाथि हिंसा भएको पाइएको छ। यस बाहेक पनि अन्य ठाँउ (भारतको विभिन्न स्थान) बाट जम्मा ३ जना अर्थात ०.२१ प्रतिशत महिलामाथि भएका विभिन्न प्रकारका हिंसाका घटना ओरेक नेपालमा अभिलेख गरिएको छ।

समग्रमा हेर्दा आर्थिक वर्ष २०७९/०८० मा महिला हिंसाका प्रकार यस प्रकार रहेकोछ।

#### २.२.१.१ प्रदेश अनुसार महिला हिंसाको स्वरूपः

| प्रदेश अनुसार महिला हिंसाको स्वरूप | प्रतिशत | संख्या |
|---|---|---|
| कोशी प्रदेश | ३५% | ४९६ |
| मधेश प्रदेश | ३३ % | ४५९ |
| बागमती प्रदेश | २ % | ३१ |
| गण्डकी प्रदेश | ०.१४ % | २ |
| लुम्बिनी प्रदेश | १३ % | १८० |
| कर्णाली प्रदेश | ९% | १२१ |
| सुदूरपश्चिम प्रदेश | ८ % | ११७ |
| अन्य (भारतका विभिन्न क्षेत्र) | ०.२१ % | ३ |
| **जम्मा** | **१००** | **१४०९** |

### २.२.१.२ महिला हिंसाका प्रकार अनुसार भएका घटनाको विवरण

| महिला हिंसाको प्रकार | प्रतिशत | संख्या |
|---|---|---|
| घरेलु हिंसा | ६५% | ९१६ |
| सामाजिक हिंसा | १२ % | १७५ |
| बलात्कार | ९% | १३३ |
| सामूहिक बलात्कार | १ % | ११ |
| बलात्कार प्रयास | २ % | २७ |
| वैवाहिक बलात्कार | १ % | १६ |
| यौन दुर्व्यवहार | ४ % | ५२ |
| हत्या | ०.४२ % | ६ |
| हत्याको प्रयास | १ % | ९ |
| मानव वेचविखन | ०.३५ % | ५ |
| मानव वेचविखनको प्रयास | ०.१४ % | २ |
| आत्महत्या | १.०६ % | १५ |
| साइवर अपराधका घटना | १.२८ % | १८ |
| अन्य | २ % | २४ |
| **जम्मा** | **१०० %** | **१४०९** |

### २.२.१.३ उमेर अनुसार महिला हिंसाको विवरण

| हिंसा प्रभावितको उमेर | प्रतिशत | संख्या |
|---|---|---|
| १८ वर्ष मुनि | ११% | १५९ |
| १८ देखि २५ वर्ष | २९% | ४१० |
| २६ देखि ३५ वर्ष | ३३% | ४६२ |
| ३६ देखि ४५ वर्ष | १७% | २४१ |
| ४६ देखि ५५ वर्ष | ६ % | ८५ |
| ५६ वर्ष भन्दा माथि | ३ % | ४९ |
| उमेर समूह थाहा नभएका | ०.२१ % | ३ |
| **जम्मा** | **१००%** | **१४०९** |

## २.२.१.४ प्रभावितको आरोपितसँगको सम्बन्धको विवरण

| प्रभावितको आरोपितसँगको सम्बन्ध | प्रतिशत | संख्या |
|---|---|---|
| श्रीमान् | ५५% | ७७० |
| परिवारका सदस्य | १४% | १९६ |
| छिमेकी | १०% | १३६ |
| प्रेमी | ५% | ६६ |
| अविवाहित तर सँगै बसेको | १% | २० |
| सेवा प्रदायक | १% | १६ |
| मुख्य स्याहारदाता | ०.९२% | १३ |
| शिक्षक | ०.१४% | २ |
| साथी | ३% | ४१ |
| अपरिचित व्यक्ति | १% | १७ |
| समुदाय सदस्य | ५% | ७३ |
| अन्य | ४% | ५९ |
| **जम्मा** | **१००%** | **१४०९** |

## २.२.१.५ आरोपितको उमेरगत विवरण

| आरोपित र उमेर | प्रतिशत | संख्या |
|---|---|---|
| १८ भन्दा कम | १ % | १७ |
| १८ देखि २५ वर्ष | १६ % | २२९ |
| २६ देखि ३५ वर्ष | ३३ % | ४६६ |
| ३६ देखि ४५ वर्ष | २७ % | ३७६ |
| ४६ देखि ५५ | १२ % | १७० |
| ५५ वर्ष भन्दा माथि | ५ % | ६६ |
| उमेर समूह थाहा नभएका | ६ % | ८५ |
| **जम्मा** | **१००%** | **१४०९** |

### २.२.१.६ प्रभावितको जातीयगत विवरण

| प्रभावितको जातियता | प्रतिशत | संख्या |
|---|---|---|
| ब्राह्मण/क्षेत्री पहाडे | १५% | २१२ |
| ब्राह्मण/क्षेत्री तराई | ४ % | ५१ |
| पहाडे दलित | १२ % | १७५ |
| तराई दलित | १२ % | १७० |
| तराई/मधेसी अन्य जाति | ११ % | १५३ |
| तराई आदिवासी जनजाति | १६ % | २३१ |
| पहाडे आदिवासी जनजाति | २४ % | ३३६ |
| मुस्लिम | ५ % | ७० |
| अन्य | १ % | ११ |
| **जम्मा** | **१०० %** | **१४०९** |

### २.२.१.७ प्रभावित र शैक्षिक अवस्थाको विवरण

| घरलु हिंसा र शैक्षिक अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| साक्षर | ८१ % | ११४२ |
| निरक्षर | १९ % | २६७ |
| जम्मा | १०० % | १४०९ |

### २.२.१.८ प्रभावित र साक्षरता अवस्थाको विवरण

| साक्षरताको अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| आधारभूत शिक्षा | ५३% | ६१० |
| माध्यमिक शिक्षा | ३३% | ३७६ |
| स्नातक तह | ७% | ७५ |
| स्नातकोत्तर तह | १२% | १४ |
| प्रौढ शिक्षा | ५२% | ५९ |
| प्राविधिक शिक्षा | १% | ८ |
| **जम्मा** | **१००%** | **११४२** |

नोटः जम्मा १४०९ प्रभावित मध्ये ११४२ साक्षर र बाँकि २६७ निरक्षर रहेको ।

## २.२.१.९ प्रभावितको पेसागत अवस्थाको विवरण

| पेसागत अवस्था | पेसागत अवस्था | संख्या |
|---|---|---|
| कृषि तथा पशुपालन | १७% | २३८ |
| घरायसी काम | ४२% | ५८६ |
| दैनिक ज्यालामजदुरी | १४% | १९७ |
| सरकारी सेवा | १% | २० |
| गैरसरकारी सेवा | २% | २३ |
| विद्यार्थी | १७% | २३६ |
| व्यवसाय | ५% | ७७ |
| निजी क्षेत्र | २% | २२ |
| जागिर खोज्दै गरेको | १% | १० |
| **जम्मा** | **१००%** | **१४०९** |

## २.२.१.१० प्रभावितको वैवाहिक अवस्थाको विवरण

| वैवाहिक अवस्था | प्रतिशत | संख्या |
|---|---|---|
| अविवाहित | १८% | २५२ |
| विवाहित | ७५% | १०६२ |
| विवाहित तर सँगै नबसेको | २% | ३१ |
| एकल महिला/विधवा | ०.४९% | ७ |
| अविवाहित तर सँगै बसेको | ०.४९% | ७ |
| पारपाचुके गरेका | ३.५५% | ५० |
| **जम्मा** | **१००%** | **१४०९** |

# परिच्छेद–३

# हिंसा प्रभावित महिलाको न्यायमा पहुँच

## ३.१ पृष्ठभूमि

कुनैपनि व्यक्तिले आफ्नो गुमेको हक, अधिकारको न्यायिक उपचार पाउनका लागि सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायहरूमा आफ्नो गुनासो एवं समस्याहरूको सुनुवाइका लागि पहल गर्न सक्षम हुनु नै न्यायमा पहुँच हुनु हो । 'न्यायमा पहुँच आफैंमा अधिकारको रूपमा अन्तर्राष्ट्रिय मानवअधिकार कानून अन्तर्गत संरक्षित रहेको छ । यसको अभावमा अन्य अधिकारहरू निरर्थक हुन जान्छन् । त्यसैले न्यायमा पहुँचको अधिकारलाई अधिकारहरूको पनि अधिकारको रूपमा लिन सकिन्छ ।'[4] सहज रूपमा न्यायमा पहुँच प्राप्त गर्न प्रत्येक व्यक्ति आफ्नो हक, अधिकारहरूको बारेमा जानकार एवं सुसूचित हुनु अत्यन्त आवश्यक छ । कानूनी सिद्धान्त अनुसार कानूनको अनभिज्ञता अक्षम्य हुन्छ । त्यसकारण हरेक व्यक्तिलाई कस्तो प्रकृतिको हक, अधिकार हनन हुँदा कुन निकायबाट न्यायिक उपचार खोज्ने भन्ने कुराको स्पष्ट जानकारी हुन जरूरी हुन्छ । यसका साथै स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाहरूबाट न्यायिक निरूपण हुनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यदि कुनैपनि नागरिकले सहज रूपमा न्यायमा पहुँच प्राप्त गर्न सकेको छैन भने कानून प्रदत्त हक, अधिकारहरू हनन् वा उल्लंघन भएको खण्डमा ती हक, अधिकारहरू प्रचलनमा ल्याउन असहज परिस्थिति सिर्जना हुन्छ । अतः हरेक नागरिकले कुनै जात, जाति, संस्कृति, धर्म, लिङ्ग, वर्ण, उत्पत्ति, भाषा र वैचारिक आस्था आदिका आधारमा कुनै विभेद विना सहज रूपमा आफ्नो गुमेको वा हनन् भएको हक, अधिकारको कानूनी उपचार खोज्नका लागि सहजै सम्बन्धित न्यायिक निकाय समक्ष पुग्न सक्नु न्यायमा पहुँचको महत्वपूर्ण आधार हो ।

नेपालमा एउटा सर्वोच्च अदालत, १० वटा उच्च अदालत र ७७ वटा जिल्ला अदालत गरी तीन तहका अदालत र अन्य न्यायिक तथा अर्ध–न्यायिक निकायबाट न्याय सम्पादन हुने व्यवस्था रहेको

4 https://www.njanepal.org.np/public/reports/21021154648-Access%20to%20Justice%20of%20Victim%20Women%20of%20Violience.pdf

छ । स्थानीय स्तरका विवाद समाधानका लागि ७५३ वटा स्थानीय तहमा न्यायिक समितिको व्यवस्था समेत गरिएको छ । त्यस्तै नेपालको संविधान २०७२ को धारा २० मा न्याय सम्बन्धी हकलाई पनि मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ ।

## ३.२ न्यायमा पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू

अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत अधिकार वा स्वतन्त्रताको उल्लङ्घनबाट पीडित व्यक्तिको प्रभावकारी कानूनी उपचार पाउने हक सुनिश्चित छ। यस्तो उपचार स्वतन्त्र एवं सक्षम न्यायिक निकायले निर्धारण गरेको हुनु पर्दछ । यो अधिकार प्रमुख रूपमा **मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को धारा ८** मा उल्लेख भएको संविधान वा कानून प्रदत्त मौलिक हक हनन् भएमा सक्षम राष्ट्रिय न्यायिक निकायबाट प्रभावकारी उपचार पाउने अधिकार हुनेछ, **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा २ मा व्यवस्था भएको** पक्ष राष्ट्रहरूले आफ्ना नागरिकका अधिकार तथा स्वतन्त्रताहरू उल्लंघन भएमा प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्नु पर्नेछ, त्यस्तो उपचार दावी गर्ने कुनै पनि व्यक्तिको अधिकार सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापकीय अधिकारीहरू वा सो राष्ट्रको कानून प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारण गरी पाउने कुरा सुनिश्चित गर्ने र न्यायिक उपचारका संभावनाहरूको विकास गर्नु पर्नेछ, उपचार प्रदान गरिएमा सक्षम अधिकारीहरूले त्यस्ता उपचार लागू गर्ने कुरा सुनिश्चित गर्नुपर्नेछ, **महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ को धारा २ मा व्यवस्था भएको** पुरूष सरह समान आधारमा महिलाका अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरू मार्फत भेदभावको कुनै पनि कार्य विरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्नु पर्नेछ ।

त्यसैगरी धारा १५ मा पक्ष राष्ट्रहरूले महिलाहरूलाई देवानी विषयहरूमा पुरुष सरहको कानूनी क्षमता प्रदान गरी सो क्षमताको उपयोग गर्न समान अवसर प्रदान गर्ने छन् । महिलाहरूलाई करार गर्न र सम्पत्तिको सञ्चालन गर्न पाउने समान अधिकार प्रदान गर्नुका साथै अदालत तथा न्यायाधिकरणका कार्यविधिका सबै तहमा महिलालाई समान रूपले व्यवहार गर्ने व्यवस्था गरिएको छ ।

यसैगरी **सबै प्रकारका जातीय भेदभावको उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५** मा व्यवस्था भएको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि १९८४, बालअधिकार सम्बन्धी महासन्धि १९९०, महिला विरुद्धका सबै प्रकारका

भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको समितिको सिफारिस १९ र २८, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (UNCRPD), २००६ मा व्यवस्था भएका अन्तराष्ट्रिय प्रावधानहरु रहेका छन् ।

## ३.३ न्यायमा पहुँच सम्बन्धी राष्ट्रिय प्रावधानहरु

- नेपाल सरकारले लैङ्गिक सशक्तिकरण तथा लैङ्गिक हिंसा अन्त्य गर्नका लागि व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा संवैधानिक व्यवस्थाहरूलाई कार्यान्वयनमा ल्याउन विभिन्न कानूनहरूमा परिमार्जन तथा नयाँ कानूनहरू निर्माण गरेको छ । जस अन्तर्गत-
- **नेपालको संविधान अन्तर्गत,**
    - भाग ११ मा न्यायपालिका सम्बन्धी व्यवस्था गरी धारा १२६ मा न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने व्यवस्था गरिएको छ ।
    - धारा २० मा न्याय सम्बन्धी हक
    - धारा ३८ मा महिलाको हक
    - धारा ३९ मा बालबालिकाको हक
    - धारा २१७ मा न्यायिक समिति सम्बन्धी व्यवस्था समेत गरिएको छ ।
- **मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत**,
    - दफा १० मा कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारवाहीको स्वच्छ सुनुवाईबाट वञ्चित हुने छैन ।
    - दफा ३२ मा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुर्नस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४
    - दफा १०९ मा बुझ्नुपर्ने साक्षी शारीरिक रूपमा अशक्त वा बालबालिका भएमा वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत त्यस्तो साक्षी बुझ्न सकिनेछ ।
    - दफा १२९ को प्रतिबन्धात्मक वाक्यांशमा जासुसी, मानव बेचविखन तथा ओसारपसार, यौनजन्य कसुर, बालबालिका अभियुक्त वा पीडित भएको मुद्दा,

महिलाविरूद्धको हिंसा, जबरजस्ती करणी, हाडनाता करणी, पति पत्नीबीच चलेको मुद्दा, अदालतले बन्द इजलासमा सुनुवाइ गर्न उचित देखी आदेश गरेका अन्य मुद्दा बन्द इजलासमा सुनुवाई गर्न सकिने व्यवस्था गरेको छ ।

  - दफा १५९ मा अदालतको फैसला बमोजिम ठेकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी पाउन त्यसलाई मुल्तबी राख्न, परिवर्तन गर्न वा कम गर्न गृह मन्त्रालय मार्फत् राष्ट्रपति समक्ष निवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को दफा ४१ मा कुनै कसुरको परिणम स्वरुप पीडितको जीउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति बापत अदालतले कसुरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।
- कानूनी सहायता ऐन २०५४
  - दफा ३ मा असमर्थ व्यक्तिले कानूनी उपचार प्राप्त गर्न सकिने व्यवस्था गरेको छ । त्यस्तै सोही ऐनको दफा २(क १) मा असमर्थ व्यक्ति भन्नाले तोकिएको वार्षिक आय भन्दा कम आय भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति सम्झनुपर्छ भनी परिभाषित गरिएको छ ।
  - दफा ६ मा असमर्थ व्यक्तिलाई आवश्यक कानूनी सहायता उपलब्ध गराउन केन्द्रिय कानूनी सहायता समिति गठन गर्ने व्यवस्था गरिएको छ ।
  - दफा ७ ले जिल्ला स्तरमा असमर्थ व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउन जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था गरिएको छ ।
  - दफा ८ मा कानूनी सहायता कोषको व्यवस्था गरिएको छ ।
  - कानूनी सहायता नियमावली २०५५ को नियम ६ मा वार्षिक ४० हजार रुपैयाँ भन्दा कम आय हुने व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
- फौजदारी कसुर (पीडित राहत कोष) नियमावली २०७७ को नियम ३ मा कसुरबाट पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष खडा गरिएको छ । यसै गरी नेपालको कानूनले तपसिलको कानूनी व्यवस्था समेत गरेको छ जसमा
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी देवानी कार्यविधि संहिता २०७४

- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३,
- राष्ट्रिय महिला आयोग ऐन, २०६३,
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५,
- सर्वोच्च अदालत नियमावली २०७४
- न्याय प्रशासन ऐन २०७३
- उच्च अदालत नियमावली २०७३
- जिल्ला अदालत नियमावली २०७५
- घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६,
- घरेलु हिंसा (कसूर तथा सजाय) नियमावली, २०६७
- वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अपराध पीडित संरक्षण ऐन २०७५
- अपराध पीडित संरक्षण नियमावली २०७७
- फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१,
- बोक्सी आरोपविरूद्धको (कसुर र सजाय) ऐन, २०७२,
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०,
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७,
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१,
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२,
- मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसार पसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८
- मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसार पसार विरुद्धको राष्ट्रिय कार्यान्वयन योजना, २०७१,
- छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४,
- पुर्नस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८,

- पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८,
- मानव बेचबिखनविरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक, मनोविमर्श निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४ पर्दछन् ।

## ३.४ न्यायमा पहुँच सम्बन्धमा राष्ट्रिय स्तरबाट भएका प्रयासहरू

सबै व्यक्तिको न्यायमा सहज पहुँच होस् भन्ने उद्देश्यले नेपाल सरकारले राष्ट्रिय स्तरमा निम्न प्रयासहरू गरेको छ ।

- नेपालको स्थानीय तहमा रहेका जम्मा ७५३ वटा पालिकामध्ये ७०० वटा पालिकाको न्यायिक समितिको संयोजक पदमा महिला रहेका छन् जसले स्थानीय तहमा महिलाको न्यायमा पहुँच अभिवृद्धि गरेको छ ।
- वि.स. २०७२ साउन १० मा सर्वसाधारण जनताको न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्देश्य राखी सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोग समेत गठन गरिएको छ । उक्त आयोगको वार्षिक कार्ययोजना आर्थिक वर्ष २०८०/८१ मा ५ वटा रणनीतिक उद्देश्य तय गरिएको छ, जुन निम्नानुसार रहेका छनः-
    - न्यायमा पहुँचका अवरोधहरूको सम्बोधन गर्ने,
    - अदालतबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने,
    - कानूनी सहायतालाई प्रभावकारी बनाउने,
    - न्यायिक प्रक्रिया र प्रणालीबारे सूचना प्रवाह गर्नु,
    - पीडित मैत्री न्याय प्रणालीको सुदृढीकरण गर्नु,
- यसैगरी न्यायपालिकाको चौंथो पञ्चवर्षीय रणनीतिक योजनामा (२०७६।७७-२०८०।८१) निम्नानुसारका ५ वटा लक्ष्य निर्धारण गरिएको छ ।
    - छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन
    - न्यायमा पहुँच अभिवृद्धि
    - न्यायिक सुशासनको प्रवर्द्धन
    - अदालत व्यवस्थापनको सुदृढीकरण
    - न्यायपालिका प्रतिको आस्था र विश्वास अभिवृद्धि


- मिति २०८० असोज २२ (अक्टोबर ९, २०२३) गते काठमाण्डौ जिल्ला अदालतबाट पारिवारिक विवाद निरूपण गर्नका लागि पारिवारिक इजलास गठन गरी सञ्चालनमा ल्याईएको छ ।
- त्यस्तै सर्वसाधारणको सुविधाका लागि सूचना प्रविधिको प्रयोग (अनलाइन) बाट तारेख लिने सम्बन्धी निर्देशिका २०७४ जारी गरी अनलाइन तारेख लिन सकिने व्यवस्था पनि गरिएको छ ।
- सर्वोच्च अदालतले पेसी व्यस्थापनका लागि अगस्ट २८, २०२३ देखि स्वचालित पेसी व्यवस्थापन सुरु गरिएको छ ।
- अदालतको कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका २०७२ को निर्देशन नं. ८ मा दोभाषेको सेवा उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ ।
- एकीकृत कानूनी सहायता नीति २०७६ मा आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षका लागि देवानी तथा फौजदारी विषयमा सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा एकीकृत रुपमा गुणस्तरीय निशुल्क कानूनी सहायता उपलब्ध गराई न्यायमा पहुँच अभिवृद्धि गर्ने लक्ष्य राखेको छ ।
- वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्त सम्बन्धी निर्देशिका २०७६ को निर्देशन नं. ४ मा सर्वोच्च अदालतमा रहने दुई जना वैतनिक कानून व्यवसायी मध्ये उपलब्ध भएसम्म एकजना महिला कानून व्यवसायीलाई नियुक्त गरिने र एक जना वैतनिक कानून व्यवसायी नियुक्त हुने उच्च अदालत तथा जिल्ला अदालतमा उपलब्ध भएसम्म एक अवधिमा महिला र अर्को अवधिमा पुरुष कानून व्यवसायीलाई नियुक्ति गरिने व्यवस्था गरिएको छ ।

## ३.५ महिला हिंसा र न्यायमा पहुँच


हिंसा प्रभावित महिलाको न्यायमा सहज र प्रभावकारी पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न ऐन तथा नियम तर्जुमा भएका छन् । तर व्यवहारिक रुपमा हिंसा प्रभावित महिलाहरूले प्रभावकारी रूपमा कानूनी उपचार पाउन र सहज रूपमा न्यायमा पहुँच प्राप्त गर्न सकेका छैनन् । मुलुकी देवानी संहिता २०७४ को दफा ५ मा कानूनको अज्ञानता क्षम्य हुने छैन, कानून सबैले जानेको अनुमान गरिने छ  भनिएको छ । यस अर्थमा राज्यका प्रत्येक व्यक्तिलाई कानूनका बारेमा जानकारी हुन अनिवार्य छ । महिलाहरूले हिंसा, अन्याय वा गैरकानूनी क्रियाकलाप भनेको के हो ? आफूमाथि वा आफ्नो वरिपरि भइरहेका गैरकानूनी काम कारबाही विरुद्ध कुन निकायमा गएर कस्तो खालको कानूनी उपचारको प्रक्रियामा जाने ? र न्यायिक वा अर्धन्यायिक निकायबाट विवादको समाधान

भए पश्चात् कार्यान्वयन के-कसरी गराउने ? प्रभावितले क्षतिपूर्ति प्राप्त गर्ने वा नगर्ने ? प्राप्त गर्ने भए के, कसरी, कति, कहाँबाट प्राप्त गर्ने हो ? सो सम्बन्धी उचित जानकारी राखून् भन्ने उद्देश्यले आरेकले विभिन्न जिल्लामा कानूनी साक्षारता/सचेतनाका कार्यक्रम, घरदैलो कार्यक्रम, स्थानीय स्तरका निकायहरूसँग सहयोग/समन्वय गरी कानून सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै/गराउँदै आईरहेको छ । यसका साथै विभिन्न कारण कानूनी उपचार खोज्ने वातावरण सिर्जना नभएका हिंसा प्रभावित महिला, बालबालिका तथा किशोरीहरूलाई निशुल्क रूपमा कानूनी सल्लाह, परामर्श तथा विभिन्न न्यायिक तथा अर्ध-न्यायिक निकायहरूमा निजहरूका तर्फबाट प्रतिनिधित्व समेत गर्दै आइरहेको छ। त्यस्तै न्यायिक निरुपणको क्रममा कुनै प्रभावितलाई परिवार वा अन्य कुनै व्यक्तिबाट हुने सम्भावित खतराबाट टाढा राख्न सुरक्षावासको पनि व्यवस्था गर्दै आइरहेको छ। यसका साथसाथै ती प्रभावितहरूलाई विभिन्न किसिमका सीपमूलक तालिम सञ्चालन गरी निजहरूलाई समाजमा पुनर्स्थापना गर्ने कार्य समेत गर्दै आई रहेको छ। यसका अतिरिक्त हिंसा प्रभावित महिला, बालबालिका तथा किशोरीहरूको हक, हित संरक्षणका लागि वर्तमान कानूनमा रहेका अन्तर (GAP) तथा न्यायिक प्रक्रियाको क्रममा देखा परेका समस्या तथा चुनौतीहरूको विषयमा पैरवी गरी कानून तथा नीति नियम संशोधन तथा आवश्यक कानून तर्जुमा गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण तथा ज्ञापनपत्र समेत बुझाउँदै न्यायमा पहुँच अभिवृद्धि गर्न उल्लेखनीय भूमिका निभाउँदै आएको छ । ओरेकले हाल काठमाडौं, मोरङ, सुनसरी उदयपुर, सर्लाही, सिराहा, महोत्तरी, धनुषा, दाङ, रुकुम, रुपन्देही, कपिलवस्तु, कैलाली, कञ्चनपुर, डोटी र बाजुरा लगायतका जिल्लाहरुमा आफ्नो कार्यक्षेत्र विस्तार गरी हिंसा प्रभावित महिला, बालबालिका, किशोरीहरूलाई कानूनी परामर्श, कानूनी सहायता प्रदान गरी न्यायिक उपचारमा सहजीकरण र न्यायमा पहुँच पुऱ्याउन सहयोग गर्ने काम गर्दै आईरहेको छ। लैंगिक हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँचको वस्तुगत अवस्थाको आँकलनका लागि आरेकले आफू कार्यरत जिल्लाहरूमा जुलाई २०२२ देखि जुन २०२३ सम्म प्रदान गरेको कानूनी सहायता तथा परामर्शको तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.५.१ मुद्धाको प्रकार र कानूनी परामर्श




***चार्ट नं. १ :** प्रदेश अनुसार प्रभावितलाई कानूनी परामर्श*




***चार्ट नं. २ :** प्रदेश अनुसार प्रभावितको संख्या*




ओरेकले आफ्नो कार्यक्षेत्र भएका जिल्लामा निःशुल्क रूपमा कानूनी सहायता एवं परामर्श उपलब्ध गराउँदै आएको छ । जस अन्तर्गत संस्थाले विभिन्न १३ जिल्लामा जम्मा ११२६ जना हिंसा प्रभावित महिलाहरू मध्ये ५३९ जना हिंसा प्रभावितलाई कानूनी परामर्श मात्र प्रदान गरेको छ

भने बाँकी प्रभावितहरूको हकमा विभिन तहका न्यायिक तथा अर्धन्यायिक निकायहरूमा जम्मा १०७३ वटा उजुरी दर्ता गरी कानूनी सहायता प्रदान गर्न सहयोग गरेको छ । जसमध्ये ओरेकको महोत्तरी कार्यालयबाट सबै भन्दा धेरै मुद्दा र कैलाली जिल्लाबाट सबभन्दा कम मुद्दामा कानूनी सहयोग प्रदान गरेको देखिन्छ । उल्लेखित समयावधिमा ओरेकले विभिन्न जिल्लाका न्यायिक तथा अर्धन्यायिक निकायमा ७२५ वटा नयाँ र ३४८ वटा पुरानो मुद्दा गरी जम्मा १०७३ वटा मुद्दामा प्रभावितको तर्फबाट प्रतिनिधित्व गरिरहेको छ ।


त्यसैगरी जम्मा ११२६ प्रभावितको संख्यामा ५६ प्रतिशत (६२६ जना) मधेश प्रदेश, २० प्रतिशत (२२५ जना) कोशी प्रदेश, नौ प्रतिशत (१०५ जना) वागमती प्रदेश सात प्रतिशत (७४ जना), छ प्रतिशत (७१ जना) कर्णाली प्रदेश र दुई प्रतिशत (२५ जना) सुदूरपश्चिम प्रदेशमा रहेको पाइएको छ ।

### ३.५.२ न्यायिक संस्थाहरू र अदालतसम्मको पहुँचको अवस्था

ओरेकले विभिन्न जिल्लामा रहेको आफ्नो कार्यक्षेत्र भएका जिल्ला मार्फत प्रतिनिधित्व गरिरहेका मुद्दाहरू मध्ये सर्वोच्च अदालतमा २ वटा, उच्च अदालतमा ३५ वटा, जिल्ला अदालतमा ४७५ वटा र विभिन्न अर्धन्यायिक निकायमा ५९९ वटा मुद्दा रहेका छन् ।




***चार्ट नं. ३ :** मुद्दाको प्रकृति*




***चार्ट नं. ४ :*** *न्यायिक संस्थाहरू र अदालतसम्मको पहुँचको अवस्था*

ओरेकले विभिन्न जिल्लामा रहेको कार्यक्षेत्र मार्फत देवानी, फौजदारी र रिट निवेदन गरी ५२ प्रकारका मुद्दामा प्रतिनिधित्व गरिरहेको छ। जसमध्ये फौजदारी मुद्दा अर्न्तगत बाल यौन दुर्व्यवहार, जबरजस्ती करणी, वैवाहिक जबरजस्ती करणी, सामूहिक जबरजस्ती करणी, कर्तव्य ज्यान, दोहोरो नागरिकता, वहुविवाह, गाली बेईज्जती, घरेलु हिंसा, जालसाजी, कुटपिट, यौन दुर्व्यवहार, जबरजस्ती करणी उद्योग आत्महत्या दुरुत्साहन रहेका छन्। यसैगरि बोक्सी आरोप, मानव बेचविखन, दाईजो, साइबर अपराध, लागुऔषध, बालविवाह, सामाजिक हिंसा, ज्यान मार्ने उद्योग, अभद्र व्यवहार, अपहरण तथा शरीर बन्धक, आत्महत्या, ठगी, किर्ते जालसाजी, अंगभंग, जातीय विभेद, हाडनाता करणीलगायतका जम्मा ७२२ वटा मुद्दामा ओरेकले न्यायका लागि सहजीकरण गरिरहेको छ। साथै अंश बुझेको लिखत बदर, माना चामल, अंश, सम्बन्ध विच्छेद, बकसपत्र बदर, जग्गा खिचलो, मिलापत्र बदर, अपुताली, अंश दपोट, नाता कायम, घर खाली गराई पाऊँ, लेनदेनलगायतका देवानी प्रकृतिका २४३ वटा मुद्दा रहेका छन् । त्यस्तै बन्दी प्रत्यक्षीकरण, परमादेश र निषेधाज्ञा लगायतका जम्मा १० वटा रिट निवेदन र ३ वटा अन्य प्रकृतिका मुद्दापनि रहेका छन् ।.

### ३.५.३ न्यायिक निर्णय कार्यान्वयनको सुनिश्चितता

ओरेकले प्रतिनिधित्व गर्दै आईरहेका मुद्दामध्ये १०६ वटा मुद्दामा वादी दावी पुग्ने फैसला भई सफलता प्राप्त भएको छ भने ३१ वटा मुद्दा आंशिक सफल र १७ वटा मुद्दामा वादी दावी नपुगी असफल भएको छ। त्यस्तैगरी ९३ वटा मुद्दामा मिलापत्र भई मुद्दाको निरूपण भएको देखिन्छ भने

फैसला भएका मुद्दाहरूमध्ये १८८ वटा मुद्दा कार्यान्वयन भएको देखिन्छ । त्यस्तै ८८ वटा मुद्दा कार्यान्वयनको प्रक्रियामा रहेको, ६ वटा मुद्दा फिर्ता भएको, ३ वटा मुद्दा डिसमिस फैसला भएको र १०३ वटा मुद्दाका प्रभावितहरू विभिन्न कारणले गर्दा सम्पर्कमा आउन नसकेको अवस्था छ ।

## निष्कर्ष :

प्रभावितको न्यायका लागि थुप्रै कानून नियम र संरचना भएपनि विद्यमान सामाजिक संरचना, न्यून आर्थिक अवस्था, राजनीतिक तथा पारिवारिक दबाब, न्यायिक तथा अर्धन्यायिक निकायहरूमा कार्यविधिको यथोचित ज्ञानको कमी, न्यायिक प्रक्रिया मितव्ययी एवं छिटो छरितो नभएका कारण हिंसा प्रभावित महिलाले न्यायको अनुभूति गर्न सकेका छैनन् । यद्यपि न्यायिक तथा अर्धन्यायिक निकायहरूले संख्याका हिसावले न्याय सम्पादनका कार्य गर्ने गरेको दखाएता पनि वास्तविक रूपमा यथार्थ निकै टाढा देखिन्छ । कानूनी व्यवस्था र यसले दिएका सुविधाहरूको दुरुपयोग गरी अनावश्यक रूपमा मुद्दा लम्ब्याउने बद्नियतका साथ अनावश्यक रूपमा पेसी स्थगित गराउने (सिरहा जिल्ला अदालतबाट मिति २०७९।०८।२५ गते भएको जबरजस्ती करणी मुद्दामा प्रतिवादीको पक्षबाट १३ पटक पेसी स्थगित गरिएको ) प्रवृत्ति हावी छ । भनिन्छ, ढिलो न्याय दिनु न्याय नदिनु बराबर हो । तरपनि नेपालका न्यायिक निकाय यस तर्फ सचेत भएको देखिँदैन जसका कारण समयमै न्याय सम्पादन गर्न थप चुनौती उत्पन्न भएको छ । साथै अदालतहरूमा मुद्दाको चाप धेरै भएका कारण निर्धारित अवधिमा मुद्दाको सुनुवाइ नहुनु वा इजलासबाट हेर्न नभ्याइने सूचीमा राख्नु, एउटा अदालतबाट अर्को अदालत मार्फत मिसिल झिकाउने आदेश भएका मुद्दाहरूमा पटक-पटक ताकेता गर्दा समेत समयमै मिसिल सम्बन्धित अदातलमा नपठाउने कारणले गर्दा मुद्दामा अनावश्यक ढिलासुस्ती हुन गईरहेको छ । त्यस्तै घटनालाई सम्बोधन गर्ने यथोचित कानूनको अभाव, मुद्दा दर्ता गर्नका लागि प्रभावित स्वयम्ले नै प्रमाण जुटाउनु पर्ने बाध्यता, अस्थायी बसोबास गर्नेहरूको हकमा सम्बन्धित वडा कार्यालयबाट लिनु पर्ने अस्थायी बसोबासको सिफारिस जुटाउन हुने कठिनाई, सम्पत्तिको हक प्रचलन गराउन सम्पत्ति रहेको जिल्लामा नै अदालतले मुद्दा दर्ता गर्न पठाउने व्यवस्था, भौगोलिक विकटता, साक्षी जुटाउन नसक्नु, प्रभावितको परिवारका सदस्य उपर नै मुद्दा दर्ता गर्नु पर्ने अवस्थामा हुने मानसिक, आर्थिक तथा सामाजिक असहजता, समाजमा हिंसा प्रभावित महिलालाई हेयको दृष्टिले हेर्ने तथा अनावश्यक लाञ्छना लगाउने लगायत अनेक झण्झटका कारण कतिपय हिंसा प्रभावितहरू सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायमा कानूनी उपचारको प्रक्रियामा जानै चाहँदैनन् । कतिपय हिंसा प्रभावित कानूनी उपचारका क्रममा विपक्षी वा अन्य व्यक्तिको दबाब, प्रभाव, डर, धाक धम्कीबाट हत्तोत्साही भई मुद्दा बीचैमा फिर्ता लिन वा कतिपय अवस्थामा आफ्नो

ईच्छा विपरीत विपक्षीको स्वार्थ अनुकूल मुद्दा मिलापत्र गर्न बाध्य बनाइएका कारण न्यायको अनुभूति गर्न सकेका छैनन् ।

यसका साथै न्यायिक निकायबाट हिंसा प्रभावित महिलाको पक्षमा फैसला गरेता पनि उक्त फैसलाको कार्यान्वयन प्रभावकारी रूपले हुन नसक्दा र फैसला कार्यान्वयनको क्रममा अनेकन समस्या सिर्जना भई वास्तविक रूपमा प्रभावितहरूले न्यायको अनुभूति गर्न सकेका छैनन् । तसर्थ हिंसा प्रभावित महिलाहरूले वास्तविक रूपमा न्यायको अनुभूति गर्नको लागि सम्बन्धित निकायबाट कानूनमा व्यवस्था भएका प्रावधानलाई जिम्मेवार एवं कर्तव्यनिष्ठ भई परिपालना गर्नुपर्ने र पालना भए नभएको प्रभावकारी अनुगमन तथा निरीक्षण समेत गरी आवश्यक पृष्ठपोषण प्रदान गर्दै न्याय व्यवस्थालाई सुदृढिकरण एवं परिमार्जन गर्दै लैजाने संयन्त्रको व्यवस्था गर्नु अत्यन्तै आवश्यक भइसकेको छ । न्याय दिएको भनेर मात्र हुँदैन, न्याय दिएको देखिनुपर्छ र अझै न्याय गरेको देखिएर मात्र हुँदैन, पीडितले न्यायको अनुभूति गर्नुपर्छ । अर्थात् न्यायिक निकायबाट न्याय निरुपण गरेको वा न्याय दिएको जस्तो गरेर मात्र हुँदैन, वास्तविक प्रभावितले न्याय प्राप्त भएको अनुभूति गर्न सकेमा सही अर्थमा न्यायमा सहजै र समान पहुँच पुऱ्याउन न्यायपालिका सजग एवं जिम्मेवार भएको मान्न सकिन्छ ।

## घटना अध्ययन: १

### शक्तिको आडमा बलाकृत बालिकाको केश बिचाराधिन

मानसिक रुपमा अस्वस्थ्य रहेको प्रभावितलाई भारतमा उपचार गराउँन लैजाँदा डाक्टरले घरमा लगेर माया गर्नु र सबैसँग मिलेर बस्न सल्लाह दिनु भने अनुसार त्यहाँबाट घर लिएर फर्के । उनको त्यस्तो अवस्थाका कारण घरपरिवारले उनलाई पढाइमा लगाउन समेत सकेनन् । छोरीको यस्तो अवस्था देखेर आफन्तहरुले पनि उनलाई मदरसामा पठाएर झारफुक गर्दा छोरी ठीक हुने सल्लाह दिए । सोही अनुसार परिवारले उनलाई झारफुकको लागि मौलानालाई देखाउने भन्दै मदरसा लगे । मौलनाले उनलाई जीन लगाई दिएको र त्यसका लागि पटक पटक गरेर ३ पटक झारफुक गर्नु पर्ने बताए । यो कुराले उनका आफन्तहरु खुसी भए र उनलाई तेस्रो पटकको झारफुकबाट जिन निकाल्नका लागि मौलना कँहा पठाए । मौलानाले त्यस दिनको झारफुक कोठा भित्र लगेर गर्नुपर्छ भनि उनलाई कोठा भित्र लिएर गयो । उनीसँगै गएका उनका भाइबहिनीलाई बाहिर बसाएर उनलाई भित्र लग्यो र उनलाई विभिन्न किसिमको डर, त्रास, धम्की दिएर उनी माथि जबरजस्ती करणी गर्यो । उनलाई

जबरजस्ती करणी गरिसके पछि उक्त कुरा कसैलाई नभन्नु भन्दै, भनेमा शरिरमा जीनले दुःख दिने कुराको डर देखाइ उनलाई नुहाएर आउन लगायो । मौलनाको कुराले उनी डराइन् र जे जे भन्छ त्यहि गरिन् तर जब उन्ले नुहाउनका लागि शैनकक्षमा जाँदा आफ्नो शरिरबाट रगत बगेको थाहा पाइन् र त्यँहाबाट हतार हतार भागेर घर गइन् र सबै कुरा आमालाई बताइन् । छोरीको कुरा सुनेर परिवार र आफन्तहरु मदरसा गई मौलाना विरुद्ध जाई लागे । उनका मामाघरकाले मौलाना विरुद्ध धेरै दवाव दिए पछि उनी विरुद्ध उजुरी दर्ता गरियो । नजिकैको ईलाका प्रहरी कार्यालय लहान पुगेर जानकारी दिए पछि उनीहरुमाथि धेरै नै बल प्रयोग भयो र पनि प्रहरीले मौलानालाई पक्राउ भने गर्यो । र उ उपर जबरजस्ती करणीको मुद्दा जिल्ला अदालत सिरहामा दर्ता गराएको थियो ।

उक्त मुद्दा दर्ता भए पश्चात मौलानालाई बचाउनको लागि भने त्यँहाका नेता, पहुँच भएका व्यक्तिहरु प्रहरीदेखि स्वास्थ्य जाँच गर्ने डाक्टरलाई समेत प्रभाव र दवावमा पारी उक्त मुद्दा कमजोर बनाउनका लागि अनेक प्रयासहरु समेत भयो । त्यति मात्र नभएर निजको बुवालाई समेत रकम दिने लोभ देखाएर २० लाख देखि ४० लाख सम्मको नगद दिएर मिल्ने प्रस्ताव दिई प्रलोभनमा पार्ने दुस्प्रयास समेत गरिएको थियो । मौलानासँग छोरीको बिहे गराउने प्रस्ताव समेत आयो । तर उनको परिवारले मानेन । कुनै पनि हालतमा मौलानाले सजाय पाउनुपर्छ र त्यसको लागि लड्ने भनेर सबै परिवार अग्रसर हुँदा पनि प्रहरीबाट सरकारी वकील मार्फत उक्त घटना अदालतमा गई वहस पश्चात पुरपक्षका लागि मौलानालाई हिरासतमा राखेर कारवहीको प्रक्रिया अगाडि बढेको थियो । सरकारी अधिवक्ता, ओरेकको अधिवक्ता र प्रदेश अधिवक्ता गरी जम्मा तीन जना अधिवक्ताले प्रभावितको पक्षबाट वकालत गरे भने विपक्षीको पक्षबाट सिरहाका नाम चलेको ५ जना भन्दा अधिवक्ताहरुले वहस गरे । तर आरोपित विपक्षीको शक्ति प्रदर्शन हुन थाले पछि प्रभावितको परिवार डराउन थाले । अदालतमा ३७ पटक पेशी चढेको देखेर प्रभावितको बुवालाई उसको पक्षमा फैसला हुन्छ भन्ने कुरामा संका बढ्न थाल्यो । किनकी अदालत जादाँ धेरैले यो केस जित्ने कुरा गरे पनि अदालतमा कसैबाट यसमा पैसाको चलखेल भएको भन्ने कुरा सनिथ्यो जसले प्रभावितका पक्षलाई निराश बनाउथ्यो ।



नभन्दै यो मुद्धामाथि अभियोग दावी नपुग्ने भनी फैसला भएको छ । सरकारी वकिलले पुनरावेदन पत्र दर्ता गरिसकेको छ तर हालसम्म पनि पेशी चढ्न सकेको छैन् । पटक पटक उच्च अदालतमा गई सम्पर्क गर्दा जिल्ला अदालतबाट मिसिल आई नपुगेको कारणले गर्दा

पेशी नचढेको भन्ने जवाफ पाएको र पटक पटक जिल्लामा सो को लागि ताकेता गर्न गए पनि जिल्ला अदालतले उक्त मिसिल उच्च अदालतमा पठाउनको लागि विभिन्न बहाना बनाउँदै आनाकानी गर्दै आईरहेको छ । यसका बारेमा सम्बन्धित जिल्ला अदालतमा गई बुझ्दा मिसिल गईसकेको जानकारी पाएको, यद्यपि हालसम्म पनि पेशी चढ्न नसकेको र उल्लेखित मुद्दा सिराहा जिल्ला अदालतमा विचारधीन अवस्थामा रहँदा प्रतिवादीको पक्षबाट १३ पटकसम्म पेसशी स्थगित गरिएको छ ।

## घटना अध्ययन: २

### महिला भएकै कारण न्यायालयको न्याय कार्यान्वयनमा अवरोध

काभ्रेपलाञ्चोक जिल्लामा घर भएकी सेवाग्राहीको विवाह २०६९ सालमा भएको थियो । उनका २०७० सालमा एक छोरा र २०७५ सालमा एक छोरीको जायजन्म भएको छ । उनको माइतीमा आमा, बुवा, दिदी, बहिनी, दाइ र भाइ छन् । उनको घर परिवारमा सासु आमा, जेठाजु र जेठानी साथै उनीहरुको एक ६ वर्षको छोरा पनि छन् । उनको विवाह हुनु भन्दा अगाडि नै उनका ससुराको निधन भइसकेको थियो । उनका श्रीमान्का दाइ विदेश जाने आउने गर्छन् भने भाउजु काडमाण्डौ तिर नै कोठा लिएर बसेकी छन् । हाल उनका ३ जना दिदी बहिनीहरुको विवाह भइसकेको छ । उनकी सासुआमा बनेपामा काम गरेर बसेकीछन् । उनको तेमालको घरमा कोही पनि बस्दैनन् । विवाह गरेदेखि नै उनको परिवारसँगको सम्बन्ध राम्रो थिएन । उनका श्रीमान् विदेश गए पनि उनलाई खर्च नपठाउने, खान लाउन नदिने गरेको पाइएको छ । उनको श्रीमान् नेपालमा आएर पनि प्लम्बरको काम गर्ने र पैसा धरै कमाउने तर होटल र रेष्टुरेन्टमा गएर पैसा खर्च गर्ने गर्दछन् । उनीलगायत छोराछोरी लाई श्रीमान्ले आर्थिक र भावनात्मक रुपमा नहेर्ने, गाली गलौज गर्ने, कुटपीट गर्ने, खर्च केही नदिने, तर पनि कसैसँग बोल्न नदिने, अरुसँग बोलेमा चारित्रिक हत्या गरी त्यसैसँग जान भन्ने, अपशब्द प्रयोग गरी कुटपिट गरी घर निकाला गरेपछि उनी सहन नसकेर ललितपुरमा छुट्टै कोठा लिएर बस्नुका साथै अन्याय र अत्याचार सहन नसकेर काभ्रेपलाञ्चोक जिल्ला अदालतमा सम्बन्ध बिच्छेद मुद्दा दायर गरेकी थिइन् ।

उनले कपडा सिलाउने तथा ज्यामी काम गरी छोराछोरीलाई पालेर बस्दै आईरहेकोमा उनको श्रीमान् सोही ठाउँमा आएर मार्छु भनी धम्की दिए पछि उनी छिमेकीको सहयोगमा ओरेकको कार्यालयमा आइपुगेकी थिइन् । छोरालाई आफुसँग राख्न नमिलेकोले गुम्बामा राखेको र सानी

छोरी आफुसंगै राखी सुरक्षावासमा बस्दै आफ्नो मुद्दा लडेकी थिईन् । अदालती प्रक्रिया अनुसार मेलमिलापबाट मुद्दा मिलाउन धेरै प्रयास गरिएको तापनि मिलापत्र हुन नसकी फैसला भई कार्यान्वयनको क्रममा रहेको छ । उनले सुरक्षवासबाट निस्केर आफ्नो जिविकोपार्जन आफैं गर्न चाहेको कारणले उनलाई जिबिकोपार्जनको लागि र छोरीको शिक्षाको लागि नगद सहयोग गरी आफन्तको साथमा पठाईएको थियो ।

उनको वादी दावी पुग्ने ठहरी अंश सहितको सम्बन्ध विच्छेदको मुद्दा फैसला भई कार्यान्वयनको प्रक्रियामा रहेको अबस्था हुँदा पनि फैसला कार्यान्वयनको क्रममा सम्पूर्ण अदालती प्रकृया पुरा भई मालपोत कार्यालयमा गई पुर्जा बनाउने क्रममा सम्बन्धित वडा कार्यालयबाट आवश्यक सिफारीस लिन जाँदा स्थानिय जनप्रतिनिधिहरुले एक जना महिलालाई सहयोग गर्दा आफुहरुको राजनीतिक जीवनमा धक्का पुग्ने, भोट घट्ने भएकाले सिफारिस दिन नमानेको र सम्बन्ध विच्छेद भन्दा पनि मेलमिलापबाट समस्या सल्टाउन सल्लाह दिएका पाइएको छ । 'एक महिलाको कारणले गर्दा हाम्रो स्थानीय निकायको कामहरु पनि बिग्रन सक्छ, श्रीमान् श्रीमती भरसक मिलेर बस्नु, घर नबिगार्नु' जनप्रतिनिधिको भनाई रहेको छ ।


न्यायालयले न्याय दिइसकेको अबस्थामा पनि स्थानीय निकाय दवावमा आएर मुद्धालाई राजनीतिकरण गरेका कारण प्रभावितले न्याय पाइरहेको अबस्था छैन । उनी सिफारिसका लागि नियमित धाउँदा पनि बसोवास र आवात जावतमा खर्च बढी लागेका कारण र नियमित सिफारिसका लागि धाइरहदा पनि सहयोग नपाउँदा यता गरिरहेको व्यवसाय समेत गुम्ने डरले निज प्रभावित हतोत्साहित भई मुद्दा छोडेर बस्नु परेको छ । निज प्रभावितलाई स्थानीय निकायले दिनु पर्ने सिफारिस नदिएका कारण स्थानिय निकायमा गई आवश्यक समन्वय गरी पुर्जा बनाउने कार्यमा ओरेकले सहयोग गर्छ भन्दा समेत उनले सम्बन्धित निकायले आफुँलाई सहयोग गर्ने सम्भावना देखेको र उता समय दिइरहदा आफ्नो समय वर्वाद भई गरिरहेको व्यवसाय पनि डुब्न सक्ने भनी न्याय लिन जाँन सकेकी छैनन् ।

# परिच्छेद-४

## महिलामाथि भएको हिंसाका अवस्था र विश्लेषण

### ४.१ प्रदेश अनुसार महिलामाथि भएका हिंसाको स्थिति

यस वर्ष संकलित तथ्याङ्क अनुसार अघिल्लो वर्ष जस्तै, कोशी प्रदेशबाट सबैभन्दा धेरै हिंसाका घटना अभिलेखीकरण भएका छन् । महिलामाथि हुने हिंसा कुनै विशिष्ट क्षेत्र वा भुगोलमा मात्र सिमित नभएर यत्रतत्र हुन्छ भन्ने कुराको पुष्टि तलको चार्टले समेत दर्शाउँछ । तल उल्लेखित चार्टमा सातै वटा प्रदेशमा महिलामाथि भएका हिंसाका घटना देखाइएको छ ।




***चार्ट नं. ५ :** प्रदेश अनुसार महिलामाथि भएको हिंसाको स्थिति*

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा कोशी प्रदेशमा जम्मा ३५ प्रतिशत (४९६ जना), मधेश प्रदेशमा ३३ प्रतिशत (४५९ जना), बागमती प्रदेशमा २ प्रतिशत (३१ जना), लुम्बिनी प्रदेशमा १३ प्रतिशत (१८० जना), गण्डकी प्रदेशबाट जम्मा ०.१४ प्रतिशत (२ जना), कर्णाली प्रदेशमा ९

प्रतिशत (१२१ जना), र सुदूरपश्चिम प्रदेशमा ८ प्रतिशत (११७ जना) महिलामाथि हिंसा भएको पाइएको छ । यसबाहेक पनि अन्य ठाँउ (भारतका विभिन्न स्थान) बाट जम्मा ३ जना अर्थात ०.२१ प्रतिशत महिलामाथि भएका विभिन्न प्रकारका हिंसाका घटना ओरेक नेपालमा अभिलेख गरिएको छ ।

ओरेकले यस वर्ष पनि आफ्नो सम्पर्कमा आएका र संस्थाको पहुँचमा रहेका स्थान र क्षेत्रमा धेरै घटनाहरू अभिलेख गरेको छ। यही आधारमा यसको वर्गीकृत तथ्याङ्क निकालिएको हुँदा, बागमती र गण्डकी प्रदेशमा महिला हिंसा कम हुने, कोशी प्रदेश तथा मधेश प्रदेशमा बढी हुने भन्ने कुराको पुष्टि यहाँ उल्लेख गरिएको तथ्याङ्कले गर्न सक्दैन। संस्थाको कार्यक्षेत्रको आधारमा सङ्कलन भएका तथ्याङ्क यहाँ उल्लेख गरेको हुँदा र कोशी प्रदेशको मोरङ, उदयपुर र सुनसरीमा ओरेकले लामो समयदेखि काम गरिरहेको हुँदा यहाँको तथ्याङ्क अन्य प्रदेश भन्दा बढी भएको हुन सक्छ। यसैगरी मधेश प्रदेशको धनुषा, सुदूरपश्चिम प्रदेशको कैलाली, लुम्बिनी प्रदेशको दाङ र बागमती प्रदेशको काठमाडौंमा सुरक्षित आवास समेत संस्थाले सञ्चालन गरिरहेका कारण सेवा लिनेहरू यस क्षेत्रमा बढी भएकाले हिंसाका घटना धेरै अभिलेख भएको हुन सक्ने संस्थाको अनुमान हो र यसलाई सकारात्मक रूपमा लिनु जरुरी छ। तर कोही माथि कसैबाट हिंसा हुनु कुनैपनि कोणबाट राम्रो होइन तर पनि हिंसा सहन हुन्न भन्ने मनसायले रिपोर्ट गर्नु वा न्याय खोज्नु र अभिलेखमा आउनु सकारात्मक पक्ष हो । घटना बाहिर आउनु भनेको प्रभावितहरू न्यायिक प्रक्रियामा जानु हो ।


ओरकको अनुभवमा महिलाका लागि सहयोगी संयन्त्रहरूको विकास, सूचनाको पहुँच र महिला सशक्तीकरणको अवस्था राम्रो भएका स्थानमा महिलामाथि हुने हिंसाका घटनाहरू बढी अभिलेखिकरण हुने गरेका छन्। भौगोलिक विकटता, सूचनाको पहुँचको कमी, हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको अभाव र यी संयन्त्रसम्मको पहुँच नभएका ठाउँहरूमा हिंसाका घटनाहरू कमै अभिलेख हुने गरेका छन् । फलस्वरूप, बागमती र गण्डकी प्रदेशबाट हिंसाको अभिलेखिकरण कम भएको हुन सक्दछ अथवा संस्थाले काम गर्ने कार्यक्षेत्र यी प्रदेशमा न्यून भएका कारण कम घटना मात्रै रिपोर्टिङ भएको हुन सक्छ भन्ने संस्थाको विश्लेषण रहेको छ ।



## ४.२ महिला हिंसाका प्रकार तथा विश्लेषण

महिलामाथि हुने हिंसाका स्वरूप तथा प्रकार विभिन्न खालका छन् । यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि भएका हिंसालाई (चार्ट नं. २) जम्मा १४ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । जसमा घरेलु हिंसा, सामाजिक हिंसा, बलात्कार, बलात्कार प्रयास, वैवाहिक

बलात्कार, यौन दुर्व्यवहार, हत्या, हत्याको प्रयास, मानव वेचविखन, मानव बेचबिखनको प्रयास, आत्महत्या, साइवर अपराध र अन्य रहेका छन् ।




***चार्ट नं. ६ :*** *महिलामाथि भएका हिंसाका प्रकारको अवस्था*

माथिको तथ्याङ्कको विश्लेषण गर्दा सबै भन्दा बढी ६५ प्रतिशत (९१६ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ । त्यस्तै गरी १२ प्रतिशत (१७५ जना) महिला सामाजिक हिंसाबाट, ९ प्रतिशत (१३३ जना) महिलामाथि बलात्कार, १ प्रतिशत (११ जना) यौन हिंसा, २ प्रतिशत (२७ जना) माथि बलात्कारको प्रयास, १ प्रतिशत (१६ जना) माथि वैवाहिक बलात्कार भएको पाइएको छ। यसरी यौन दुर्व्यवहारका घटना जम्मा ४ प्रतिशत रहेको पाइएको छ। यसैगरी ०.४२ प्रतिशत (६ जना) महिलाको हत्या, १ प्रतिशत (९ जना) महिलाको हत्या प्रयास गरिएका घटना अभिलेख भएका छन् ।


यसरी नै ०.३५ प्रतिशत अर्थात ५ जना मानव बेचबिखनमा परेका छन् भने मानव वेचविखनको प्रयासमा २ जना अर्थात ०.१४ प्रतिशत परेका छन् । १.०६ प्रतिशत (१५ जना) ले आत्महत्या गरेको तथ्याङ्कले देखाउँछ । त्यसै गरी १.२८ प्रतिशत अर्थात १८ जना अनलाइन मार्फत भएका साइवर अपराधका घटनामा र २ प्रतिशत (२४ जना) अन्य (शंका गर्ने, वाबु रक्सी खाएर आउने र हप्काउने, परिवारका अन्य सदस्य मदिरा सेवन, अतिरिक्त वैवाहिक सम्बन्ध, असमझदारी आदि) हिंसामा परेको पाइएको छ ।

महिलामाथि हुने गरेका हिंसाका विभिन्न स्वरूपलाई हेर्दा यस वर्ष पनि अघिल्लो वर्ष झैं महिलाहरू सबैभन्दा बढी घरेलु हिंसाबाट प्रभावित भएका छन् । घरेलु हिंसामा महिलामाथि सबैभन्दा बढी आफ्नै श्रीमान्बाट र परिवारका सदस्यहरूबाट हिंसा भएको पाइएको छ । यस तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाहरू सबैभन्दा बढी घर भित्रै र आफ्ना भनिएका व्यक्तिहरूबाट नै असुरक्षित छन् भन्ने कुराको पुनः पुष्टि भएको छ । समाजमा महिला तथा किशोरी र बालिकालाई हेर्ने विभेदकारी दृष्टिकोण कायमै रहँदा महिलाहरू माथि हुने हिंसा विशेषगरी घरेलु हिंसालाई निजी र नितान्त घर भित्रको मामिलाको रूपमा मात्र लिइएको छ, कानूनले घर भित्रको हिंसालाई दण्डनीय मानी कानूनी दायरामा ल्याएको डेढ दशक भइसक्दा पनि यसलाई निजी मामिलाका रुपमा हेर्ने दृष्टिकोण ज्युँका त्युँ छ र हालसम्म पनि गम्भीर सवालको रूपमा घरेलु हिंसा स्थापित हुन सकेको छैन ।

विवाह पूर्व छोरी परिवारको अधिनमा र विवाह पश्चात् महिलामाथि श्रीमानको अधिकार रहने पितृसत्तात्मक सोचका कारण महिलालाई घरपरिवार र श्रीमान्को सम्पत्ति वा वस्तुको रूपमा लिइन्छ र विभिन्न बहानामा उनीहरूको गतिशीलतामा नियन्त्रण गर्ने गरिन्छ । उनीहरूलाई घरपरिवार र श्रीमानको नियन्त्रणमा राखी स्वःनिर्णयको अधिकारबाट समेत बञ्चित गरिन्छ । उनीहरूको न त सम्पत्ति माथि कुनै अधिकार हुन्छ, न त आफ्नै स्वःआर्जनमा । यस्तो अवस्थामा महिलाले आफ्नो हक-अधिकारका लागि अघि बढ्दा बाहिर काम गर्न निस्कदा र पैरवी तथा वकालत गर्ने गर्दा उनीहरूमाथि हिंसाको जोखिम बढी हुने गर्दछ । मानिसको सुरक्षाका लागि घर परिवार नै सबैभन्दा महत्वपूर्ण सहयोगी संरचनाका रूपमा लिइन्छ तर महिलाका लागि घर र घरपरिवारका व्यक्तिहरूबाट नै बढी जोखिम हुनु महिला अधिकारको उपहास हो । घरपरिवारका सदस्यहरू नै हिंसामा जिम्मेवार हुने र घरभित्र हुने हिंसालाई निजी मामिलाको रूपमा हेर्ने प्रचलन अझै पनि कायमै छ । यस्ता हिंसालाई मानव अधिकार हननको सवालको रूपमा कमै मात्र हेरिन्छ । जसले गर्दा धेरै घटनाहरू हालसम्म पनि बाहिर आउन सकेका छैनन् ।

## ४.३ महिलामाथि हुने हिंसा र उमेर

यस अध्ययनमा महिलाको उमेरलाई ६ समूहमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई उमेर समूहका आधारमा महिलामाथि भएका हिंसाको विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा जम्मा १४०९ वटा महिला हिंसाको घटनामा सबै भन्दा बढी महिला हिंसा २६ देखि ३५ वर्ष उमेर समूहका महिलालाई भएको र त्यसपछि १८ देखि २५ वर्ष उमेर समूहका रहेका छन् । यति मात्र हैन संस्थाले अभिलेख गरेको तथ्याङ्कका आधारमा यस वर्ष प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ४ वर्षकी बालिकादेखि ७८ वर्षीया बृद्धा समेत हिंसाबाट प्रभावित भएको पाइएको छ ।





***चार्ट नं. ७ :** महिला हिंसा र उमेर समूह*


माथिको तथ्याङ्कको आधारमा यस वर्ष सबैभन्दा बढी ३३ प्रतिशत (४४२ जना) २६ देखि ३५ वर्ष उमेर समूहका महिलामाथि हिंसा भएको पाइएको छ । यस्तै गरी १६ देखि २५ वर्ष उमेर समूहका २९ प्रतिशत (४१० जना), ३६ देखि ४५ वर्ष उमेर समूहका १७ प्रतिशत (२४१ जना), १८ वर्षभन्दा कम उमेर समूहका बालिका ११ प्रतिशत (१५९ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका ६ प्रतिशत (८५ जना) र ५६ वर्षभन्दा माथिका उमेर समूहका तीन प्रतिशत (४९ जना) उमेर समूहका थाहा नभएका ०.२१ प्रतिशत (३ जना) महिला कुनै न कुनै प्रकारको हिंसामा परेको पाइएको छ । उमेरको हिसाबले १८ देखि २५ वर्ष र २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरू बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ। प्राप्त तथ्याङ्क अनुसार प्रजनन् र उत्पादनमूलक उमेरका सक्रिय महिला हिंसाको जोखिममा सबैभन्दा धेरै रहेको कुरा पुष्टि हुन्छ । यो उमेर समूहका अत्यधिक महिला घर बाहिरको काममा संलग्न हुने भएकाले पनि हिंसाजन्य घटनाबाट बढी जोखिममा परेको हुन सक्ने अनुमान गर्न सकिन्छ । अर्कोतर्फ हेर्ने हो भने जुन हिसावले १८ देखि २५ वर्ष उमेरका महिला नेपाली समाजमा विवाह गर्ने उमेर समूहका भएकाले र विवाह पछि उनीहरूमाथि श्रीमान्को नियन्त्रण रहने सम्भावना बढी भएकाले बढी हिंसा भएको हुन सक्दछ भने १८ वर्ष भन्दा कम उमेरका बालिकामा बलात्कार र यौन हिंसाका घटना बढी हुने गरेको पाइएको छ ।

## ४.४ महिला हिंसा र शिक्षा

महिलामाथि हुने हिंसा र शिक्षाको स्थितिलाई हिंसा प्रभावितको शैक्षिक अवस्था र साक्षरताको अवस्थामा विभाजन गरी विश्लेषण गरिएको छ । हिंसा प्रभावित महिलाहरू मध्ये ८१ प्रतिशत (११४२ जना) महिला साक्षर रहेका छन् भने ती साक्षर महिला मध्ये पनि महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८) अध्ययन गरेका र माध्यमिक तहसम्म अध्ययन गरेका साथै स्नातक तह र स्नातकोत्तर तहसम्मका रहेका छन् । तर पनि उनीहरूमाथि समेत हिंसा हुनुले हिंसा हुनुको कारक तत्व शैक्षिक अवस्था भन्दा पनि पितृसत्तात्मक सोच तथा दृष्टिकोणले प्रमुख भूमिका खेल्छ भन्ने कुरालाई पुष्टि गर्दछ ।




*चार्ट नं. ८ : महिलाको शैक्षिक अवस्थाका आधारमा हिंसाको परिणाम*




***चार्ट नं. ९ :*** *महिलाको साक्षरताको अवस्थाका आधारमा हिंसाको परिणाम*


चार्ट नं. ८ र ९ मा विश्लेषण गर्दा हिंसामा परेका मध्ये ८१ प्रतिशत (११४२ जना) महिला साक्षर रहेका छन् । ती साक्षर महिलामध्ये ५३ प्रतिशत (६१०जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८) अध्ययन गरेका, ३३ प्रतिशत (३७६ जना) ले माध्यमिक तहसम्म अध्ययन गरेका, ७.० प्रतिशत (७५ जना) ले स्नातक तह, १.२ प्रतिशत (१४ जना) ले स्नातकोत्तर तहसम्म, एक प्रतिशत (८ जना) ले प्राविधिक शिक्षा अध्ययन गरेका छन् तथा ५.२ प्रतिशत (५९ जना) ले प्रौढ शिक्षा अध्ययन गरेका छन् ।

यस वर्ष सङ्कलन भएका तथ्याङ्कलाई विश्लेषण गर्दा अघिल्ला वर्षहरू झैं निरक्षर महिलाहरू भन्दा साक्षर महिलाहरूमाथि बढी मात्रामा हिंसा भएको देखाएको छ । यसले के पनि देखाउँछ भने, निरक्षर महिलामाथि हिंसा भएपनि हिंसा भन्ने जानकारी नभएर वा आफू हिंसामा परे पनि परम्परागत सोंच र मान्यताका कारणले हिंसा स्वीकारेर बस्नु परेको बाध्यात्मक स्थिति विद्यमान छ भन्ने कुरालाई पुष्टि गर्दछ । अर्को तिर साक्षर महिलाहरूले आफूमाथि भएको हिंसाका घटनालाई बाहिर ल्याउँदा उनीहरू झन् बढी जोखिममा रहेका, न्याय प्राप्त गर्न नसकेका, सहयोगी संयन्त्रहरू अझै पनि प्रभावितमैत्री हुन नसकेको हो कि भन्न सकिन्छ । जसले गर्दा साक्षर प्रभावितलाई उदाहरणका रुपमा लिएर निरक्षर महिलाहरू हतोत्साहित हुने र आफूमाथि भएको हिंसालाई बाहिर ल्याउन नचाहेका कारण पनि उनीहरूमाथि भएको हिंसाका घटनाहरू कम अभिलेखीकरण भएको

हुन सक्ने देखिन्छ । त्यसैले हिंसा प्रभावितले अझै पनि खुलेर आफूमाथि भएको हिंसालाई भन्न सक्ने वातावरण निर्माण हुन सकेको छैन भन्न सक्ने अवस्था माथिको तथ्यका आधारमा सत्य हुन जान्छ ।

## ४.५ महिलामाथि हुने हिंसा र वैवाहिक स्थिति

महिलाहरूको वैवाहिक स्थिति जस्तो सुकै भएपनि सबै हैसियतका महिलामाथि हिंसा हुने गरेको तथ्याङ्कले देखाएको छ । यस वर्ष अभिलेखीकरण गरिएका तथ्याङ्कमध्ये सबैभन्दा बढी विवाहित महिला हिंसामा परेको पाइएको छ भने अविवाहित महिला, एकल महिला/विधवा, विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका महिला, सम्बन्ध विच्छेद गरेका र कानूनी र सामाजिक रीतिरिवाज अनुरुप विवाह नगरेका तर विवाहित सरह सँगै बस्दै आएका महिलामाथि हिंसा भएको पाइएको छ ।




***चार्ट नं. १०*** *: महिलाको वैवाहिक स्थिति र हिंसाको परिणाम*

यस वर्ष अभिलेखीकरण गरिएका तथ्याङ्क मध्ये सबैभन्दा बढी ७५ प्रतिशत (१०६२ जना) विवाहित महिला हिंसामा परेको पाइएको छ। १८ प्रतिशत (२५२ जना) अविवाहित महिला, ०.४९ प्रतिशत (३४ जना) एकल महिला/विधवा, २ प्रतिशत (३१ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण अलग अलग बस्दै आएका, ३.५५ प्रतिशत (५० जना) सम्बन्ध विच्छेद गरेका र ०.४९ प्रतिशत (७ जना) कानूनी र सामाजिक रीतिरिवाज अनुरुप विवाह नगरेका तर विवाहित सरह सँगै बस्दै आएका महिलामाथि हिंसा भएको पाइएको छ ।


नेपालको कानून अनुसार विवाहको न्यूनतम उमेर २० वर्ष भएतापनि ३७ प्रतिशत नेपाली किशोरीको विवाह १८ वर्ष नपुग्दै र १० प्रतिशतको १५ वर्ष नपुग्दै भएको पाइएको छ । पितृसत्तात्मक सामाजिक संरचना, विभेदकारी मूल्य-मान्यता तथा सोचका कारण महिलाहरू दोस्रो दर्जाको नागरिक भएर जिउन बाध्य छन् । विशेषगरी विवाह पश्चात् श्रीमान्को घरमा जानुपर्ने संस्कारले महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा राखेको छ । जसले गर्दा पुरूषहरूले महिलाको तुलनामा आफूलाई शक्तिशाली, स्रोत सम्पन्न वर्गको रूपमा लिदै आएका छन् र महिलामाथि हिंसा गर्नका लागि उनीहरूलाई यसले प्रोत्साहन गरेको छ ।

सामाजिक रूपले मान्यता प्राप्त विवाह संस्था भित्र आधाभन्दा बढी महिलाहरू आफ्नै जीवन साथीबाट हिंसाको मारमा पर्ने गर्दछन् । विवाहित महिलाहरूमाथि बढी हिंसा भएको तथ्याङ्कले विवाह संस्था प्रतिको विश्वास र मर्यादामाथि नै प्रश्न चिन्ह खडा गरेको छ । विवाह पश्चात् महिला र पुरुष एक अर्काका सहयात्री भन्दा पनि महिलालाई दासका रूपमा हेरिने रुढीवादी परम्परा र सोचका कारण महिला विवाह पछि स्वतन्त्र नागरिक होइन बरु अरूको अधिनमा बस्नु पर्ने सामाजिक, धार्मिक र सांस्कृतिक मान्यताको जरो झन गहिरो बन्दै गएको छ । जसले महिलालाई दिने पीडा तथा हिंसा हुनका लागि थप बढावा दिएको छ ।

ओरेकले सङ्कलन गरेका तथ्याङ्कलाई हेर्दा अहिले समाजमा कानूनी र सामाजिक रूपमा विवाह नभएका तर विवाहित सरह सँगैसँगै बस्दै आएका महिलामाथि हिंसा भएका केही घटनाहरू बाहिर आउन थालेका छन् । तर लिभिङ रिलेसनमा भएको हिंसाका घटनालाई समेट्ने खालको कानूनी प्रावधान नहुँदा यस्ता घटनाहरू बाहिर ल्याउन निकै गाऱ्हो भएको प्रभावितहरूले प्रत्यक्ष कुराकानीका क्रममा बताएका छन् । तसर्थ बदलिँदो स्वरूपमा आएका महिला विरुद्धको हिंसालाई सम्बोधन गर्न र यस किसिमका हिंसाबाट हुने थप जोखिमलाई कम गर्न यस्ता प्रवृत्तिका हिंसालाई सम्बोधन गर्ने कानून तथा नीति-निर्माणमा राज्यको ध्यान जान आवश्यक छ ।

## ४.६ महिला हिंसा र प्रभावितको जात/जातीयता

यस वर्ष सङ्कलन गरिएको तथ्याङ्कले सबैभन्दा बढी तराईका आदिवासी जनजाति समुदायका महिलाहरूमाथि हिंसा भएको देखाएको छ । यसका साथै हिंसा प्रभावित महिला पहाडे आदिवासी जनजाति, पहाडे ब्राह्मण/क्षेत्री, राई आदिवासी जनजाति, तराई दलित, पहाडे दलित, तराई ब्राह्मण/क्षेत्री, मुस्लिम तराई/मधेसी तथा अन्य जाति महिलामाथि पनि उत्तिकै हिंसा भएको पाइएको छ । यसले हिंसा कुनै विशेष जातका आधारमा हुने नभइकन जुनसुकै जात वा जातीयताका महिलामाथि हिंसाका घटना हुने गर्दछ भन्ने कुरालाई पुष्टि गरेको छ ।





***चार्ट नं. ११ :*** *हिंसा प्रभावित महिलाको जात/जातियता र हिंसाको परिणाम*

माथिको तथ्याङ्कले हिंसा प्रभावित कूल महिला मध्ये २४ प्रतिशत (३३६जना) पहाडे /आदिवासी /जनजाति, १५ प्रतिशत (२१२ जना) पहाडे ब्राह्मण/क्षेत्री, १६ प्रतिशत (२३१ जना) तराई /आदिवासी /जनजाति रहेका छन् । १२ प्रतिशत (१७० जना) तराई दलित, १२ प्रतिशत (१७५ जना) पहाडे दलित, ४ प्रतिशत (५१ जना) तराई ब्राह्मण/क्षेत्री, ५ प्रतिशत मुस्लिम (७० जना) र ११ प्रतिशत (१५३ जना) तराई/मधेसी तथा १ प्रतिशत (११ जना) अन्य (माडवारी, वंगाली, जैन, पञ्जावी, शिख) जाति महिलामाथि हिंसा भएको पाइएको छ ।

संस्थाद्वारा यस वर्ष सङ्कलन गरिएका तथ्याङ्कको आधारमा विश्लेषण गर्दा हिंसा कुनै एक जात जातिमा मात्र सीमित नभएर सबै जातजातिमा विद्यमान रहेको देख्न सकिन्छ । तर जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक, यौनिक, धार्मिक, भौगोलिक लगायतका सामाजिक अवस्था र व्यवस्थाहरूले महिलाको अन्तर विविधतालाई निर्धारण गरेको हुन्छ । महिलामाथि हुने हिंसाको तहलाई पनि यिनै तत्वहरूले प्रभाव पार्ने हुँदा संरचनागत रूपमा पछाडि पारिएका समुदाय वा जातिका महिलामाथि बढी हिंसा भएको अनुमान लगाउन सकिन्छ । तर यो चार्टमा जति पनि महिलामाथि भएका हिंसाको तथ्याङ्क बाहिर आयो उनीहरू कुनै न कुनै हिसाबले सेवाको पहुँचमा (अभिलेखनकर्तासँग सम्पर्क) भएका कारणले अभिलेखीकरण भएका हुन सक्छन् । यी भन्दा बाहेक धेरै घटनाहरू अभिलेखीकरणमा नआएको सहजै अनुमान लगाउन सकिन्छ ।

## ४.७ हिंसा प्रभावित र आरोपितसँगको सम्बन्ध

संस्थाले सङ्कलन गरेका तथ्याङ्कमा महिलामाथि सबैभन्दा धेरै आफ्नै श्रीमान्बाट हिंसा भएको पाइएको छ। त्यसैगरी आफ्नै परिवारका सदस्यबाट, छिमेकीबाट, महिलाले आत्मीय ठानेका साथी वा प्रेमीबाट, समुदाय सदस्यबाट महिलामाथि हिंसा भएको पाइएको छ। यस बाहेक सेवा प्रदायक जस्तैः स्थानीय तहका प्रतिनिधि, प्रहरी, स्वास्थ्यकर्मीहरू र मुख्य हेरचाहकर्ताबाट समेत महिलाहरू हिंसा प्रभावित भएका छन् । अपरिचित व्यक्तिबाट, अविवाहित तर सँगै बसेका व्यक्तिबाट र शिक्षकबाट समेत महिलामाथि हिंसा भएको पाइएको छ ।





*चार्ट नं. १२ : हिंसा प्रभावित महिलाको आरोपितसँगको सम्बन्ध*

माथिको तथ्याङ्कमा हिंसा प्रभावित महिलाहरू सबैभन्दा बढी ५५ प्रतिशत (७७० जना) श्रीमान् बाट हिंसा भोगिरहेका छन् । त्यसैगरी १४ प्रतिशत (१९६ जना) परिवारका सदस्यबाट, १० प्रतिशत (१३६ जना) छिमेकीबाट, पाँच प्रतिशत (६६ जना) महिलाले आत्मीय ठानेका साथी वा प्रेमीबाट, पाँच प्रतिशत (७३ जना) समुदाय सदस्यबाट महिलामाथि हिंसा भएको छ । एक प्रतिशत (१६ जना) सेवा प्रदायक जस्तैः स्थानीय तहका प्रतिनिधि, प्रहरी, स्वास्थ्यकर्मीहरू र मुख्य हेरचाहकर्ताबाट हिंसामा परेको पाइयो । यसैगरी एक प्रतिशत (१७ जना) अपरिचित व्यक्तिबाट, एक प्रतिशत (२० जना) अविवाहित तर सँगै बसेका व्यक्तिबाट र ०.१४ प्रतिशत अर्थात दुई जना शिक्षकबाट महिलामाथि हिंसा भएको पाइएको छ भने ४ प्रतिशत अर्थात ५९ जना अन्य (पहिलेको श्रीमान्, विवाह हुन लागेको केटा, गाडी चालक) रहेका छन् ।

यसरी तथ्याङ्कको आधारमा हेर्दा महिलाहरू अन्जानबाट भन्दा आफ्नै नजिकका सम्बन्धहरूबाट, घरपरिवारका सदस्यहरूबाट, छिमेक र चिनेजानेका व्यक्तिबाट नै बढी हिंसाको जोखिममा रहेको देखिन्छ। माथि प्रस्तुत गरिएका तथ्याङ्कको आधारमा के विश्लेषण गर्न सकिन्छ भने महिलाहरू बढी मात्रामा चिनजान नभएका वा सम्बन्ध नभएका व्यक्तिहरूबाट हिंसामा पर्छन् भन्ने मान्यतालाई यसले गलत साबित गरेको छ र महिलाहरूको जो सँग नजिकको सम्बन्ध छ वा जसले बढी माया गर्छ भन्ने महिलाहरूले सोच्दछन् वा विश्वास गर्दछन् त्यही व्यक्तिबाट उनीहरूमाथि बढी हिंसा भएको यस तथ्याङ्कले पुष्टि गर्दछ। यसले महिलाले गर्ने विश्वासको दुरूपयोग वा विश्वास माथिको धोकाको रूपमा समेत व्याख्या गर्न सकिन्छ ।

## ४.८ महिलामाथि हुने हिंसा र पेसा/व्यवसाय

संस्थामा यस वर्ष प्राप्त तथ्याङ्कमा सबैभन्दा बढी आफ्नै घरको काममा संलग्न भएका महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये कृषि पेसामा संलग्न रहेका, विद्यार्थी, दैनिक ज्यालामजदुरीमा संलग्न महिला रहेको पाइएको छ । त्यस्तै व्यापार-व्यवसायमा संलग्न, गैरसरकारी क्षेत्रमा कार्यरत र सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।





***चार्ट नं. १३ :*** *महिलामाथि हुने हिंसा र पेसागत अवस्था*

माथिको तथ्याङ्कलाई हेर्दा महिला र पेसाको आधारमा सबैभन्दा बढी घरायसी काममा संलग्न भएका ४२ प्रतिशत (५८६ जना) महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये १७ प्रतिशत (२३८ जना) कृषि पेसामा संलग्न रहेका, १७ प्रतिशत (२३६ जना) विद्यार्थी, १४ प्रतिशत (१९७ जना) महिला दैनिक ज्याला मजदुरीमा संलग्न रहेको पाइएको छ । त्यस्तै पाँच प्रतिशत (७७ जना) व्यापार-व्यवसायमा संलग्न, एक प्रतिशत (१० जना) जागिर खोज्दै गरेका, दुई प्रतिशत (२३ जना) गैरसरकारी क्षेत्रमा कार्यरत र एक प्रतिशत (२० जना) सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ ।

प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गर्दा जो महिला प्रति दिन १८ घण्टा भन्दा बढी सेवामूलक निःशुल्क काममा संलग्न रहन्छन् तर महिलाले घरमा गर्ने सेवामूलक कामको मूल्याङ्कन छैन, यसलाई राज्यले पनि मान्यता नदिएको अवस्था छ, उनीहरू माथि नै हिंसाका घटना बढी हुनुले महिलाहरू आर्थिक रूपमा श्रीमान् तथा परिवारमा नै पूर्ण निर्भर बनाइएका छन् भन्ने तर्कलाई पुष्टि गर्दछ । यस्तै गरी हिंसा भए पश्चात् पनि आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा असुरक्षित भविष्य, बालबच्चाको पालनपोषण, शिक्षादिक्षा र उनीहरूको भविष्य के हुन्छ भन्ने चिन्ताका कारणले पनि आफूमाथि भएको हिंसालाई प्रभावित महिलाले दबाएर राख्ने गरेको पाइएको छ ।

## ४.९ महिला हिंसा र प्रभावितको असर

यस सम्बन्धमा संस्थाले हिंसाका कारण महिलामाथि समग्र रूपमा पर्ने प्रभावलाई ५ भागमा वर्गीकरण गरी विश्लेषण गरेको छ। यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलाहरूलाई सबैभन्दा बढी हिंसाको असर मानसिक रुपमा भएको पाइएको छ। यसैगरि उनीहरूलाई शारीरिक असर, सामाजिक असर र आर्थिक असर समेत परेको पाइएको छ भने महिलामाथि एकभन्दा बढी वा यी सबै खालका असर परेको तथ्याङ्कले देखाएको छ।




***चार्ट नं. १४ :*** *महिलामाथि हुने हिंसाका कारण महिलामा परेको असर*

माथि उल्लेखित तथ्याङ्कको आधारमा हिंसाका कारण महिलाहरूलाई सबैभन्दा बढी २६ प्रतिशत (३६६ जना) सामाजिक असर परेको पाइयो । यसैगरि २५ प्रतिशत (३५२ जना) महिलालाई मानसिक असर, पाँच प्रतिशत (८८ जना) महिलालाई सामाजिक असर र २२ प्रतिशत (३११ जना) महिलालाई शारीरिक असर, दुई प्रतिशत (२८ जना) मा आर्थिक असर परेको पाइएको छ। यसका साथै यी जम्मा १४०९ जना प्रभावित महिलाहरुमा मध्ये २५ प्रतशित अर्थात ३५२ जनामा भने सबै किसिमका हिंसा भएको पाइएको छ। यस किसिमका असरहरूले गर्दा प्रभावित महिलालाई मात्रै हैन उनीहरूका परिवारलाई, बालबालिकालाई, समाजलाई र अन्ततः देशलाई नै बहु-आयामिक प्रभाव पारेको पाइएको छ।

## निष्कर्ष:

ओरेकले हरेक वर्ष प्रकाशन गर्ने अन्वेषीमा झैं यस वर्षको ओरेकको अभिलेखीकरणले प्रभावितमाथि सबै भन्दा बढी मानसिक असर परेको देखाएको छ भने महिलामाथि हिंसा सबैभन्दा बढी श्रीमान् र परिवारका सदस्यबाट हुने गरेको छ। यसका साथै घरेलु काममा संलग्न महिला बढी हिंसाबाट प्रभावित हुनु परेको र सक्रिय उमेर समूहका महिलालाई हिंसा भएको तथ्य समेत माथि उल्लेख भएको छ । यति मात्र हैन कि जो महिलाले आफ्नो जीवनमा हिंसा भोग्नु पर्दछ उही महिला घरवार विहीन हुनपर्ने अवस्था र न्याय पाउनका लागि लामो सङ्घर्ष गर्नु परेको अनुभव उनीहरूको रहेको छ। यसले के देखाउँछ भने हिंसा गर्ने व्यक्तिको स्थान समाजमा हिंसा प्रभावित महिलाको भन्दा उच्च रहेको छ । आफूमाथि भएका हिंसाको बारेमा थाहा पाएमा समाज तथा परिवारबाट असहयोग हुने डरले र आफुमाथि भएको हिंसाको जोखिम अझ बढी हुने आशंकाका कारण महिलाहरूले हिंसालाई आफू भित्रै दबाएर राख्दा महिलाहरूमा बढी मानसिक असर परेको र यसले पछि गएर मानसिक रोगकै रूप लिएको देखिएको छ। महिलाहरूमा हिंसा पश्चात् प्रत्यक्ष रूपमा एउटा समस्या देखिए तापनि त्यसको सम्बन्ध अनेक पक्षहरूसँग हुने गर्दछ। यसरी हिंसाले महिलाको प्रत्यक्ष जीवनमा विभिन्न किसिमका असर पुऱ्याउने गरेको यस वर्षको तथ्याङ्कले देखाएको छ। वास्तवमा शारीरिक असरलाई कम गर्न हामी कहाँ केही उपायहरू अवलम्बन गर्ने गरिएका छन् । तर मानसिक असर प्रति परिवार, समाज र राज्यको खासै ध्यान पुगेको पाइएको छैन। त्यसैले शारीरिक सँगसँगै मानसिक असरको पहिचान र व्यवस्थापन तथा समाधान गर्न तर्फ राज्य, समाज र परिवारले ध्यान पुऱ्याउनु आवश्यक देखिएको छ।

# परिच्छेद -५

## घरेलु हिंसा

### ५.१ महिला र घरेलु हिंसा

"घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ। घरेलु हिंसाका प्रकारलाई शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक गरी ४ प्रकारमा विभाजन गरिएको छ । घरेलु हिंसा प्रभावितका रूपमा महिला, बालबालिका, पुरुष एवं यौनिक तथा लैङ्गिक अल्प सङ्ख्यक र सहयोगीका रूपमा घरको कामका लागि राखिएका कामदार जो कोही पनि हुन सक्छन् । कानूनमा जे उल्लेख भएता पनि व्यवहारिक रूपमा भने विशेषगरी घरेलु हिंसाबाट महिलाहरू नै बढी प्रभावित भइरहेको पाइन्छ। घरेलु हिंसा कुनै राष्ट्र वा क्षेत्र विशेषको मात्र नभएर यो विश्वव्यापी रूपमा सबै भन्दा धेरै हुने महिलामाथिको हिंसाको स्वरूप मै रहेको छ। नेपालमा पनि यो प्रमुख चुनौतीको रूपमा रहेको छ। नेपालको घरेलु हिंसाविरूद्धको कानूनमा कुनै पनि घरेलु सम्बन्ध भएका व्यक्तिले घरेलु हिंसा गर्न, गराउन नहुने स्पष्ट उल्लेख छ भने कुनै पनि व्यक्तिले घरेलु हिंसा गरेको अवस्थामा उजुरी गर्नका लागि स्थानीय तह, प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग र अदालत गरी ४ वटा निकायमा जान सक्ने व्यवस्था गरेको छ ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ अनुसार "कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य यातना नै 'घरेलु हिंसा' हो । यसले व्यक्तिलाई शारीरिक तथा भावनात्मक चोट पुऱ्याउँछ भनिएको छ।" 'घरेलु सम्बन्ध' भन्नाले वंशज, विवाह, धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरू बीच भएको सम्बन्ध सम्झनुपर्छ । सो शब्दले सँगै बसेका जोडी वा अंश नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ भनि उल्लेख गरेको छ।[५]

5 घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २

नेपालमा २०६६ साल वैशाख १४ गतेदेखि घरेलु हिंसा (कसुर र सजाय) ऐन लागू भएको छ । प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तबरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घरपरिवार भित्र हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्नु तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्नु यस ऐनको मुख्य उद्देश्य रहेको छ ।

नेपाली समाजमा महिला हिंसामा पनि घरेलु हिंसाका घटनाको सङ्ख्या अझ धेरै देखिन्छ । नेपाल प्रहरीमा दर्ता भएका जम्मा घटना मध्ये ८० प्रतिशत (१६,५१९) घरेलु हिंसा रहेको छ।[६][७]जुन महिलामाथि हुने हिंसाको निकै डरलाग्दोतथ्याङ्क हो । घरेलु हिंसासम्बन्धी ऐन, कानून र विभिन्न नजिरहरू हुँदाहुँदै प्रभावित महिलाले घर, परिवारको इज्जत, सन्तानको भविष्य, सामाजिक बन्धन, आर्थिक परनिर्भरता जस्ता धेरै विविध कारणहरूले गर्दाबाहिर आउन नसकेका कति घटना छन् भनेर अझ अनुमान गर्न सकिन्छ। विभेदकारी सामाजिक मूल्य मान्यताका कारण महिलालाई दोस्रो दर्जाका नागरिकको रूपमा हेरिनु, महिलालाई समान अवसरबाट वञ्चित गराइनु, महिलाको स्वतन्त्रता, गतिशीलता र शरीरमाथि अरूले नियन्त्रण गर्ने प्रवृत्तिका कारण पनि महिलामाथि हिंसा अझ घरेलु हिंसाले निरन्तरता पाउँदै गइरहेको वर्तमान अवस्था छ।

## ५.२ घरेलु हिंसा भित्रका स्वरूपहरू

घरेलु हिंसाका स्वरूपहरू व्यापक छन् । यस वर्ष गरिएको अभिलेखीकरणका आधारमा घरेलु हिंसाका निम्न स्वरूपलाई विश्लेषण गरी यस पुस्तकमा समावेश गरिएको छ।

### क) शारीरिक हिंसा

श्रीमान् र घरपरिवारका सदस्यले हातहतियार अथवा आफ्नो बलको प्रयोग गरेर जबरजस्ती कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्ड-सजाय दिनु, दाइजोको निहुँमा र चारित्रिक आरोप लगाई कुटपिट गर्नु आदिलाई शारीरिक हिंसाभित्र समेटिएको छ।

### ख) मानसिक हिंसा

शारीरिक यातनाको डर देखाउने, गाली गलौज गर्ने, चारित्रिक आरोप लगाउने, अपशब्द प्रयोग गर्ने, उपेक्षा वा बेवास्ता गर्ने, अपशब्द बोल्ने, हेला-तिरस्कार गर्ने, भावनात्मक रूपमा दुर्व्यवहार गर्ने, डर, धम्की देखाउने जस्ता कार्यहरूलाई मानसिक हिंसाभित्र समेटिएको छ।

6 2079-80_annual_infographics_-_nepal police.pdf
7 2079-80_annual_infographics_-_nepal police.pdf


### ग) स्रोत-साधनको वञ्चितीकरण

खान, लाउन नदिने, घर निकाला गर्ने, सम्पत्तिबाट बेदखल गर्ने, विवाह दर्ता, जन्म दर्ता, नागरिकता नबनाइदिने, शिक्षाबाट वञ्चित गर्ने, बेवास्ता गर्ने जस्ता हिंसाहरूलाई यसभित्र समेटिएको छ ।

## ५.३ घरेलु हिंसा र यसको विश्लेषण

यस वर्षको तथ्याङ्क अनुसार विश्लेषण गर्दा महिलामाथि हुने हिंसाहरू मध्ये घरेलु हिंसा अत्यधिक मात्रामा अर्थात जम्मा ९१६ जनामा भएको पाइएको छ जुन घरेलु हिंसालाई ओरेकले अभिलेखीकरणका आधारमा शारीरिक हिंसा, मानसिक हिंसा, स्रोत साधानबाट वञ्चितीकरण, वैवाहिक बलात्कार, चारित्रिक आरोप लगायतलाई विश्लेषण गर्ने गरेको छ । तर घरेलु हिंसा भित्र प्रभावितहरूको वैवाहिक अवस्था, उमेर, शिक्षाको स्तर, जातिगत अवस्था, पेसा, स्रोत र साधनमाथिको पहुँच र प्रभावित तथा आरेपितसँगको सम्बन्ध लगायत नागरिकताबाट वञ्चित महिला, जन्मदर्ताबाट वञ्चित, घृणा, हेला अपहेलना, स्वास्थ्य सुरक्षाको अभाव जस्ता घटनालाई विश्लेषण गर्दा एकजना महिलामाथि फरक फरक तर धेरै किसिमका हिंसा भएको पाइएको छ जसका आधारमा यस वर्ष ओरेकले बुह हिंसाबाट एउटै महिला प्रभावित भएको पाइएको छ ।

माथि उल्लेख गरिएको घरेलु हिंसाका घटना र तथ्याङ्कको आधारमा गहिरो विश्लेषण गर्दा यस वर्ष महिलाहरूमाथि शारीरिक, मानसिक र आर्थिक हिंसा भएको पाइएको छ ।





**चार्ट नं. १५ :** *महिलामाथि भएका घरेलु हिंसाका प्रकारहरू*

माथिको विश्लेषणलाई हेर्दा, महिलामाथि भएका घरेलु हिंसाका कुल घटना (९१६) मध्ये २१ प्रतिशत (१८९ जना) महिलामाथि शारीरिक हिंसा भएको पाइएको छ भने २५ प्रतिशत (२३२ जना) लाई गालीगलौज तथा १६ प्रतिशत (१४९ जना) महिलालाई चारित्रिक आरोप र २६ प्रतिशत (२३५ जना) महिलालाई आवश्यक स्रोत साधन र सुविधाबाट वञ्चित गरिएको पाइएको छ । त्यसैगरी धम्क्याउने १२ प्रतिशत (१११ जना) रहेका छन् । जसबाट सबै भन्दा बढी महिलाहरु स्रोत साधनबाट बञ्चित भएको पाइएको छ ।

### ५.३.१ घरेलु हिंसा र प्रभावितको वैवाहिक अवस्था

घरेलु हिंसाबाट प्रभावितहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा विवाहित महिला नै सबैभन्दा बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । जसमा विवाहित, अविवाहित, एकल तथा विधवा, सम्वन्ध विच्छेद बढी जोखिममा रहेको पाइएको छ ।




***चार्ट नं. १६ :*** *घरेलु हिंसा प्रभावित महिलाको वैवाहिक अवस्था*




माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा यस वर्ष ८९ प्रतिशत (८१८ जना) विवाहित महिला र चार प्रतिशत (३९ जना) मात्र अविवाहित, तीन प्रतिशत (२३ जना) एकल महिला/विधवा, ०.५ प्रतिशत अर्थात पाँच जना पारपाचुके गरेर बसेका र ०.२१ प्रतिशत अर्थात दुई जना अविवाहित तर घरपरिवारसँगै बसेका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ ।

## ५.३.२ घरेलु हिंसा र प्रभावितको उमेर

यस खण्डमा ओरेकले हिंसा प्रभावितमाथि भएको घरेलु हिंसालाई गत वर्ष दुइ किसिमको उमेरमा विभाजन गरी विश्लेषण गरेको थियो । जसमा पहिलो भनेको घरेलु हिंसा र प्रभावितको विवाह गर्दाको उमेर र दोस्रो भनेको घरेलु हिंसाबाट प्रभावित महिलाको उमेर । तर यस वर्ष भने घरेलु हिंसा प्रभावितको उमेर समूहमा केन्द्रित भएर तथ्याङ्कको विश्लेषण गरेको छ ।

यस वर्ष घरेलु हिंसा प्रभावितहरू मध्ये उमेर समूहको रूपमा विश्लेषण गर्दा सबै भन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । यस किसिमको तथ्याङ्कबाट समाजमा विद्यमान असमान शक्ति सम्बन्धका कारण कम उमेरमा विवाह गर्ने महिलाहरूले हिंसा, दुर्व्यवहार र जबरजस्ती यौन सम्बन्धमा रहनु पर्ने वाध्यता र सम्भावना बढी हुने भएकाले यौन शिक्षाका सवालहरूमा जनचेतनामूलक कार्यक्रमहरूले महिलाहरूलाई आफ्नो यौन स्वास्थ्यको बारेमा सूचित हुन र स्वःनिर्णय गर्न सक्षम बनाउन सहयोग गर्ने भएतापनि तलको तथ्याङ्कलाई हेर्दा अझपनि हिंसाका बारेमा जानकारी गराउनु आवश्यक नै रहेको देखिन्छ ।




***चार्ट नं. १७ :*** *घरेलु हिंसा प्रभावित महिलाहरूको उमेर*


माथि उल्लेख तथ्याङ्कका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका महिला हिंसाबाट प्रभावित भएका छन् । यस उमेर समूहका महिला ३८ प्रतिशत (३४८ जना) रहेका छन् । यसैगरी क्रमशः १८ देखि २५ वर्ष उमेर समूहका ३० प्रतिशत (२७२ जना) महिला यस वर्ष घरेलु हिंसाबाट प्रभावित भएका छन् । ३६ देखि ४५ वर्ष उमेर समूहका १९ प्रतिशत (१७३ जना), ४६ देखि ५५ वर्ष उमेर समूहका ६ प्रतिशत (५३ जना), ५६ वर्षभन्दा माथिका उमेर समूहका महिला चार प्रतिशत (३६ जना) र १८ वर्ष भन्दा कम उमेर समूहका चार प्रतिशत (३४ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ ।

## ५.३.३ घरेलु हिंसा र प्रभावितको शिक्षाको अवस्था


महिलामाथि भएको हिंसा र महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा साक्षर महिलामाथि पनि हिंसा भएको पाइएको छ । जसमा पनि आधारभूत शिक्षा, माध्यमिक शिक्षा, स्नातक तह, स्नातकोत्तर तह, प्रौढ शिक्षा र प्राविधिक शिक्षा हासिल गरेका महिलामा कुनै न कुनै रूपमा हिंसा भएको पाइएको छ ।

८२ प्रतिशत (७४८ जना) साक्षर महिलामाथि घरेलु हिंसा भएको पाइयो । यसैगरी साक्षर महिलाभित्र पनि सबैभन्दा बढी आधारभूत शिक्षा (१-८ कक्षासम्म) अध्ययन गरेका ५४ प्रतिशत (४०६ जना) महिला हिंसाबाट बढी प्रभावित भएको पाइएको छ ।

कुल ७४८ साक्षर महिलाहरुमा ५४ प्रतिशत (४०६ जना) आधारभूत शिक्षा, ३२ प्रतिशत (२३९ जना) माध्यमिक शिक्षा, ६ प्रतिशत (४५ जना) स्नातक तह, १.१ प्रतिशत (८ जना) स्नाकोत्तर तह, ०.७ प्रतिशत (५ जना) प्रौढ शिक्षा र ६ प्रतिशत (४५ जना) प्राविधिक शिक्षा हासिल गरेका महिलाहरु घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ ।





**चार्ट नं. १८ :** *घरेलु हिंसा प्रभावित महिलाको शैक्षिक अवस्था र हिंसाको परिणाम*




**चार्ट नं. १९ :** *घरेलु हिंसा र प्रभावित महिलाको साक्षरताको अवस्था र हिंसाको परिणाम*

### ५.३.४ प्रभावितको जात/जातीयता र घरेलु हिंसा


यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिलाभित्र पनि सबैभन्दा बढी २१ प्रतिशत (१९६ जना) तराई/मधेसी र अन्य जातिका पाइएको छ । त्यसपछि पहाडे ब्राह्मण/क्षेत्री १७ प्रतिशत (१५८ जना), पहाडे आदिवासी जनजाति १७ प्रतिशत (१५२ जना), पहाडे दलित १४ प्रतिशत ( १२५ जना), तराई दलित १० प्रतिशत (९३ जना), ब्राम्हण/क्षेत्री तराई ३ प्रतिशत (३२ जना), पाँच प्रतिशत (४७ जना) मुस्लिम, १२ प्रतिशत (१०८ जना) तराई आदिवासी जनजाति महिला र ०.५ प्रतिशत (५ जना) अन्य (माडवारी, शिख, जैन आदि) हिंसामा परेको पाइएको छ ।




***चार्ट नं. २० :*** *घरेलु हिंसा प्रभावित महिलाहरूको जात/जातिगत अवस्था*

### ५.३.५ घरेलु हिंसा र प्रभावितको पेसा


घरायसी काममा संलग्न महिलाहरू बढी मात्रामा घरेलु हिंसाबाट प्रभावित रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ । प्राप्त तथ्याङ्कका आधारमा ४७ प्रतिशत (४२८ जना) घरायसी काम, २० प्रतिशत (१७९ जना) कृषि तथा पशुपालन, १६ प्रतिशत (१४२ जना) दैनिक ज्याला मजदुरीमा संलग्न, छ प्रतिशत (५३ जना) सामान्य व्यापार, व्यवसाय गर्ने, पाँच प्रतिशत (४६ जना) विद्यार्थी, दुई प्रतिशत ( १७ जना) गैरसरकारी सेवामा संलग्न, एक प्रतिशत (११ जना) निजी क्षेत्र, एक प्रतिशत (५ जना) जागिर खोज्दै गरेका रहेका महिलामाथि हिंसा भएको पाइएको छ ।




***चार्ट नं. २१ :*** *घरेलु हिंसा प्रभावित महिलाहरूको पेसा र हिंसाको अवस्था*

### ५.३.६ घरेलु हिंसा र स्रोत साधनबाट बञ्चितीकरण


घटनाको तथ्याङ्क हेर्दा कुल घरेलु हिंसा भएका जम्मा ९१६ जना महिलालाई घरेलु हिंसा भएको र बहु-प्रकारका हिंसा एउटै महिलालाई भएको र महिला तथा बालबालिकालाई श्रोत साधनबाट वञ्चित गरिएको पाइएको छ। जसमा सबै भन्दा बढी खानलाउन नदिएको बेवास्ता गरेका महिला प्रभावित २५ प्रतिशत (२२५ जना) पाइएको छ । जसमा प्राय जस्तो वैदेशिक रोजगारमा गएका श्रीमान्ले बेवास्ता गर्ने र खर्च नपठाउने गरेको पाइएको थियो। कोहीले बहुविवाह गरेर छोडेको र कोही सम्पर्क विहीन भएको घटनाहरु पनि यस अन्तर्गत रहेको छ। त्यसैगरी १६ प्रतिशत (१५० जना) महिला तथा बालबालिकालाई श्रीमान् तथा परिवारले विवाह दर्ता नगरिदिएको, २१ प्रतिशत (१९० जना) महिलालाई माया र हेरचाह नभएको, र १४ प्रतिशत (१२८ जना) महिलाहरुलाई नागरिकताबाट वञ्चित गरेको, ११ प्रतिशत (१०० जना) बालबालिकालाई जन्मदर्ता जस्तो अति आवश्यक प्रमाणबाट वञ्चित गरेको तथ्याङ्कले देखाउँछ। त्यसैगरी एक प्रतिशत (१२ जना) लाई गतिशिलतामा रोक, १ प्रतिशत (६ जना) शिक्षाबाट वञ्चित, र १ प्रतिशत (११ जना) स्वास्थ्य उपचार सेवाबाट वञ्चित र १० प्रतिशत (९४ जना) महिला तथा बालबालिकालाई विभिन्न किशिमका हिंसाबाट प्रभाव परेको पाइएको छ । देशमा अनेकौ प्राविधिक विकास भएतापनि पित्रृसत्तामक सोच उस्तै रहेको यहाँबाट पुष्टि हुन्छ। यो भनेको मानव अधिकारको हनन् पनि हो।




***चार्ट नं. २२ :*** *घरेलु हिंसा र स्रोत साधनवाट वञ्चितीकरण*

### ५.३.७ घरेलु हिंसा र आरोपितसँगको सम्बन्ध


घरेलु हिंसाबाट प्रभावित महिला (९१६ जना) मध्ये ७७ प्रतिशत (७०३ जना) महिला आफ्नै श्रीमान् बाट, २२ प्रतिशत (२०५ जना) आफ्नै घरपरिवारका सदस्यहरूबाट, १ प्रतिशत (८ जना) न्यायिक अथवा परम्परात्मक रूपले विवाह नगरी संगै बस्दै गरेको व्यक्तिबाट हिंसामा परेको तथ्याङ्कले देखाएको छ ।




***चार्ट नं. २३ :*** *घरेलु हिंसा प्रभावित महिला र आरोपितसँगको सम्बन्ध*

### ५.३.८ घरेलु हिंसा प्रभावितलाई परेको असर:

यस परिच्छेदमा उल्लेख गरिएका विभिन्न तथ्याङ्कका आधारमा के स्प्रष्ट हुन्छ भने घरेलु हिंसाका कारण नेपाली महिला जो सबै उमेर समूहका छन्, अझ पनि सबै किसिमका हिंसाबाट प्रभावित हुने र त्यसमा पनि सबैभन्दा बढी सामाजिक असरबाट ग्रसित छन् । घरेलु हिंसाबाट प्रभावित महिला उमेर समूहका आधारमा ९१६ जना देखिएता पनि एउटै व्यक्तिमा धेरै किसिमका हिंसा भएकाले कुल मध्ये ६६ जना महिला यस वर्ष शारीरिक, मानसिक, आर्थिक, सामाजिक र अन्य सबै खालका हिंसाबाट प्रभावित भएको पाइएको छ । जसमध्ये पनि सबैभन्दा बढी २५ प्रतिशत (२२९ जना) महिलामाथि सामाजिक असर परेको पाइएको छ भने २४ प्रतिशत (२१९ जना) मानसिक असर, २३ प्रतिशत ( २१० जना) आर्थिक र २१ प्रतिशत ( १९२ जना) शारीरिक असर र ६ प्रतिशत (६६ जना) मा सबै खाले असर परेको पाइएको छ ।




***चार्ट नं. २४ :*** *घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर*

## निष्कर्ष:

तथ्याङ्क सङ्कलनका समयमा महिलाको गतिशीलताको अधिकारमा अंकुश लगाउने गतिविधि भएको र विशेष गरी आफ्नै श्रीमान् र परिवारका सदस्यहरूद्वारा उनीहरूमाथि हिड्डुलमा प्रतिबन्ध गरिएको पाइएको छ । घरेलु हिंसा प्रभावित महिला विशेषगरी शिक्षाबाट वञ्चित र गतिशीलतामा प्रतिवन्धित छन् । श्रीमान् वा परिवारबाट हिँडडुलमा नियन्त्रण गरिनुको कारण उनीहरूको साथी पुरूष पनि हुने वा हुन सक्ने भएकाले यस्तो सम्बन्धलाई परिवार र समाजले नराम्रो रूपमा हेर्ने हुनाले केही महिला यसैका कारण समेत घरबाट निकालिने गरेको पाईएको छ। त्यसैगरी माया, स्नेह, राम्रो हेरचाह र पौष्टिक आहारको नितान्त आवश्यकता भएको गर्भावस्था र सुत्केरीमा महिलालाई शारीरिक तथा मौखिक दुर्व्यवहार, मानसिक हिंसा गर्ने जसका कारणले गर्भपतन समेत भएको घटना अभिलेखीकरण भएको छ। कतिपयको शारीरिक दुर्व्यवहारका कारण गर्भपतन समेत भएको छ । त्यति मात्र होइन, सुत्केरी महिलालाई आधारभूत आवश्यकताको पनि अभाव छ। यस वर्षको घटना सङ्कलनबाट महिलाहरूको सहमति बिना उनलाई श्रीमान्ले जबर्जस्ती गर्भपतन गराएको समेत पाइएको छ, जुन दण्डनीय छ।

ओरेकको यस अध्ययनले समग्र हिंसाको ६५ प्रतिशत घर भित्र हिंसा भएको देखाउँछ भने प्रहरीको तथ्याङ्कले ८० प्रतिशत हिंसा घरेलु भएको देखाएको छ। यसले घर परिवार जहाँ महिलाले सबैभन्दा बढी सुरक्षा पाउनु पर्ने हो त्यस ठाउँ नै सबै भन्दा बढी असुरक्षित छ भन्ने कुराको पुष्टि गर्दछ। महिलाहरूले भोग्दै आएका घरेलु हिंसाका अनेक स्वरूप र प्रकारहरू देखिएका छन्। घरेलु हिंसाका स्वरूप मध्ये महिलामाथि दाइजो नल्याएको वा दाइजो कम ल्याएको निहुँमा, धेरै छोरी जन्माएको, विवाह भएको लामो समयसम्म बच्चा नजन्माएको आरोप, गालीगलौज, अपशब्द प्रयोग गर्ने तथा चारित्रिक आरोप लगाई श्रीमान् तथा परिवारका सदस्यबाट दैनिक शारीरिक तथा मानसिक यातना दिने गरेको यस अध्ययनका क्रममा देखिएको छ। यसैगरी हिंसा प्रभावित १४ प्रतिशत अर्थात १२८ जना महिला तथा बालबालिका नागरिकताबाट वञ्चित हुनुपरेको, १६ प्रतिशत अर्थात १५० जना विवाह दर्ताबाट वञ्चित, ११ प्रतिशत अर्थात १०० जनाले बच्चाको जन्मदर्ता गर्न नपाएको, २५ प्रतिशत अर्थात २२५ जनालाई श्रीमान् तथा परिवारले खान, लगाउन नदिई घर निकाला गरेको तथ्याङ्क छ। यसले के देखाउँछ भने महिलाहरूको अस्तित्व र स्वः पहिचानलाई अझै पनि स्वीकार गर्न नसकी नागरिकता र बच्चाको जन्मदर्ताका लागि अरूको भर पर्नु परेकाले घरेलु हिंसाबाट प्रभावित महिलाहरू संविधानले व्यवस्था गरेको मौलिक हक, अधिकारबाट समेत वञ्चित भई थप जोखिमयुक्त जीवन गुजार्न बाध्य हुनु परेको अवस्थालाई समेत अध्ययनले उजागर गरेको छ। महिला नागरिकता लिनबाट वञ्चित, विवाह दर्ताबाट वञ्चित र बालबालिकाको जन्मदर्ता नहुनुले स्थानीय सरकारको व्यक्तिगत घटना दर्ता गर्ने पञ्जीकरण कार्यक्रम प्रभावकारी कार्यान्वयन हुन नसक्ने देखिन्छ जसलाई अधिकारका क्षेत्रमा कार्यरत संघसस्था र नागरिक स्वंय समेतले पैरवी र खवरदारी गर्नु जरुरी छ।

घर-परिवार भित्र हुने हिंसाका घटनाहरूलाई भित्र भित्रै सुल्झाउने, ढाकछोप गर्ने वा उल्टै प्रभावितलाई नै दोषी देखाउने प्रवृत्ति, साथै घरेलु हिंसाका घटनामा उजुरी प्रक्रियामा जाँदा पनि सकेसम्म मेलमिलाप गर्न दबाव दिने गरिन्छ जसले गर्दा महिलाहरू मानसिक रूपमा विक्षिप्त हुने, सधैं अन्यायमा परेको महसुस गर्ने, आत्मविश्वास गुम्ने, नैराश्यताको सिकार भई आत्महत्याको प्रयास वा आत्महत्या समेत गर्ने गरेको पाइएको छ। शारीरिक असर बाहिरबाट प्रत्यक्ष रूपमा देखिने भए पनि मानसिक असर प्रति खासै कसैको ध्यान पुगेको पाइँदैन। तसर्थ शारीरिक असरका साथसाथै मानसिक असरलाई व्यवस्थापन र समाधान गर्न उत्तिकै ध्यान पुऱ्याउन जरुरी छ।

महिलाहरूमाथि हुने हिंसा व्यक्तिगत सम्बन्ध र घर-परिवार भित्रै निकै झाँगिएर मौलाएको स्पष्ट हुन्छ। महिलाको मानव अधिकारको सम्मान गर्दै घर भित्र वा घर-परिवारसँग जोडिएर हुने

हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्ता कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट प्रभावितलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले घरेलु हिंसा तथा कसुर सजाय ऐन, २०६६ र नियमावली, २०६७ समेत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । तथापि समाजका हरेक संरचनामा स्थापित विभेदपूर्ण सामाजिक सोच र महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणमा व्यक्तिगतदेखि नीतिगत तहसम्म परिवर्तन हुन नसकेका कारण घरेलु हिंसा तथा महिलामाथि हुने हिंसाले निरन्तरता पाउँदै आएको छ । तसर्थ प्रत्येक नागरिकको हिंसा रहित वातावरणमा सुरक्षित र सम्मानित तवरले जीवन जिउन पाउने अधिकार सुनिश्चिततताका लागि राज्य थप संवेदनशील हुनु जरुरी छ ।

## घटना अध्ययन : ३

### दाइजोका कारण घर छोड्न बाध्य भइन्

गरिब परिवारमा जन्मिएकी रिता (परिवर्तित नाम) सानी हुँदा आमा वितिन् । बुवाले अर्को विहे गरे । कान्छीआमा आए पछि रितालाई आफ्नै परिवार विरानो लाग्न थाल्यो । उनले झनै बढी दुःख गरेर बस्नु पर्‍यो । उनी कहिले आफन्तको घरमा त कहिले चिनेको मान्छेको घरमा बसिन् र जसो तसो कक्षा १२ सम्म पास गरिन् । २८ वर्षको उमेरमा उनको परिवारले सामाजिक परम्परा अनुसार उनको विहे गरिदिए । तर विहे गरेर गएपछि उनको दुःख झन थपियो । उनको श्रीमान् र सासुले उनलाई दाइजो नल्याएकी, खान लाउन नजान्ने गरिब भनेर हेला गर्न थाले उनीमाथि हिंसा हुन थाल्यो । परिवारले रितालाई राम्रोसँग खान लगाउन दिएन । बिरामी हुदाँ उनले उपचार पनि पाइनन् । सहन गाह्रो भएपछि उनले माइतीलाई बोलाइन् । दुवै पक्षवीच छलफल भयो । माइती पक्षसँगको छलफलमा केटाले उनलाई घरमा नराख्ने भनेपछि रिता माइतीमा आएर बस्न थालिन् ।

घर फर्किनका लागि रिताले पटकपटक श्रीमान्लाई सम्पर्क गरिन् । तर उनको श्रीमान् र सासुले वास्ता गरेनन् । माइत बस्न थालेको एक वर्ष भएपछि उनले चिनेको दिदीमार्फत वडा कार्यालयमा श्रीमान्माथि मौखिक उजुरी दिइन् । ओ सि एम सीका कर्मचारीहरुले पनि त्यो कुरा थाहा पाए । न्यायिक समिति मार्फत रिताको परिवारलाई बोलाएर छलफल गराइयो र मेलमिलाप गरेर घर पठाइयो । तर रिताको श्रीमान् र सासुले उनलाई फेरि पनि अमानविय व्यबहार गर्न थाले । उनलाई घरको माथिल्लो तलामा टिनले बनेको एउटा कोठामा बस्न दिएर परिवार भित्र बहिस्करण गरी मानसिक यातना दिन थालियो । ओसीएमसीले

फलोअप गर्दा उनको स्वास्थ्य खराब भएको थाहा भएपछि उपचारको लागि नगरपालिकाको कार्यालय, एबिसि नेपाल र ओसिको समन्वयमा शल्यक्रिया सफल भएको छ। अहिले उनलाई घरपरिवारले राम्रो नगरेको कारण स्वस्थ्य अवस्था राम्रो नहुन्जेलसम्म एबिसि नेपालको सुरक्षा आवासमा उनलाई राखिएको छ र उनी त्यहि बस्दै आएकीछिन् । उनलाई आवासको साथै, मनोविमर्श सेवा, कपडा र कानूनी परामर्श सेवा दिइएको छ तर पनि घरेलु हिंसाका कारण रीता मानसिक समस्याबाट भने पीडित नै छिन् । उनको स्वास्थ्य खराव हुनुमा घरेलु हिंसा मुख्य कारण देखिएको छ ।

# परिच्छेद–६

## सामाजिक हिंसा

### ६.१ महिला र सामाजिक हिंसा

महिलाप्रति हानिकारक सामाजिक मूल्य-मान्यता, धर्म संस्कार, परम्परा तथा संस्कृतिका आडमा हुने हिंसा नै सामाजिक हिंसा हो । समाजमा महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा पुरुषलाई हेर्ने सामाजिक, सांस्कृतिक मूल्य-मान्यतामा आधारित असमान र पूर्वाग्रही दृष्टिकोणका कारण महिलालाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने, कमजोर देखाउने, महिलाको क्षमतामाथि प्रश्न गर्ने, अविश्वास र अवमूल्यन गर्ने, अवसरबाट वञ्चित गराउने, महिलाको स्वतन्त्रतामाथि प्रश्न उठाउने जस्ता विभेदपूर्ण व्यवहार तथा हिंसा घर भित्रदेखि राज्य तहसम्म विद्यमान छ । यस्ता व्यवहारले महिलाको स्वतन्त्रता र आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई समेत चुनौती दिएको छ ।

एकात्मक केन्द्रिकृत राज्य संरचना परिवर्तन गरी स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा देश अघि बढिरहेको छ, तापनि नेपाली महिलाहरूले सोको अनुभूति गर्न सकेका छैनन् । व्यवस्था परिवर्तन भएपनि शासकको व्यवहारमा सामन्ती सोच परिवर्तन भएको छैन । जुन सोचले महिलालाई हेर्ने रुढीवादी दृष्टिकोण र पितृसत्ताको जरोलाई मलजल गरिरहेको छ । त्यसैले नेपाली महिला अझै पनि धर्म, संस्कृति र परम्पराको आडमा निकृष्ट खालका हिंसा सहन बाध्य छन् । यही कारण महिलाहरूलाई विभिन्न बहानामा अवसरहरूबाट वञ्चित गराइएको छ । यसकारण गणतान्त्रिक राज्य व्यवस्थामा समेत महिलाहरू दोस्रो दर्जाका नागरिकको रूपमा बस्न बाध्य छन् । जसले महिलाहरूको स्वतन्त्र, सम्मानित र आत्म सम्मानपूर्वक बाँच्न पाउने अधिकार कुण्ठित भएको छ । **नेपालको संविधानको धारा ३८ (३)** ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक

वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने गरेमा कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा उल्लेख छ।

साथै संयुक्त राष्ट्रसंघको **महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन समितिले (CEDAW Committee) छैठौं आवधिक प्रतिवेदन, २०१८ मा नेपाल सरकारलाई दिएको निश्कर्षात्मक सुझावमा** हानिकारक परम्परागत अभ्यासका आधारमा हुने हिंसाका घटनालाई नियन्त्रण गर्नका लागि कानूनको प्रभावकारी कार्यान्वयन गरी दोषीलाई कडा भन्दा कडा सजाय दिई हिंसा प्रभावितलाई उचित क्षतिपूर्ति प्रदान गर्नुपर्ने उल्लेख छ। साथै समितिले हानिकारक परम्परागत अभ्यासका आधारमा हुने हिंसा प्रभावितहरूले कुनै डर, त्रास, सामाजिक लाञ्छना विना उजुरी गर्न सक्ने वातावरण सिर्जना गर्न र प्रभावितलाई आवश्यक सुरक्षाबास सहयोग, मनोसामाजिक परामर्श, कानूनी परामर्श तथा सहयोग र स्वास्थ्य उपचारको व्यवस्थाको सुनिश्चितता गर्नका लागि नेपाल सरकारलाई सुझाव दिएको छ । यद्यपि हानिकारक परम्परागत अभ्यासका आधारमा गरिने हिंसा यथावतै छ र महिलाहरू विभिन्न स्वरूपमा हिंसाहरू खेप्दै कष्टकर जीवनयापन गर्न बाध्य छन्।

महिलामाथि हुने सामाजिक हिंसाको मुख्य कारण हानिकारक सामाजिक-सांस्कृतिक मूल्य-मान्यता, यही कारणले महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण हुन्। यस्तै दृष्टिकोणका कारण महिलाले सदियौंदेखि निभाउँदै आएका परम्परागत भूमिकामा मात्रै सिमित गर्न खोज्नु र यस्तै सङ्कुचित सोंच, हानिकारक परम्परागत अभ्यासलाई निरन्तरता दिनु पितृसत्ताको चाहना हो। सामाजिक-सांस्कृतिक संरचनाहरूलाई परिवर्तन गर्ने वातावरण तयार गर्न महिलालाई हेर्ने परम्परागत दृष्टिकोण महिलाप्रति गरिने व्यवहार, सामन्ती संस्कारको बाहुल्य भएको समाज तथा धर्म र संस्कृतिको नाममा भइरहेका विभेदको जरैदेखि अन्त्य गर्न जरुरी छ। यस वर्ष महिलामाथि भएका कुल तथ्याङ्क मध्ये ११ प्रतिशत (१७५ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ।

## ६.२. सामाजिक हिंसाका परिणाम र विश्लेषण




### ६.२.१ महिलामाथि सामाजिक रूपमा भएका हिंसाका स्वरुपहरू

सामाजिक हिंसाका विभिन्न स्वरुपहरू रहेका छन्। सामाजिक हिंसा भित्र बोक्सीको आरोपमा गरिने अमानवीय व्यवहार, गालीगलौज, चारित्रिक आरोप, एसिड खन्याउने, जवरजस्ती र कम उमेरमा गरिदिने विवाह जस्ता कार्य पर्दछन्। महिलामाथि हुने सामाजिक हिंसाको मुख्य कारण हानिकारक

सामाजिक सांस्कृतिक मूल्य मान्यता, यही कारणले महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण, महिलाले सदियौंदेखि निभाउँदै आएका परम्परागत भूमिकामा मात्रै सिमित देख्न चाहनु, यी र यस्तै संकुचित सोच र हानिकारक परम्परागत अभ्यास रहेका छन् ।


यस अध्ययनमा महिलामाथि हुने सामाजिक हिंसालाई ५ वटा स्वरुपमा प्रस्तुत गरिएको छ । संकलित तथ्याङ्क अनुसार महिलाहरूमाथि भएका सामाजिक हिंसा जम्मा १७५ जनामा भएको पाइएको छ जसमध्ये पनि बढी मात्रामा ३९ प्रतिशत (६९ जना) मा सामाजिक र सांस्कृतिक तथा धर्मका आडमा कुटपिट र शारीरिक हिंसा भएको पाइएको छ । त्यसैगरि १७ प्रतिशत (३० जना) लाई विभिन्न बहानामा गालीगलौज गर्ने र १४ प्रतिशतलाई श्रोत साधन (खानलाउन नदिने, नागरिकताबाट बञ्चित, जन्मदर्ता प्रमाणपत्र नभएको, माया स्नेहबाट बञ्चित, स्वास्थ्य चेकजाँच नगर्ने, जग्गा जमिनमाथिको अधिकार, शिक्षाबाट बञ्चित) बाट वञ्चितिकरण गरी हिंसा भएको पाइएको छ जसबाट कुल १७५ जनामध्ये ३१ जना अर्थात १८ प्रतिशत महिला यस किसिमका हिंसाबाट प्रभावित भएको पाइएको छ । त्यसैगरी १३ प्रतिशत (२३ जना) लाई चारित्रिक आरोप, र २२ प्रतिशत (३१ जना) माथि बालविवाह सम्बन्धि सामाजिक हिंसाका घटना अभिलेख भएका छन् ।




***चार्ट नं. २५ :*** *महिलामाथि हुने सामाजिक हिंसाका स्वरुप*

### ६.२.२ सामाजिक हिंसा र प्रभावितको वैवाहिक अवस्था


सामाजिक हिंसाबाट प्रभावित १७५ जना महिलाको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा विवाहित महिलामाथि सबैभन्दा बढी ६५ प्रतिशत (११३ जना) हिंसा भएको पाइएको छ । त्यसैगरी २५ प्रतिशत (४४ जना) अविवाहित महिला, १० प्रतिशत (१७ जना) एकल महिला र एक प्रतिशत (१ जना) पारपाचुके गरेकी महिला यस किसिमका हिंसाबाट प्रभावित भएको पाइएको छ । यो हिंसाबाट महिला तथा बालिकाहरु प्रभावित भएको पाइएको छ ।




***चार्ट नं. २६ :*** *सामजिक हिंसाका प्रभावितहरूको वैवाहिक स्थिति*

### ६.२.३ सामाजिक हिंसा र प्रभावितको उमेर


सामाजिक हिंसाबाट प्रभावित किशोरीहरूमा सबैभन्दा बढी १८ वर्षभन्दा कम उमेरका १४ प्रतिशत (२६ जना) रहेका छन् । १८ देखि २५ वर्ष उमेर समूहका १९ प्रतिशत (३३ जना) किशोरी तथा महिलाहरु, २६ देखि ३५ वर्ष उमेर समूहका २६ प्रतिशत (४५ जना) महिला सबैभन्दा बढी सामाजिक हिंसामा परेका छन् । यसैगरी २३ प्रतिशत (४० जना) ३६ देखि ४५ वर्ष उमेर समूहका, ४६ देखि ५५ वर्ष उमेर समूहका १३ प्रतिशत (२३ जना) र ५६ देखि माथिका ५ प्रतिशत (८ जना) महिला सामाजिक हिंसाबाट प्रभावित भएको यस वर्षको तथ्याङ्कले देखाएको छ ।





***चार्ट नं. २७ :** उमेरका आधारमा महिलामाथि भएका सामाजिक हिंसाको अवस्था*

## ६.२.४ सामाजिक हिंसा र प्रभावितको शिक्षाको स्तर

सामाजिक हिंसाबाट प्रभावितहरूको शैक्षिक स्तरबारे विश्लेषण गर्दा कुल १७५ जना प्रभावित मध्ये ६५ प्रतिशत (११४ जना) साक्षर र ३५ प्रतिशत (६१ जना) निरक्षर महिलामाथि हिंसा भएको पाइएको छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ५१ प्रतिशत (५८ जना), माध्यमिक शिक्षा पुरा गरेका ३५ प्रतिशत (४० जना), स्नातक तह अध्ययन गरेका चार प्रतिशत (४ जना) महिलामाथि हिंसा भएको छ । साथै स्नातकोत्तर तह पूरा गरेका एक प्रतिशत ( १ जना) महिला सामाजिक हिंसामा परेका छन् भने प्राविधिक शिक्षाबाट लाभान्वित ९ प्रतिशत (१० जना) महिलामाथि हिंसा भएको पाइएको छ । यसले के देखाउँछ भने बुझ्केका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरू समेत सामाजिक हिंसाबाट प्रभावित छन् । शिक्षाको तह बढ्दै जाँदा भने हिंसाको दर पनि घटेको कुरा तथ्याङ्कले देखाएको छ ।




*चार्ट नं: २८: सामाजिक हिंसा र शैक्षिक अवस्था*





*चार्ट नं. २९ : सामाजिक हिंसा र साक्षरताको अवस्था*



## ६.२.५ सामाजिक हिंसा र प्रभावितको जात/जातीयता

सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ३० प्रतिशत (५३ जना) तराई/मधेसी अन्य जातिका महिला रहेको अभिलेखीकरणले देखाएको छ । त्यसैगरी २० प्रतिशत (३५ जना) तराई दलित, १० प्रतिशत (१७ जना) पहाडे ब्राम्हण/क्षेत्री, ८ प्रतिशत (१४ जना) पहाडे दलित,


१६ प्रतिशत (२८ जना) पहाडे आदिवासी जनजाती, ८ प्रतिशत (१४ जना) तराई आदिवासी जनजाति साथै ३ प्रतिशत (६ जना) मुस्लिम महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । यसबाट सामाजिक हिंसा सबै जात र जातिमा व्याप्त छ र महिला भएकै कारण यस किसिमका हिंसाबाट प्रभावित छन् भन्ने कुराको पुष्टि हुन्छ ।




**चार्ट नं. ३० :** *जात/जातीय आधारमा महिलामाथि भएको सामाजिक हिंसाको अवस्था*

## ६.२.६ सामाजिक हिंसा र प्रभावितको पेसा


सामाजिक हिंसाबाट प्रभावित महिलाको तथ्याङ्कलाई पेसागत रुपमा विश्लेषण गर्दा धेरैजसो महिला जो घरायसी काममा संलग्न छन् उनीहरूमा हिंसाको दर बढी भएको पाइएको छ । सामाजिक हिंसाबाट प्रभावित ३७ प्रतिशत (६५ जना) महिला घरायसी काममा संलग्न छन् । त्यसैगरी १९ प्रतिशत (३४ जना) कृषि तथा पशुपालनमा संलग्न, १७ प्रतिशत (२९ जना) विद्यार्थी, १४ प्रतिशत (२५ जना) दैनिक ज्याला मजदुरी गरेर जीवनयापन गरिरहेका महिला र ६ प्रतिशत (११ जना) साना व्यापारमा संलग्न, एक प्रतिशत (३ जना) सरकारी सेवामा संलग्न, पाँच प्रतिशत (१२ जना) गैरसरकारी सेवामा, एक प्रतिशत (१ जना) जागिर खोज्दै र निजि क्षेत्रमा चार प्रतिशत (७ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।




***चार्ट नं. ३१ :*** *सामाजिक हिंसा प्रभावित महिलाहरूको पेसागत अवस्था*

## ६.२.७ सामाजिक हिंसा र आरोपितसँगको सम्बन्ध


सामाजिक हिंसाबाट प्रभावित महिला र आरोपितसँगको सम्बन्ध बारे विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी छिमेकीबाट हिंसा भएको पाइएको छ । महिलामाथि भएका कूल सामाजिक हिंसा मध्ये ३७ प्रतिशत (६४ जना) मा छिमेकीबाट हिंसा भएको छ भने बाँकी २३ प्रतिशत (४१ जना) लाई समुदायका सदस्य, ६ प्रतिशत (११ जना) लाई परिवारका सदस्यबाट र १० प्रतिशत (१८ जना) लाई आत्मीय ठानेका साथीले हिंसा गरेका छन् । यसैगरी आठ प्रतिशत (१४ जना) लाई श्रीमान्, चार प्रतिशतलाई (७ जना) सेवाप्रदायक संस्थाका अधिकारीले, एक प्रतिशत (२ जना) लाई अपरिचित व्यक्तिबाट र पाँच प्रतिशत ( ९ जना) लाई अन्य (पहिलोको श्रीमान् र विवाह हुन लागेको केटा) व्यक्तिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।




***चार्ट नं. ३२ :*** *सामाजिक हिंसा प्रभावितहरूको आरोपितसँगको सम्बन्ध*

## ६.२.८ सामाजिक हिंसा र प्रभावितलाई परेको असर

महिलामाथि भएको सामाजिक हिंसाका कारण प्रभावितलाई मानसिक, शारीरिक, सामाजिक, आर्थिक र सबै प्रकारका असर परेको पाइएको छ। जसमा कुल १७५ जना महिलामाथि सामाजिक हिंसा भएकोमा २६ प्रतिशत (४५ जना) मा सामाजिक असर, २३ प्रतिशत (४१ जना ) मा मानसिक असर, १४ प्रतिशत (२५ जना) मा आर्थिक असर, १३ प्रतिशत (२२ जना) मा शारीरिक असर परेको पाइएको छ भने कुल प्रभावित मध्ये ४२ जनालाई सबै प्रकारका असर परेको पाइएको छ, जुन कुल संख्याको २४ प्रतिशत हुन आँउछ।




***चार्ट नं ३३ :*** *सामाजिक हिंसाबाट प्रभावितलाई परेको असर*

## निष्कर्ष:

ओरेकले यस वर्ष अभिलेख गरेका महिला हिंसाका घटनाको विश्लेषण गर्दा महिलाहरूमाथि घरेलु हिंसापछि सबैभन्दा बढी सामाजिक हिंसा भएको पाइएको छ । यस वर्ष सङ्कलन गरिएको तथ्याङ्क हेर्दा १२ प्रतिशत (१७५ जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । जसमा सबैभन्दा बढी धार्मिक, साँस्कृतिक र सामाजिक कुरीतिका कारण भएको शारीरिक हिंसा रहेको छ जुन तथ्याङ्क गत वर्ष ३० प्रतिशत थियो भने यस वर्ष सबै भन्दा बढी अर्थात ४२ प्रतिशत रहेको छ । गत वर्ष बाल विवाहको घटना २९ प्रतिशत थियो भने यस वर्ष यो आठ प्रतिशतमा झरेको छ । यसले महिलामाथि हुने सामाजिक हिंसामा अझ पनि रूढीवादी परम्परा र हानिकारक परम्परागत अभ्यासका कारण महिलाहरू प्रभावित भइरहेको अवस्था विद्यमान छ भन्ने कुरालाई देखाएको छ ।



त्यसैगरी यस वर्ष सामाजिक हिंसाबाट प्रभावितहरूमा सबैभन्दा बढी सामाजिक असर परेको पाइएको छ । जसमा २६ प्रतिशत (४५ जना) महिलामा सामाजिक असर, त्यसपछि २३ प्रतिशत (४१ जना) महिलामा मानसिक असर, १४ प्रतिशत ( २५ जना) मा आर्थिक असर, १३ प्रतिशत (२२ जना) मा शारीरिक असर परेको छ भने २४ प्रतिशत (४२ जना) मा हिंसाका कारण सबैखाले

असर परेको तथ्याङ्कले देखाएको छ। महिलाहरूमा पर्ने असरको प्रतिशतमा केही भिन्नता भएतापनि सामाजिक हिंसाका कारण महिलाको जीवनमा सबै प्रकारका असर पर्ने गरेको अध्ययनका क्रममा पाइएको छ ।

यतिमात्र हैन सामाजिक हिंसा हुने उमेर समूहलाई विश्लेषण गर्दा २६ देखि ३५ वर्ष उमेरका महिला बढी सामाजिक हिंसाबाट प्रभावित छन् । यसले के देखाउँदछ भने यो उमेर समूह विवाह गरेर गृहस्थ जीवनको अभ्यासमा हुन्छ । आफ्नो व्यवसायिक जीवनमा एकदम सक्रिय हुन्छ वा रोजगारको अवसरको खोजीमा रहन्छ। त्यहि उमेरमा उ माथि सामाजिक हिंसा धेरै भएको देखिनुले महिला सक्रिय भएको, कामका लागि बाहिर निस्केको समाजले अझै पनि स्वीकार्न सकेको छैन, त्यसकारण महिलाको स्वःनिर्णयको अधिकार र गतिशिलताको अधिकार तथा कामको अधिकारमाथि नियन्त्रण गर्न खोजिरहेको स्पष्ट हुन्छ । अर्कोतर्फ सामाजिक हिंसा निरक्षर र आधारभूत शिक्षा हासिल गरेका महिलामाथि बढी भएको देखिएकाले यस किसिमका हिंसाका बारेमा जनचेतनामूलक कार्यक्रमको आवश्यकता रहेको देखिएको छ । यसका साथै उनीहरूलाई कानूनी अधिकार र अभ्यासका बारेमा सचेत बनाई हिंसा विरुद्ध प्रतिकार क्षमता बढाउनु पर्ने र सशक्तिकरणमा जोड दिनु आवश्यक छ भन्ने यो तथ्याङ्कले दर्शाउँछ । यसैगरी यस वर्षको सामाजिक हिंसा तराई दलित र तराई मधेशी जनजातीमा बढी देखिएको छ जसबाट के पुष्टि हुन्छ भने जातका आधारमा महिलाहरूमाथि गरिने हिंसा अझ व्यापक छ । पेसागत रूपमा हेर्दा घरायसी काम र कृषि तथा पशुपालनमा संलग्न महिलाहरूमा सामाजिक हिंसा बढी भएको पाइनुले घरायसी तथा कृषि तथा पशुपालनको कामलाई कामको रूपमा मान्यता नदिने वा सम्मान नगर्ने चलन विद्यमान छ भन्ने देखाएको छ । त्यसैले अबको पैरवीले जातीय विभेद र घरायसी कामलाई औपचारिक कामको रूपमा मान्यता दिनु पर्ने विषयमा केन्द्रित हुन जरुरी रहेको तथ्याङ्कले औंल्याएको छ । साथै वैवाहिक सम्बन्धको आधारमा हेर्दा महिला हिंसा अविवाहित महिलाको तुलनामा विवाहित महिलामा बढी देखिनुले महिलाको आर्थिक अभाव, विवाह पश्चात् महिलाले विभिन्न भूमिका निर्वाह गर्नु पर्ने कारण समेत सामाजिक हिंसाबाट प्रभावित हुनु परेको पुष्टि हुन्छ ।

नेपालमा **'बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२'** पारित भएको आठ वर्ष पुरा भइसकेको छ भने बालविवाह तथा बहुविवाह कानूनी रूपमा बर्जित छ । तरपनि बोक्सीको आरोपमा महिलाहरू प्रताडित भइरहनु पर्ने विडम्बना छ भने बालविवाहका घटनाहरू बढ्दो क्रममा नै छन् । बहुविवाह गरेको खण्डमा दोस्रो विवाह नै बदर हुने प्रावधान कानूनमा छ तर वास्तविकता अर्कै छ । महिला विरूद्धका हिंसामा कतिपय कानूनी व्यवस्था स्पष्ट छैनन् र भएका ऐन, कानून,

व्यवस्थाको प्रभावकारी र कार्यान्वयन र कार्यान्वयनमा इमान्दारिता समेत छैन । जसमा सेवा प्रदायक निकायका जिम्मेवार पदाधिकारीहरूको घटना प्रतिको असंवेदनशीलता र अस्पष्टताका कारणले गर्दा समाजमा यस्ता हर्कत विद्यमान छन् । जसको उचित सम्बोधन र व्यवस्थापनका लागि निश्चित कार्यक्रम र दिशानिर्देश हुन जरुरी छ ।

## घटना अध्ययन : ४

### रोकिएन बोक्सीको आरोपमा महिलामाथिको कुटपिट

निमि (परविर्तित नाम) खान लाउन पुग्ने राम्रै परिवारमा जन्मिएकी हुन् । आमाको मृत्युपछि बुवाले सौतेनी आमा भित्राए । आमाको व्यवहार उनी प्रति राम्रो भएन । दिक्क भएर निमिले गाँउकै एक युवकसँग भागेर विहे गरिन् । १४ वर्षमै विहे गरेकी उनले एक छोरी र दुई छोरा जन्माइन् । निमिको श्रीमानको व्यवहार राम्रै भए पनि गरिबीका कारण घरमा खान लाउन समस्या थियो । त्यसैले घर सल्लाह गरी निमिका श्रीमान् वैदेशिक रोजगारको लागि विदेश गए । श्रीमान् विदेश गएपछि घर व्यवहारको सम्पूर्ण जिम्मेवारी निमिको काँधमा थियो । घरका सबै व्यवहार, छोराछोरीको लालनपालन गर्नुपर्ने जिम्मेवारी उनको एक्लो काँधमा आयो । उनले दु:ख सुख छारोछोरीको पालनपोषण गरिरहेकी थिइन् तर एक दिन उनलाई आफ्नै छिमेकीले बोक्सीको आरोपमा कुटपिट गरे । २०७४ फागुन १८ गते छिमेकी गोरे खत्री उनको घरमा आएर आफ्नी बुहारीलाई बोक्सी लागेर बिमारी पारेको भन्दै गाउँ निकाल्ने धम्की दिँदै कुटपिट गर्न थाले । आमालाई बचाउन आउँदा उनकी छोरीलाई पनि १७/१८ जनाको समूहले कुटपिट गरेर घाइते बनाए । यसरी कुटपिट गर्नेमा गाँउका शिक्षक र महिला पनि थिए । हो हल्ला सुनेर अरू गाँउलेहरू पनि आए पछि बल्ल पीडकहरू त्यहाँबाट भागेका थिए । कुटपिटबाट घाइते भएका आमा छोरी प्रहरीमा उजुरी गर्न जाँदा गाँउलेहरूले गाउँमै कुरा मिलाइसकेको भन्दै प्रहरीले उजुरी लिन मानेन । त्यसपछि अर्को दिन प्रहरी चौकीमा घाइते अवस्थामै पुगेर उजुरी गर्दा छानविन गरे पछि मात्र मुद्दा दर्ता गर्नु पर्छ भनी मुद्दा दर्ता गर्न मानेन । मुद्दा दर्ता नभएपछि निराश भएर पीडितहरू उपचारका लागि उपक्षेत्रीय अस्पताल गए उनीहरूमाथि भएको घटनाका बारेमा एक जना स्थानीयले थाहा पाएर ओरेकलाई जानकारी गराए । निमि र उनकी छोरीलाई ओरेकले सुरक्षावासमा राख्यो । उपचार तथा मुद्दा दर्ताका लागि प्रकृया अगाडि बढाउन सहजीकरण गर्‍यो । बल्ल प्रहरीले पीडकहरू विरुद्ध मुद्दा दर्ता गर्‍यो । यदि ओरेकले सहजीकरण नगरेको भए पीडक र प्रहरी मिलेर मुद्दा दर्ता हुन दिने थिएनन् । सुरक्षा आवासमा पुगेपछि इलाका प्रहरी चौकीको प्रमुखले ओरेकका संयोजकलाई

निमि र उनकी छोरीलाई तुरून्त गाँउ पठाउन भन्दै धम्की समेत दिएका थिए । निरन्तरको दवावपछि कुटपिट गर्ने सबै माथि नभए पनि मुख्य ७ जना आरोपीको नाममा मात्र मुद्दा दर्ता भएको छ । स्थानीय राजनीतिक नेता र कर्मचारीले सो घटनालाई अन्यत्र मोड्न स्थानीय एउटा आमा समूहलाई दवाव दिएका छन् । त्यो घटना आपसी लेनदेनको बिबादमा भएको बोक्सीको आरोप लगाएर कुटपिट नभए भनी निर्णय गर्न आमा समूहलाई लगाइएको छ । पीडकहरूले आफ्नो शक्तिको चौतर्फी प्रयोग गरी पीडितलाई मुद्दा फिर्ता लिन निरन्तर दवाव दिएका छन् । सो घटना बारे महिला मानव अधिकार सञ्जालले सत्य तथ्य बुझ्न सहकार्य गरेको छ ।

# परिच्छेद–७

## बलात्कार

### ७.१ बलात्कार र महिला हिंसा

बलात्कार मानव अधिकार हनन्को जघन्य र निकृष्ट अपराधको स्वरूप हो । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाको शरीरलाई नियन्त्रण गर्ने एउटा महत्वपूर्ण हतियारको रूपमा बलात्कारलाई लिएको पाइन्छ । महिलाहरूको समान अस्तित्वलाई स्विकार नगरी उनीहरूलाई उपभोग्य वस्तुको रूपमा लिने, महिलाको यौनिकतालाई परिवार र समाजको इज्जतसँग जोड्ने परम्पराका कारण महिलाको शरीर माथिको नियन्त्रण जारी रहेको र परिणाम स्वरूप महिला तथा बालिकामाथि दिन प्रतिदिन बलात्कारका घटना भइरहेका छन् । नेपालको संविधान २०७२ ले बलात्कार लगायत महिलामाथि हुने सबै प्रकारका हिंसालाई कानूनी रूपमा दण्डनीय बनाई प्रभावित/पीडितले कानून बमोजिम न्याय तथा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यद्यपि हिंसाका घटनाहरू नियन्त्रण हुन सकिरहेका छैनन् । महिलाको शरीर आफ्नो नियन्त्रणमा नहुनु, बलात्कार हुनुको दोष महिलाको शरिर र उनको पहिरन माथि निर्भर हुन्छ भन्ने कुरामा विश्वास गर्नु, महिलाको यौनिकतालाई परिवारको इज्जतका रुपमा लिइनु, महिलाको पहिचानलाई उनको यौनिकतासँग दाँजेर हेर्ने सोच नै प्रमुख रुपमा समाजमा विद्यमान बढ्दो "बलात्कार" का घटनाका लागि जिम्मेवार पक्ष हुन् । बलात्कार कुनै सामान्य अपराध होइन । मुलुकी अपराध संहिता, २०७४ को दफा २ (च) अन्तर्गत यो जघन्य अपराधको रुपमा मानिन्छ। यो व्यक्ति विरुद्ध मात्रै नभएर सिंगो समाज विरुद्धकै अपराध हो। यस्तो अपराधले समाज नै भयभीत र त्रस्त हुन्छ। यसले महिला र बालबालिकामा चरम असुरक्षाको भाव तथा अवस्था पैदा गर्दछ।

नेपालको सर्वोच्च अदालतले वैवाहिक बलात्कार सम्बन्धी आफ्नो आदेश (२०५८ सालको रिट नं. ५५, आदेश २०५९ वैशाख १९) मा बलात्कार अपराधको गाम्भीर्यतालाई यसरी चित्रित गरेको छ, 'जबर्जस्ती करणी अपराध पीडित महिला विद्धरुको मात्र नभई सिङ्गो समाज विरुद्धको अपराध

हो । हत्याले मानिसको भौतिक शरीर त नष्ट पारिदिन्छ, तर जबर्जस्ती करणीको अपराधले पीडित महिलाको शारीरिक, आध्यात्मिक र मानसिक स्थितिलाई नै क्षत-विक्षत गर्दछ ।' बलात्कारको जघन्य प्रकृतिकै कारण यस्ता मुद्दामा क्षमादान, माफी, मुद्दा फिर्ता समेत वर्जित छन् ।' [८]

नेपाल प्रहरीमा यस वर्ष उजुरीमा आएको कूल तथ्याङ्कलाई हेर्ने हो भने दैनिक औसत ७ जना महिला तथा बालिकामाथि बलात्कार हुने गरेको देखिन्छ । ओरेकमा पनि यस वर्ष सङ्कलन गरेको महिला हिंसाका घटना मध्ये १८७ वटा घटना बलात्कारका छन् । जसमा बलात्कार, सामूहिक बलात्कार, बलात्कार प्रयास र वैवाहिक बलात्कारको घटनाका तथ्याङ्क सङ्कलन भएको छ । बलात्कार जस्तो जघन्य अपराधका घटनामा राखिएको हदम्याद, घटनामा मेलमिलाप गराउने प्रवृत्ति, घटनामा हिंसा प्रभावित/पीडितले परिवार र समाजबाट अपहेलित हुनुपर्ने डर तथा पीडकले दिने धम्कीका कारणले गर्दा घटना होस्टाइल हुने गरेको र अझै पनि घटनाहरू सार्वजनिक हुन नसकेका अवस्था विद्यमान छ ।

सञ्चार माध्यम मार्फत सार्वजनिक भएका बलात्कारका घटनामा पनि पीडित/प्रभावितले न्यायिक प्रक्रियामा जानका लागि भोग्नु परेको सास्ती, प्रभावितले भोग्नु पर्ने सामाजिक लाञ्छना, पीडक पक्षको दबाव र प्रभाव आदि कारणले गर्दा घटना बीचैमा छाड्नु पर्ने बाध्यता छ । यसैगरी बलात्कारका घटनामा हुने राजनीतिक संरक्षणले गर्दा दण्डहीनताले प्रश्रय पाएको छ । समाजमा बलात्कार जस्ता जघन्य अपराधका घटनामा पीडकले पाएको उन्मुक्तिका कारणले आफूमाथि भएको घटनालाई बाहिर ल्याउन हिंसा प्रभावितले कैयौँ पटक सोच्ने गरेको पीडित/प्रभावितले बताएका छन् ।


## ७.२ बलात्कार र यसको विश्लेषण

### ७.२.१ बलात्कार र आरोपितसँगको सम्बन्ध

महिलाहरू अन्जानबाट भन्दा चिने जानका र आफ्नै वरीपरिका व्यक्तिहरूबाट नै बढी बलात्कृत भएका छन् । जम्मा १८७ वटा बलात्कारका घटना मध्ये सबैभन्दा बढी २१ प्रतिशत (३८ जना) महिला छिमेकीबाट, यसैगरी १३ प्रतिशत (२४ जना) श्रीमानबाट, १३ प्रतिशत (२४ जना) परिवारका सदस्य जस्तै आफ्नै बाबु, काका, मामा, ससुरा, देवरबाट महिला तथा बालिकाहरू बलात्कृत भएको तथ्याङ्कले देखाउँछ । नौ प्रतिशत (१७ जना) प्रभावित आफूले आत्मीय ठानेका साथीबाट, १३ प्रतिशत (२४ जना) साथीबाट, पाँच प्रतिशत (९ जना) सेवा प्रदायक संस्थाका

8 https://ekantipur.com/opinion/2022/06/08/165465255281976967.html

अधिकारीबाट, १३ प्रतिशत (२४ जना) समुदायका सदस्यबाट, पाँच प्रतिशत (१० जना) कानूनी एवं सामाजिक परम्परा अनुरूप विवाह नगरेका तर विवाहित सरह सँगै बसेकाबाट, एक प्रतिशत (२ जना) शिक्षकबाट, तीन प्रतिशत (६ जना) अपरिचित व्यक्तिबाट, चार प्रतिशत (८ जना) अपरिचित (गाडी चालक) व्यक्तिबाट बलात्कृत भएको तथ्याङ्क प्राप्त भएको छ ।




***चार्ट नं. ३४ :*** *बलात्कार प्रभावित महिलाको आरोपितसँगको सम्बन्ध*

## ७.२.२ बलात्कार र प्रभावितको उमेर


महिला तथा बालिकामाथि जुनसुकै उमेरमा पनि बलात्कार हुन सक्दछ भन्ने तथ्य यस वर्षको तथ्याङ्कले उजागर गरेको छ । यस वर्ष उमेर समूह अनुसार हेर्ने हो भने कुल वलात्कारका घटना मध्ये ३८ प्रतिशत २० जना) २६ देखि ३५ वर्ष उमेरका महिला बलात्कृत भएका छन् । त्यसैगरी १८ देखि २५ वर्ष उमेर समूहका ३० प्रतिशत (५७ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका ८ प्रतिशत (१५ जना), ४६ देखि माथि उमेर समूहका ५ प्रतिशत (९ जना) महिला बलात्कार जस्तो जघन्य अपराधको सिकार भएका छन् । यसैगरि १८ वर्ष भन्दा कम उमेर समूहका सबैभन्दा बढी ३६ प्रतिशत (६८ जना) बालिका तथा किशोरीमाथि बलात्कार भएको छ ।





***चार्ट नं. ३५ :*** *बलात्कार प्रभावित महिलाहरूको उमेरका आधारमा हिंसाको परिणाम*

## ७.२.३ बलात्कार र प्रभावितको शैक्षिक अवस्था

बलात्कारबाट प्रभावित महिलाको शैक्षिक स्तरबारे विश्लेषण गर्दा निरक्षरको तुलनामा साक्षर महिला नै बलात्कारबाट बढी प्रभावित हुने गरेको पाइएको छ। यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा कुल १८७ बलात्कार महिला मध्ये १४ प्रतिशत निरक्षर (२७ जना) र ८६ प्रतिशत (१६० जना) साक्षर महिलामाथि बलात्कार भएको पाइएको छ। यसैगरी महिलाको शैक्षिक अवस्था हेर्दा ५७.५० प्रतिशत (९२ जना) आधारभूत तह अध्ययन गरेका, ३०.६२ प्रतिशत (४९ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा ९.३८ प्रतिशत (१५ जना) जना स्नातक तह, १.२५ प्रतिशत (२ जना) स्नातकोत्तर तह अध्ययन गरेका, ०.६३ प्रतिशत (१ जना) प्रौढ़ शिक्षा अध्ययन गरेका, ०.६३ प्रतिशत (१ जना) प्रविधिक शिक्षा अध्ययन गरेका महिलामाथि बलात्कार भएको पाइएको छ। तर अभिलेख गरिएको तथ्याङ्कमा न्याय खोज्न वा उजुरी गर्न निरक्षर महिला भन्दा साक्षर र शिक्षित महिला बढी अग्रसर र सचेत भएका कारणले पनि साक्षरको धेरै र निरक्षर महिलाको संख्या थोरै भएको हुन सक्ने अनुमान गर्न सकिन्छ।





***चार्ट नं. ३६ :*** *बलात्कार प्रभावित महिलाको साक्षरताको अवस्था,* ***चार्ट नं. ३७ :*** *बलात्कार प्रभावित महिलाको शैक्षिक अवस्था*

## ७.२.४ बलात्कार र प्रभावितको जात/जातीयता


बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २१ प्रतिशत (३९ जना) तराई/मधेसी अन्य जातिका रहेका छन् । त्यसपछि क्रमशः १९ प्रतिशत (३६ जना) पहाडे आदिवासी/जनजाति, ,१४ प्रतिशत (२६ जना) पहाडे दलित, १३ प्रतिशत तराई दलित (२४ जना), १२ प्रतिशत (२३ जना) पहाडे ब्राह्मण/क्षेत्री, रहेका छन् । यसै गरी १० प्रतिशत (१९ जना) तराई आदिवासी जनजाती, छ प्रतिशत (११ जना) मुस्लिम, चार प्रतिशत (८ जना) तराई ब्राह्मण/क्षेत्री, चार प्रतिशत (८ जना) तराई ब्राह्मण/क्षेत्री महिला बलात्कारबाट प्रभावित भएका छन् ।




***चार्ट नं. ३८ :*** *जात/जातीय आधारमा महिलामाथि भएको बलात्कारको स्थिति*

## ७.६ बलात्कार र प्रभावितको पेसा

बलात्कारबाट प्रभावित भएका जम्मा १८७ महिलामध्ये कम उमेरका बालिका र पढ्दै गरेका उमेर समूहका महिला तथा बालिकाको संख्या धेरै रहेको पाइएको छ। जुन कुरा ४३ प्रतिशत (८१ जना) बालिका विद्यार्थी  धेरै बलात्कृत भएको तथ्याङ्कले पुष्टि गर्दछ। त्यसैगरी २७ प्रतिशत (५१ जना) घरायसी काममा संलग्न, १० प्रतिशत (१९ जना) दैनिक ज्याला मजदुरी गर्ने, आठ प्रतिशत (१५ जना) कृषि पेसा, चार प्रतिशत (७ जना) निजी क्षेत्र, तीन प्रतिशत (५ जना) सामान्य व्यापार व्यवसायमा संलग्न र एक प्रतिशत (२ जना) सरकारी सेवामा रहेका महिलामाथि बलात्कार भएको छ। त्यस्तै चार प्रतिशत (७ जना) अन्य पेशा नखुलेका विभिन्न क्षेत्रमा कार्यरत महिला बलात्कृत भएका छन्।





***चार्ट नं. ३९ :*** *पेसागत आधारमा महिलामाथि भएको बलात्कारको अवस्था*

## ७.२.६ बलात्कार र आरोपितको उमेर

बलात्कारमा सम्लग्न आरोपित व्यक्तिहरूको उमेरको आधारमा हेर्दा सबैभन्दा बढी १८ देखि २५ र २६ देखि ३५ वर्ष उमेर समूहका युवा पुरुष बलात्कारमा संलग्न भएको तथ्याङ्कले देखाएको छ। तथ्याङ्क अनुसार २५ प्रतिशत (४६ जना) १८ देखि २६ वर्ष उमेरका र २७ प्रतिशत (५१ जना) २६ देखि ३५ वर्षका युवा पुरुष बलात्कारमा संलग्न रहेको पाइएको छ। यसैगरी २० प्रतिशत

(३७ जना) ३६ देखि ४५ वर्ष उमेर समूहका पुरूष तथा १२ प्रतिशत (२२ जना) ४६ देखि ५५ वर्षका, ५६ भन्दा माथिका पुरुष छ प्रतिशत (११ जना), १८ वर्षभन्दा कम उमेरका चार प्रतिशत (७ जना) बालक बलात्कारमा संलग्न रहेका छन् भने थाहा नभएको उमेरका सात प्रतिशत (१३ जना) बलात्कारमा संलग्न रहेको तथ्याङ्कले देखाएको छ ।




***चार्ट नं. ४० :*** *बलात्कार र आरोपितको उमेर*

## निष्कर्ष:

यस वर्ष सङ्कलित तथ्याङ्कलाई विश्लेषण गर्दा १८ वर्षभन्दा कम उमेर समूहका ३६ प्रतिशत बालिकाहरू बलात्कृत भएको पाइएको छ । यो तथ्याङ्क गत वर्षको तुलनामा कम भएपनि अझ पनि बालिकाहरू बलात्कार जस्तो जघन्य अपराधका सिकार भइरहको वास्तविकता देखिएको छ । यति मात्र हैन बलात्कारमा संलग्न आफ्नै श्रीमान्, घरपरिवारका सदस्य साथीभाइ जसलाई आफुले पूर्ण विश्वास गरेको हुन्छ तिनै व्यक्तिबाट महिला तथा बालिका जोखिममा रहेको देखिएको छ । जसमा आफ्ना परिवारका सदस्य, आफन्त, नजिकका मानिएका साथी, छिमेकी, आफैले प्रेम गरेको व्यक्ति र चिरपरिचित व्यक्तिहरू नै रहने गरेका छन् जुन कुल बलात्कारका घटना १८७ मध्ये १२६ वटा घटना आफ्नै नजिकका मानिनेले गरेको पाइएको छ । यसले के देखाउँछ भने १८ वर्षभन्दा कम उमेरका बालिकाहरूलाई फकाएर, लोभ्याएर र विभिन्न प्रलोभनमा पारेर नियन्त्रणमा लिन सकिन्छ र उनीहरूलाई डर, त्रास र धम्की दिएपछि घटनाहरू बाहिर आउँदैनन् भन्ने पीडकको मानसिकताका कारण बालिकाहरू बलात्कारमा पर्न सक्ने उच्च जोखिममा छन् । साथै

नजिकको सम्बन्धको बारेमा अन्यलाई भन्न सक्दैनन् र घटना लुकाउन सकिन्छ भन्ने मनसायले चिनेजानेका व्यक्ति र नातेदारबाट बलात्कार हुने गरेको देखिन्छ । यो तथ्याङ्कले अर्को तिर के पुष्टि गर्दछ भने महिलाहरू अपरिचित व्यक्तिहरूबाट भन्दा पनि आफन्त र आफ्ना भनिएका चिरपरिचित व्यक्तिहरूबाट नै सबैभन्दा बढी असुरक्षित र जोखिममा रहेका छन् ।

यस वर्ष प्राप्त तथ्याङ्कको आधारमा रातको समयमा ४१ प्रतिशत बलात्कारका घटना भएको, २४ प्रतिशत दिउँसोको समयमा, २२ प्रतिशत साँझको समयमा र १३ प्रतिशत बिहानको समयमा भएको पाइएको छ । त्यसैले बलात्कारका घटना रातिको समयमा मात्र नभई जुनसुकै समयमा पनि हुन सक्छ भन्ने कुरालाई तथ्याङ्कले थप पुष्टि गरेको छ । रातको समयमा घरबाहिर हिड्दा मात्र बलात्कार हुन्छ, महिलाले लगाउने पहिरनका कारणले पनि बलात्कार हुन्छ भन्ने जस्ता भ्रामक र अवैज्ञानिक तर्कहरू सरासर गलत हुन् भन्ने कुरालाई समेत तथ्याङ्कले प्रष्ट पारेको छ ।

यसैगरी आफ्नै श्रीमान्बाट हुने वैवाहिक बलात्कारका घटनाको बारेमा रिपोर्ट हुन थालेको कुरालाई नेपाली समाजमा सकारात्मक रूपमा लिन सकिन्छ । वैवाहिक सम्बन्धभित्र गरिने जवर्जस्तिलाई बलात्कार हो भन्ने जानकारी आम महिलालाई छैन । तर आफूमाथि श्रीमान्ले गरेको यौनिक ज्यादति विरुद्ध खुलेर घटना दर्ता गराउनुलाई नेपाली महिलाको अन्याय सहन हुन्न भन्ने चेतनाको स्तर बढिरहेको सूचकका रुपमा लिन सकिन्छ । यस वर्ष वैवाहिक सम्बन्धमा भएको बलात्कारका १६ वटा घटना रिपोर्टिङ भएको छ । अझैपनि पारिवारिक सम्बन्ध सुमधुर राख्न र विवाहपछि श्रीमान्/श्रीमतीबीच जुनसुकै परिस्थितिमा हुने यौन सम्बन्धलाई समाजले सामान्य रूपमा हेर्ने प्रवृत्तिले गर्दा आफूलाई परेको पीडा कसैलाई नभनी सहेर बस्ने गरेको र पीडा असह्य भएपछि धेरै पटक सोचेर मात्र हिंसा बाहिर ल्याएको अध्ययनका क्रममा प्रभावितले बताएका छन् ।

विवाह भनेको यौन सम्बन्धका लागि हो भन्ने आम सोचाइ र सेवा प्रदायक निकायका कर्मचारीमा विवाह पछिको यौन सम्बन्धका लागि सहमति चाहिँदैन भन्ने हानिकारक सोंचले वैवाहिक बलात्कारका उजुरी दर्ता प्रक्रिया निकै जटिल र निराशाजनक छ । यस्ता घटना दर्ता गर्न कै लागि निकै संघर्ष गर्नु परेको अनुभव प्रभावितहरुले सुनाएका छन् । महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धका कारण विवाहपश्चात् महिलाको शरीरलाई आफ्नै सम्पत्ति सरह मानेर जसरी प्रयोग गरे पनि हुन्छ भन्ने गलत सोचाइ पुरुषमा छ । यही कारणले श्रीमती बिरामी भएको समयमा, महिनावारी भएका बेला, गर्भवती र सुत्केरी अवस्थामा र श्रीमतीको इच्छा विपरित श्रीमान्बाट जबरजस्ती करणीमा पर्नु महिलाका लागि सामान्य विषय हुने गरेको यो अध्ययनले देखाएको छ ।

यतिमात्र हैन, बलात्कारमा पर्ने महिला धेरै विद्यार्थी भएको र आरोपितहरू १८ वर्ष देखि २५ वर्ष उमेर समूहका बढी हुनु निकै आश्चर्यजनक छ । साक्षर र शिक्षित विद्यालय र उच्च शिक्षा अध्ययनरत युवा महिलाहरू आफ्नै उमेरका युवा पुरुषबाट वैवाहिक बलात्कारको उच्च जोखिममा परिरहेको अत्यन्तै गम्भीर र डरलाग्दो अवस्था तथ्याङ्कले उजागर गरेको छ । बढ्दो आधुनिकिकरण, प्रविधि र इन्टरनेटमा सहजै पहुँचका कारण पनि यस्तो हुन सक्ने सम्भावना रहने भएकाले साइवर अपराध, इन्टरनेटको प्रयोगको र यसमा भेटिने विषयवस्तु वा सूचनाका सम्बन्धमा समेत अभिमुखीकरण गर्नु पर्ने टड्कारो आवश्यकता रहेको देखिन्छ ।

## घटना अध्ययन : ५

### भीमा भइन् परिवारकै सदस्यबाट बलात्कार

भीमा सार्की (परिवर्तित नाम) को १८ वर्षकै उमेरमा घरपरिवारले जबरजस्ती बिहे गरिदिए । आमाबुवाको कमजोर आर्थिक अवस्थाका कारणले उनको वाल विवाह गरिदिन उनका बुवाआमा बाध्य भए । विवाहपछि श्रीमान्को घरमा उनलाई खान लाउनको उस्तो दुःख भएन । श्रीमान्ले पनि माया गर्थे । यही विचमा उनका दुईजना बच्चा पनि भए, तर केही समयपछि उनका श्रीमान् बिरामी परे, उनको भारतमा समेत उपचार भयो तैपनि भीमाले उनलाई बचाउन सकिनन् । श्रीमान् बितेपछि भीमालाई घरमा नराम्रो व्यवहार हुन थाल्यो । उनका परिवारले श्रीमानको मृत्युको दोष उनलाई लगाउन थाले । अलच्छिनी, लोग्ने खाएकी जस्ता आरोप लगाएर सासु, जेठाजुले सँधै दुर्व्यवहार गरिरहे । श्रीमान्को उपचार गर्दा लागेको ऋण उनले पाएको अंशको जग्गा बेचेर तिरिन् र आफुले ज्याला मजदुरी गरी दुई सन्तान हुर्काउँदै थिइन् । सासु ससुराले बेलाबेला कुटपिट समेत गर्न थालेपछि उनी माइत आएर बस्न थालिन् । तर माइतीले बिहे गरेकी छोरी घरमै बस्नुपर्छ भनेर उनलाई घर मै पुऱ्याइदिए । घर फर्केपछि उनले छोराछोरीको अंश दावी गरिन् र दावी गरेको सम्पत्ती उनीहरूकै नाममा राखेर आफुले ज्यालादारी गर्दै गुजारा गरिरहेकी थिइन् ।

उनको घरमा टिभी नभएकोले बच्चाहरू छिमेकीको घरमा टिभी हेर्न जान्थे । एकदिन बच्चाहरू अवेरसम्म नआएपछि उनी साँझ तिर छोरीहरूलाई खोज्न निस्किन् । साँझको समयमा त्यहीबेला ससुरा नाता पर्ने बीरे सार्कीले उनलाई तानेर आफ्नो घरमा लगेर बलात्कार गरे । कसैलाई भने मारिदिने धम्की दिए । तैपनि उनले यो कुरा आफ्नो सासुलाई भनिन् । तर सासुले वास्ता गरिनन् । भीमाले केही गर्न नसकेको कमजोर ठानेर बिरेको मनोवल बढ्यो ।

उनी भीमाको घर मै आएर निरन्तर भीमाको यौन शोषण गरिरहे । यसकारण भीमाको पेटमा बीरेको बच्चा हुर्किन थाल्यो । यो कुरा गाउँलेले थाहा पाए । सबैले भीमालाई नानाथरी भन्दै गाली गर्न थाले । उनलाई चरित्रहीन भएको आरोप लगाउँदै यस्तालाई समाजमा राख्नु हुँदैन, कुटेर मार्नु पर्छ समेत भने । यो सुनेपछि भीमाले सहेर नबस्ने निधो गरिन् । उनी प्रहरी समक्ष पुगिन् । भीमाको उजुरी परेपछि बीरेलाई प्रहरीले पक्राउ गरी कानूनी प्रकृया अगाडि बढायो तर भीमालाई ससुरालाई थुनाएको भन्दै परिवारले झनै नराम्रो व्यवहार र कुटपिट गर्न थाले । जेठाजु र सासुले निकै सताएपछि उनलाई प्रहरीले सुरक्षा गृहमा पठायो । स्वास्थ्य जाँच गर्दा उनको पेटमा ७ महिनाको बच्चा भएकोले गर्भपतन गर्न नमिल्ने कुरा अस्पतालले जानकारी दियो । तर आफ्नो बच्चालाई उनले जिल्ला अदालत मार्फत धर्मपुत्रको रूपमा दिइन् । ससुरालाई आरोप लगाएर थुनाएका कारण उनलाई फेरी घरमा गएर बस्न सुरक्षित र सजिलो थिएन । ज्यान कै खतरा भएका कारण हाल उनी सुरक्षाबासमै बसिरहेकी छिन् । ओरेकले प्रदान गरेको कानूनी सहयोगमा जिल्ला अदालतले उनको पक्षमा फैसला गर्दै बलात्कारी बीरे सार्कीलाई ७ वर्ष जेल सजाय पनि सुनाएको छ तर उनी फरार रहेका छन् । हाल ओरेक, वडा कार्यालय, ओ.सि.एम.सि., स्थानीय टोल विकासको समन्वय र सहकार्यमा निजलाई घरमा पुर्नस्थापना गरिएको छ ।

# परिच्छेद–८

## यौन हिंसा

### ८.१ यौन हिंसा र महिला

नेपालको संविधानले यौन हिंसा (यौन दुर्व्यवहार) लाई कानूनी अपराधको रूपमा दण्डनीय बनाएको छ । 'कसैले कुनै महिलाको मञ्जुरी विना संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा एकान्त ठाउँमा लगेमा, आफ्नो यौनाङ्ग छुन लगाएमा वा अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्बिर देखाएमा यस्ता गतिविधिलाई यौन हिंसाको रूपमा कानूनले व्याख्या गरेको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ मा यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रूपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लील चित्र वा तस्बिर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्भाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा समेत यौन दुर्व्यवहार गरेको मानिने कुरा उल्लेख भएको छ । यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । तर पति वा पत्नीबीच हुने यी गतिविधिमा उक्त दफा लागू नहुने उल्लेख छ ।

यौन हिंसा विरूद्ध नेपालमा कानूनी व्यवस्था भए पनि कानूनी प्रक्रियामा वा न्याय खोज्न जान अत्यन्तै कठिन वा असम्भव प्राय छ । न्यायका लागि जाहेरी दर्ता प्रक्रियादेखि नै कानूनले प्रमाण खोज्छ । तर यौन हिंसा प्रभावितले मानसिक रूपमा परेको असरको प्रमाण कसरी देखाउने वा पीडकको आशय करणी, सङ्केत लगायतका कुरालाई कसरी प्रमाणका रूपमा पेस गर्ने ? यस्ता थुप्रै जटिलताले यौन हिंसाबाट प्रभावित महिलाले न्याय पाउन सकिरहेका छैनन् । त्यसैले बलात्कारमा

जस्तै यौन हिंसा प्रभावितहरूको पनि बयानलाई नै मुख्य प्रमाण मानी न्याय दिने व्यवस्था राज्यले गर्नुपर्दछ ।

विश्वमा महिलामाथि हुने हिंसाका स्वरूपहरू मध्ये यौन हिंसा निकै व्यापक छ। यौन हिंसा एक जटिल र चुनौतीपूर्ण सवालको रूपमा रहेको छ । यसले महिलाको शारीरिक, मानसिक, मनोसामाजिक स्वास्थ्यमा नकारात्मक र गम्भीर असर पार्दछ । संसारभर कम्तीमा तीन जनामध्ये एक महिलाले आफ्नो जीवनकालमा चिनेका व्यक्तिबाट यौन हिंसा भोगका हुन्छन् भन्ने तथ्य आइसकेको छ । ३५ प्रतिशत महिलाले शारीरिक या यौन हिंसा भोगेका हुन्छन् ।[९] नेपालमा ६६ प्रतिशत महिलाले आफूमाथि भएको शारीरिक तथा यौनिक हिंसाविरूद्ध उजुरी तथा सहयोगको खोजी गर्ने गर्दैनन् । नेपाल जनसांख्यिक सर्वेक्षण २०१६ अनुसार ३४ प्रतिशत महिलाले पतिबाटै यौनिक हिंसा भोगेका हुन्छन् ।[१०] विश्व बैंकका अनुसार पति या आत्मीय साथीबाट हुने शारीरिक हिंसा व्याप्त भएको देशमध्ये नेपाल १४ औं स्थानमा पर्छ ।[११] चिनजान र नजिकका विश्वास गरेका व्यक्तिहरू नै विशेषगरी यौन हिंसाका पीडकहरू हुने गरेका छन् । यस वर्ष ओरेकमा सङ्कलन भएका तथ्याङ्कले पनि यस तथ्यलाई अझ पुष्टि गरेको छ । यस वर्ष प्राप्त तथ्याङ्क अनुसार महिलामाथि भएको हिंसामध्ये १७ प्रतिशत (२३९ जना) महिलामाथि यौन हिंसा भएको छ । गत वर्षको तुलनामा यो वर्ष यस्ता घटना दोब्बरले बढेको पाइयो । विद्यालय, कार्यालय, समुदाय, बाटो, जङ्गल, सामाजिक सञ्जाल जस्ता ठाउँहरूमा भएका यौन आशयले गरिएका दुर्व्यवहारहरूलाई यहाँ विश्लेषण गरिएको छ । यस्ता कतिपय घटनामा प्रमाणको अभाव हुने भएकाले उजुरी प्रक्रियामा जान कठिन देखिएको छ । यौनिक हिंसाभित्र पर्ने बलात्कार, बलात्कारको प्रयास, सामूहिक बलात्कार, वैवाहिक बलात्कार र यौन दुर्व्यवहारमध्ये यस परिच्छेदमा यौन दुर्व्यहारको विश्लेषण गरिएको छ ।

## ८.२ यौन हिंसा र यसको विश्लेषण


### ८.२.१ यौन हिंसा हिंसाको प्रकार

अन्वेषीका लागि प्राप्त तथ्याङ्क अनुसार महिलामाथि भएको हिंसामध्ये १७ प्रतिशत (२३९ जना) महिलामाथि यौन हिंसा भएको छ । गत वर्षको तुलनामा यो दोब्बर हो ।

9 https://www.unwomen.org/en/what-we-do/ending-violence-against-women/facts-and-figures

10 नेपाल स्वास्थ्य जनसांख्यिक सर्वेक्षण २०१६ अनुसार ।


11 विश्व बैंक ।




***चार्ट नं. ४१ :*** *यौन हिंसाको प्रकार*

## ८.२.२ प्रभावितको उमेर र यौन हिंसा


यस वर्ष जम्मा १७ प्रतिशत (२३९ जना) महिलामाथि यौन हिंसा भएका घटना अभिलेखीकरण गरिएको छ । जसमध्ये सबैभन्दा बढी १८ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरूमा ३६ प्रतिशत (८५ जना) १८ देखि २५ वर्ष उमेर समूहका ३३ प्रतिशत (७९ जना) महिला यौन हिंसाबाट प्रभावित छन् । यसैगरी १८ प्रतिशत (४४ जना) २६ देखि ३५ वर्ष उमेर समूहका र आठ प्रतिशत (२० जना) ३६ देखि ४५ वर्ष उमेरका महिलामा यौन हिंसा भएको छ । यसैगरी ४६ देखि माथिका महिलाहरूमा पाँच प्रतिशत (११ जना) यौन हिंसा भएको अभिलेख गरिएको छ ।




***चार्ट नं. ४२ :** उमेरका आधारमा महिलामाथि भएको यौन हिंसाको अवस्था*

## ८.२.३ यौन हिंसा र पीडकसँगाको सम्बन्ध


महिलाहरूलाई आफन्त तथा विश्वास गरेका व्यक्तिहरूबाट नै यौन हिंसा हुने गरेको कुरा नौलो होइन । यस वर्षको अभिलेखले पनि यौन हिंसामा संलग्न व्यक्तिहरू प्रभावितका छिमेकी नै धेरै भएको पाइएको छ । जसमा २३ प्रतिशत (५६ जना) महिला छिमेकीबाट यौन हिंसामा परेका छन् भने बाँकी १५ प्रतिशत (३६ जना) महिला आफ्नै प्रेमीबाट, १० प्रतिशत (२५ जना) परिवारका सदस्यबाट, १२ प्रतिशत (२९ जना) श्रीमान्‌बाट, चार प्रतिशत (१० जना) कानूनी एवं सामाजिक रीतिरिवाज अनुरूप विवाह नगरेका तर विवाहित सरह सँगै बसेकाबाट हिंसा भएको पाइएको छ । त्यसैगरी नौ प्रतिशत (२१ जना) समुदायका सदस्यबाट, तीन प्रतिशत (७ जना) अपरिचित व्यक्तिबाट, १२ प्रतिशत (२८ जना) साथीबाट यौन हिंसा भएको पाइएको छ भने एक प्रतिशत (२ जना) शिक्षकले यौन हिंसा गरेका छन् । साथै सम्बन्ध नखुलेको सात प्रतिशत (१७ जना) व्यक्तिबाट यौन हिंसा भएको तथ्याङ्कमा उल्लेख छ ।





***चार्ट नं ४३ : यौन हिंसाका आरोपितसँगको सम्बन्ध***

## ८.२.४ प्रभावितको शैक्षिक योग्यता

यौन हिंसाबाट प्रभावित महिलाको शैक्षिक अवस्था विश्लेषण गर्दा ८९ प्रतिशत (२१२ जना) साक्षर र ११ प्रतिशत (२७ जना) निरक्षर महिलामाथि यौन हिंसा भएको पाइएको छ । साक्षर महिलामध्ये ४० प्रतिशत (८५ जना) ले माध्यमिक शिक्षा अध्ययन गरेका, ४४ प्रतिशत (९४ जना) ले आधारभूत शिक्षा अध्ययन गरेका, १३ प्रतिशत (२७ जना) स्नातक तह , दुई प्रतिशत (४ जना) स्नातकोत्तर तह, प्रौढ शिक्षाको ०.४१ प्रतिशत (१ जना) र प्राविधिक शिक्षा अध्ययन गर्ने ०.४१ प्रतिशत (१ जना) महिलामाथि यौन हिंसा भएको पाइएको छ ।





*चार्ट नं. ४४ : प्रभावितहरूको शैक्षिक अवस्था*




*चार्ट नं ४५ : यौन हिंसा र प्रभावितहरूको साक्षरताको अवस्था*

## ८.२.५ यौन हिंसा र प्रभावितको जात/जातीयता


यौन हिंसाबाट प्रभावितमध्ये सबैभन्दा बढी २६ प्रतिशत (६२ जना) तराई/मधेसी महिला प्रभावित रहेको तथ्याङ्कले देखाएको छ । त्यसैगरी १२ प्रतिशत (२९ जना) तराई दलित, १८ प्रतिशत (४२ जना) पहाडे आदिवासी जनजाति, १२ प्रतिशत (२९ जना) पहाडे ब्राह्मण/क्षेत्री, १३ प्रतिशत (३१ जना) पहाडे दलित, तीन प्रतिशत (८ जना) तराई ब्राह्मण/क्षेत्री, नौ प्रतिशत (२२ जना) तराई आदिवासी जनजाति, छ प्रतिशत (१५ जना) मुस्लिम र ०.४१ प्रतिशत (१ जना) अन्य अर्थात जातीय विवरण नखुलाएका महिलामाथि यौन हिंसा भएको पाइएको छ ।




*चार्ट नं. ४६ : प्रभावितको जात/जातीयता र यौन हिंसा*

## ८.२.६ यौन हिंसा र प्रभावितको पेसा


यौन हिंसाबाट प्रभावित महिलाको पेसाका आधारमा विश्लेषण गर्दा यस वर्ष सबैभन्दा बढी प्रभावित विद्यालयमा अध्ययनरत किशोरीहरू परेको पाइएको छ । ४५ प्रतिशत (१०७ जना) विद्यार्थी यौन हिंसाबाट प्रभावित भएका छन् । त्यसपछि घरायसी काममा संलग्न महिलाको संख्या २९ प्रतिशत (६९ जना) रहेको छ । सात प्रतिशत (१६ जना) कृषि तथा पशुपालन गर्ने, १० प्रतिशत (२३ जना) दैनिक ज्याला मजदुरी गर्ने, तीन प्रतिशत (७ जना) सामान्य व्यापार व्यवसाय गर्ने, एक/एक प्रतिशत (२,२ जना) गैरसरकारी सेवा र सरकारी सेवामा कार्यरत महिला र पाँच प्रतिशत (१३ जना) अन्य (निजि क्षेत्र,मनोरन्जन क्षेत्र) काममा संलग्न महिलामाथि यौन हिंसा भएको पाइएको छ ।




***चार्ट नं. ४७ :*** *यौन हिंसा र प्रभावितको पेसा*

## ८.२.७ प्रभावितलाई परेको असर

यौन हिंसाबाट महिलामा सबैभन्दा बढी सामाजिक असर र मानसिक असर परेको पाइएको छ। संस्थाको अभिलेखबाट सबैभन्दा बढी २१ प्रतिशत (५१ जना) मा मानसिक असर, २१ प्रतिशत (५० जना) मा सामाजिक असर, २० प्रतिशत (८४ जना) मा शारीरिक असर र १९ प्रतिशत (४५ जनामा) आर्थिक असर परेको तथ्याङ्कले देखाएको छ। कुल प्रभावित मध्ये ४५ जना अर्थात १९ प्रतिशत प्रभावित महिलालाई सबै किसिमका असर परेको पाइएको छ ।




***चार्ट नं. ४८ :*** *यौन हिंसाबाट प्रभावितलाई परेका असर*

## निष्कर्ष:

यौन हिंसाबाट प्रभावित महिलाहरू मध्ये सबैभन्दा बढी १८ देखि २५ वर्ष उमेर समूहका रहेका र १८ वर्षभन्दा कम उमेरका महिला, किशोरी वा बालिकाहरू प्रभावित भएको पाइएको छ। यसैगरी २६ देखि ३५ वर्षका महिलाको तथ्याङ्क यौन हिंसाबाट प्रभावित हुने दोस्रोमा रहेको छ। यी उमेर समूहका महिला मध्ये प्रभावित हुनेमा विद्यार्थी र घरायसी काममा संलग्नहरू बढी रहेको पाइएको छ। यो तथ्याङ्कले महिलालाई घरबाहिरका अपरिचित व्यक्तिबाट मात्रै यौन हिंसाको जोखिम छ भन्ने आम धारणालाई खण्डन गरेको छ। साथै घर भित्र, कार्यस्थल र विद्यालयमा नै बढी यौन हिंसाको जोखिम हुने देखिएकाले बालिका तथा महिलाहरूलाई समयमै घर आइपुग्नुपर्छ भनेर नियममा बाँध्नु उनीहरूमाथिको नियन्त्रण मात्र हो भन्ने कुरा छर्लङ्ग छ। राती वा बाहिर हुँदा हिंसा हुन्छ भन्ने कुरालाई पुष्टि गर्ने आधार नभएको कुरा यो अभिलेखले देखाएको छ।

यतिमात्र हैन यौन हिंसाबाट प्रभावित महिलाहरूले आत्मीय ठानेका प्रेमी र 'बाँच्दाका जन्ती, मर्दाका मलामी' भन्ने उखानका छिमेकीबाट नै हिंसा भोगिरहेको पाइनुले पनि छिमेकीहरूबाट पनि

महिला तथा किशोरीहरू जोखिममा छन् भन्ने कुरा स्पष्ट भएको छ । अभिलेखीकरणका आधारमा साक्षर र जो आधारभूत र माध्यमिक तहको शिक्षा हाँसिल गरेका छन् ती महिला यौन हिंसाबाट बढी प्रभावित भएका छन् । यसबाट पनि यौन हिंसा हुनुमा अशिक्षा, निरक्षर भन्ने कुराले अर्थ नराखेको देखिन्छ ।

हाम्रो समाजमा यौनसँग सम्बन्धित कुरालाई अझै पनि परिवार तथा समाजमा खुलेर छलफल गर्ने र भन्ने वातावरण नहुनु, आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा परिवार तथा समाजले आफूलाई नै दोष लगाउनु, सामाजिक लाञ्छना सहनुपर्ने डरका कारण यस किसिमका घटनालाई लुकाउन बाध्य हुनु पर्ने अवस्था छ, जसले गर्दा यस किसिमका घटनामा संलग्न आरोपीहरूको यस्ता कुरामा मनोवल बढ्ने सम्भावना बढी रहने गर्दछ । प्रभावितहरूमा हिनतावोध, आत्मवलको कमी, आफ्नै गल्तीका कारण घटना भएको भन्ने भावना आई उनीहरूको आत्मविश्वासमा कमी हुने र आफैंप्रति घृणा गर्ने वातावरण बन्दछ । यसले उनीहरूमा मानसिक असर पार्दै जान्छ । माथिको तथ्याङ्कबाट पनि यौन हिंसाका कारण महिलालाई सबैभन्दा बढी मानसिक र सामजिक असर परेको पाइएको छ जसले गर्दा परिवारदेखि नै यौन शिक्षाको बारेमा जानकारी गराउनु पर्ने र विद्यालय शिक्षा लगायत स्थानीय तहको नीति तथा कार्यक्रममा यौन हिंसा र रोकथामका उपायका बारेमा योजना बनाएर काम गर्नु पर्ने देखिन्छ ।

## घटना अध्ययन : ६

### यौन दुर्व्यवहार गर्नेसँग नै गर्नु पर्यो विवाह

मन्जु (परिवर्तित नाम) लाई उनको बुवाआमाले काकाको घरमा बसेर पढ्न पठाएका थिए । आठ कक्षाको परिक्षा आउँदै गर्दा उनले राम्रो अंक ल्याउनको लागि ट्युसन कक्षा पनि लिन शुरु गरेकी थिइन् । स्कुल जानु अघि विहानै उनी साथीहरूसँग ट्युसन जान्थिन् । उनी ट्युसन जाने बाटोमा केही केटाहरूले उनलाई यौनजन्य शव्दको प्रयोग गर्दै जिस्क्याउन थालेपछि उनले अर्को बाटो प्रयोग गर्न थालिन् । तर उनको पछि लागेको केटाहरूले उनलाई पछ्याउन छोडेनन् । त्रसित भएर उनले यो सबै कुरा आफ्नो काकालाई भनिन् तर काकाले उल्टै 'तैले नै केटालाई पल्काएकी होलिस्' भन्दै गाली गरे । त्यति मात्र हैन 'तैंले घरको बेइज्जत गर्ने भइस' भनेर पढाइ नै छोड्न समेत दवाव दिए । अभिभावकले साथ नदिएपछि मन्जुले अब आँफै हिम्मत गरेर जिस्क्याउने केटाहरूको प्रतिवाद गर्ने निर्णय गरिन् ।

भोलिपल्ट उनी पुनः स्कुल गइन् । केटाहरूले उनलाई पहिला जस्तै जिस्क्याउन थाले । मन्जुले प्रहरीलाई खबर गर्ने भन्दै उनीहरूलाई डर देखाइन् । तर एकजनाले उनको हात समातेर तान्दै अरू साथीको अगाडि लगेर मन्जुलाई झनै अनेक टिप्पणी गर्दै दुर्व्यवहार गऱ्यो । सार्वजनिक ठाँउमा मन्जुले प्रतिवाद गर्ने हिम्मत गरेपनि त्यहाँ भएका कसैले पनि मन्जुलाई सहयोग गरेनन् बरू उल्टै हाँसेर उडाए । उनी निकै डराइन् । घर पुगेर एक्लै रुन थालिन् । उनीमाथि भएको दुर्व्यवहारको कुरा बाहिर टोलबाट थाहा पाएपछि मन्जुको काकाले उनलाई केटाले बाटोमा हात समातेको मान्छेलाई घरमा राख्दिन भन्दै अर्को दिन विहानै मन्जुलाई घर पठाइदिए । पढाई छोडेर आउनु पर्दा निकै दुःखी भएकी मन्जुले बाआमालाई केही भन्ने आँट गरिनन् । तर अनायासै साँझको समयमा काकाले त्यही केटालाई घरमा ल्याएर सबै कुरा आमा बालाई सुनाइदिए । छोरीको बेइज्जत भइसकेकोले त्यही केटासँग बिहे गर्नुपर्ने भन्दै मन्जुका आमा बुवालाई दवाव दिन थाले । घरको इज्जतका लागि पनि तिमीले विहे गर्नपर्छ भन्दै मन्जुलाई सबैले दवाव दिए । मन्जुले आफ्नो उमेर १५ वर्षमात्र भएको भन्दा पनि कसैले सुनेनन् र त्यही दिन केटासँग उनलाई जबरजस्ती पठाइदिए । सार्वजनिक स्थानमा यौनजन्य दुर्व्यवहार भोगेकै कारण मन्जुलाई जबरजस्ती बाल बिवाहमा होमियो र उनका जीवनका सबै लक्ष्य, इच्छा चाहनाहरूमा कुठाराघात भयो ।

# परिच्छेद–९

## हत्या


### ९.१ हत्या र महिला हिंसा

हत्या एक जघन्य अपराध हो र यो महिलामाथि हुने हिंसाको भयानक स्वरुप हो । महिलामाथि हुने हिंसा मध्ये हत्याका घटनाको अभिलेखीकरण बढ्दो छ । महिलामाथि हुने हिंसालाई अहिले पनि परिवार तथा समाजले सामान्य अवस्थामा स्वीकार गर्दछ । जसको परिणाम महिलाहरूले आफ्नो जीवन गुमाउन बाध्य भइरहेका छन् । ओरेकमा सङ्कलन भएका तथा दैनिक पत्रपत्रिकामा प्रकाशित समाचार अनुसार यस वर्ष पनि धेरै महिलामाथि हत्या र हत्या प्रयास भएको पाइएको छ । यस वर्ष हत्याका १६ वटा घटना अभिलेख भएको छ । ति मध्ये सात वटा हत्या र नौ वटा हत्या प्रयासका घटना रहेका छन् । यस वर्ष ओरेकमा अभिलेखीकरण भएका घटनालाई हेर्दा अघिल्लो वर्षको तुलनामा महिलाहरूको हत्या गर्ने क्रम घटेको देखिएता पनि ओरेकको कार्य क्षेत्र र हत्याका घटनाको वास्तविक कारण खुलाउन नचाहने सामाजिक अवस्थाले गर्दा तथ्याङ्क सङ्कलन कम भएको हुनसक्ने सम्भावना देखिन्छ ।

नेपाली समाजमा विभिन्न बहानामा महिलाहरूको हत्या गर्ने क्रम दिन प्रति दिन बढिरहेको छ । ओरेक नेपालमा अभिलेखीकरण भएका तथा सञ्चार माध्यममा आएका समाचार अनुसार यस वर्ष १०१ जना महिलाको हत्या तथा १३ जना महिलाको हत्या प्रयास भएको पाइएको छ । यस वर्ष सात जना महिलाको हत्या भएको र नौ जना महिलाको हत्या प्रयास गरिएको घटना ओरेकले अभिलेखीकरण गरेको छ ।

महिलाहरूलाई दाइजो नल्याएको वा घरपरिवारको चाहना र माग भन्दा कम ल्याएको निहुँमा, उनीहरूमाथि हिंसा र हत्या हुने गरेको पाइएको छ । महिलामाथि बलात्कार गर्ने र त्यो घटना सार्वजनिक हुने डरले पीडक पक्षले हत्या गर्ने गरेको, श्रीमान् श्रीमतीविच हुने विवाद, असहमतिका

कारण महिलालाई विभिन्न चारित्रिक आरोप तथा लाञ्छना लगाई हत्या गर्ने गरेको पाइएको छ । हत्या जुनसुकै कारण वा प्रयोजनका लागि हुने गरेको भएतापनि यो गम्भीर अपराध हो । यस्तो अपराधका कारण महिलाको बाँच्न पाउने अधिकारको गम्भीर हनन् भएको छ ।





***चार्ट नं. ४९ :*** *हत्या र हत्या प्रयासका घटना*

## ९.२ हत्या र यसको विश्लेषण

### ९.२.१ हत्या र प्रभावितको उमेर


हत्या गरिएका महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा २६ वर्ष उमेरदेखि ३५ वर्ष उमेर समूहका महिलाको हत्या धेरै भएको छ । यो उमेरका तीनजना महिलाको हत्या र पाँचजना महिलालाई हत्याको प्रयास भएको छ भने १८ देखि २५ वर्ष उमेर समूहका दुईजना, ३६ वर्षदेखि माथिको उमेरका एकजना साथै १८ वर्षभन्दा कम उमेरका एकजना महिला तथा बालिकाको हत्या भएको छ ।




***चार्ट नं. ५० :*** *हत्या र प्रभावितको उमेर*

## ९.२.२ हत्या र पीडकसँगाको सम्बन्ध


महिलाको हत्यामा संलग्न आरोपितहरू वा अदालतले अपराधी प्रमाणित गरेकाहरू मध्ये विशेष गरी परिवारका सदस्यको संलग्नता नै धेरै रहेको पाइएको छ । महिलाको श्रीमान्ले नै हत्या र हत्याको प्रयास गरेको तथ्याङ्कबाट देखिन्छ जसमा दुईजना महिलालाई आफ्नै श्रीमान्ले दुई जनाको हत्या गरेको र तीन जनाको हत्या प्रयास गरेको पाइएको छ । त्यसैगरि परिवारका सदस्यबाट पनि तीन जनाको हत्या र दुईजनाको हत्या प्रयास गरेको तथ्याङ्क छ । अन्यमा एक जनाको हत्या छिमेकीबाट र एक जनाको हत्या समुदायको सदस्यबाट भएको छ। एक/एक जना महिलाको हत्या छिमेकी, समुदाय सदस्य हत्या भएको तथ्याङ्क यस वर्ष प्राप्त भएको छ। साथी, प्रेमी र समुदायका अपरिचित व्यक्तिबाट समेत महिलाको हत्या प्रयास भएको पाइएको छ। जसमा एक/एक जना महिला प्रभावित भएका छन् ।





***चार्ट नं. ५१ :*** *हत्या र पीडकसँगको सम्बन्ध*

## ९.२.३ हत्या र प्रभावितको शैक्षिक स्तर

महिलामाथि हुने सबै प्रकारका हिंसा निरक्षर भन्दा बढी साक्षर महिलाहरूमाथि नै हुने गरेको तथ्यको पुष्टि यस सर्वेक्षणमा प्राप्त तथ्याङ्कले गरेको छ। यसले साक्षर महिलाले आफूमाथि भएको हिंसा विरूद्ध आवाज उठाएको र न्याय माग गरेको कुरा पनि स्पष्ट हुन्छ। यस वर्ष ७५ प्रतिशत अर्थात १२ जना साक्षर महिला छन् जसमा चार जनाको हत्या भएको छ भने बाँकी आठ जनाको हत्या प्रयास भएको छ । त्यसैगरी जम्मा २५ प्रतिशत अर्थात सात जना महिला जो निरक्षर छन् उनीहरूमाथि हत्या र हत्या प्रयास गरेको पाइएको छ। जसमा चार जनाको हत्या र तीन जनाको हत्या प्रयास भएको तथ्याङ्कले देखाएको छ। साक्षर भित्र पनि ४३.७५ प्रतिशत (७ जना) को हत्या (३) तथा हत्या प्रयास (४) आधारभूत शिक्षा अध्ययन गरेका महिला रहेका छन् भने ३१.२५ प्रतिशत महिला माध्यमिक शिक्षा अध्ययन गरेका (५ जना) र १२.५० प्रतिशत महिला (२) स्नाकोत्तर तह अध्ययन गरेका रहेका छन्। यसैगरी १२.५० प्रतिशत महिला (२ जना) प्राविधिक शिक्षा अध्ययन गरेको पाइएको छ। जसमा एक जनाको हत्या र एक जनालाई हत्या प्रयास गरेको अभिलेखमा उल्लेख छ।





**चार्ट नं. ५२:** *हत्या र महिलाको शैक्षिक अवस्था*




**चार्ट नं. ५३:** *हत्या र महिलाको साक्षरताको अवस्था*

## ९.२.४ हत्या र प्रभावितको जात/जातीयता


यस वर्षको तथ्याङ्क अनुसार सबैभन्दा बढी हत्या हुनेमा तराई/मधेसी समुदायका रहेका छन् जसमा चार जना तराई मधेसका महिलाको हत्या भएको छ। जातीयताका आधारमा एक जना ब्राम्हण/क्षेत्री तराई महिलाको हत्या भएको छ भने, एक जना पहाडे दलित, एक जना तराई आदिवासी/जनजाति महिलाको हत्या भएको तथ्याङ्कले देखाएको छ।




**चार्ट नं. ५४ :** *हत्या र जात/जातीय अवस्था*

### ९.२.५ हत्या र प्रभावितको वैवाहिक अवस्था


यस वर्षको तथ्याङ्कका आधारमा ८६ प्रतिशत (६ जना) विवाहित तथा १४ प्रतिशत (१ जना) अविवाहित महिलाको हत्या भएको छ ।




***चार्ट नं. ५५ :*** *हत्या प्रभावित र वैवाहिक अवस्था*

### ९.२.६ प्रभावितको हत्या र पेसागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यस वर्ष ३१ प्रतिशत (२ जना) घरायसी काममा संलग्न, २५ प्रतिशत (२ जना) विद्यार्थी, १९ प्रतिशत (२ जना) कृषि पेसामा संलग्न र १ जना व्यवसाय गर्ने महिलाको हत्या भएको पाइएको छ ।




***चार्ट नं. ५६ :*** *हत्या र प्रभावितको पेसागत अवस्था*

## निष्कर्ष

संस्थामा अभिलेखीकरण गरिएका घटनालाई विश्लेषण गर्दा विभिन्न प्रकारका यातना, शोषण र पीडाका बाबजुद अनेक बहानामा महिलाको हत्या भएको छ। यस वर्षको संस्थाको अभिलेखीकरणमा जम्मा १६ वटा घटना हत्या र ज्यान मार्ने उद्योगका रहेका छन् । हत्या वा हत्या प्रयास भएका साक्षर महिलाको दर धेरै छ । जस मध्ये साक्षर महिला ७५ प्रतिशत र आधारभूत शिक्षा पाएका छन् । त्यसैगरी यस किसिमका घटना र अपराध परिवारका सदस्यबाट र श्रीमान् स्वयंबाट भएको तथ्याङ्क छ। यस्ता घटनाहरू दाइजो, बोक्सीको आरोप, चारित्रिक आरोप, विभिन्न शङ्का-उपशङ्काको भरमा महिलाको विभत्स तवरले हत्या हुने गर्दछ। धेरै जसो अपराधीले आफू सुरक्षित हुने वा आफ्नो अपराध लुकाउने प्रयासमा वा आवेशमा आएर पनि महिलाको हत्या गर्ने गरेको पाइएको छ । पीडित वा प्रभावितसँग पीडकको सम्बन्धमा आउने फाटो, तनाव वा मनमुटावले अन्ततः हत्या प्रयास वा हत्यासम्म डोऱ्याएको तथ्यहरू बढी जसो बाहिर आएका छन्। ओरेकको यस वर्षको तथ्याङ्क अनुसार महिला हिंसाका प्रभावित मध्ये धेरै विवाहितहरूको हत्या भएको छ। त्यसैगरी २६-३५ वर्ष उमेर समूहका महिलाको सबैभन्दा बढी हत्या भएको छ। हत्या गर्ने र ज्यान मार्नेमा सबैभन्दा बढी ३१ प्रतिशत परिवारका सदस्य र श्रीमान् रहेका छन्। यसरी हत्या गरिएका महिलाहरू सबै जातजातिका समान अनुपातमा प्रभावित भएकाले हत्या प्रयासमा जुनसुकै समाज, समुदाय, जातजातिका भए पनि समान रुपमा नै प्रभावित हुने देखिएको छ। अर्को तर्फ विवाहित महिला र उमेरका हिसावले २६ देखि ३५ वर्ष उमेर समूहका महिला हिंसामा परेकाले विवाह गर्ने उमेर र घरायसी काममा संलग्न महिला बढी प्रभावित हुने अभिलेखले पुष्टि गरेको छ।

### घटना अभिलेख : ७

### बुहारीको हत्या गरी नाति लिएर फरार

बबिता (नाम परिवर्तन) को शव उनको घर नजिकैको जंगलमा खाल्डोमा पुरेको अवस्थामा फेला परेको थियो। बबिता बेपत्ता भएपछि उनको माइती पक्षले खोजीदिन आग्रह गर्दै प्रहरीमा उजुरी गऱ्यो । प्रहरीले छानविन सुरु गऱ्यो । छानवीनपछि उनको शव गाडेको ठाउँ पत्ता लगायो। बबिताका श्रीमान् दोस्रो बिहे गरी भारतको बेंगलौरमा बस्छन्। बबिता आफ्ना दुई सन्तानसहित अलग भएर बस्थिन्। २०८० जेठ १८ गते बबिताको ससुराले उनको टाउको दाउराले हानेर हत्या गरेका थिए । बबितालाई कुट्दै गरेको उनकी देउरानीले देखिन् । तर कसैलाई भने उसलाई पनि मारिदिने धम्की ससुराले दिएपछि उनी चुपचाप बसिन्। बबिता बेहोस भएर भूईंमा ढलेपछि सासु र ससुराले उनको शवलाई घर नजिकैको जंगलमा लगि

खाल्डो खनेर गाडे । बबिताको हत्यापछि हत्यारा ससुरा बबिताको छोरालाई सँगै लिएर फरार भए । पाँच दिनसम्म बबिता सम्पर्कमा नआएपछि बबिताको माईतीले इलाका प्रहरी कार्यालयमा उजुरी गरे । घटना शंकास्पद थियो, प्रहरीले अनुसन्धान गर्दा मृतक बबिताको शव घर नजिकैको जंगलमा खाडल खनेर पुरेको अवस्थामा फेला पार्‍यो । शव परिक्षणका लागि प्रादेशिक अस्पतालमा लगियो । बबिताको शरीरमा कुटपिट गरेको डाम र उनको हात समेत भाँचिएको पाइयो । उनको टाउको पछाडिको भाग फुटेको, अनुहारमा कुटपिट गरेको निल डाम देखिएको थियो । प्रहरीको अनुसन्धानबाट घटनामा उनकी सासुको पनि संलग्नता रहेको र बबिताका श्रीमान्ले बबितालाई घरबाट निकाले मात्र घर आउने भनेको हुँदा ससुराले उनको हत्या गरेको कुरा पत्ता लाग्यो । घटनापछि घरबाट भागी नातिलाई लिएर बेंगलौर गएका बबिताका ससुरा र श्रीमान्लाई प्रहरीले पक्राउ गरेको छ ।

# परिच्छेद–१०

## महिला बेचविखन र ओसारपसार

### १०.१ महिला बेचबिखन तथा ओसारपसार

कुनै न कुनै रूपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले प्रलोभनमा पारी, फुक्याई, डर, त्रास धम्की देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छा विपरीत जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई मानव बेचबिखन भनिन्छ । मानव बेचबिखन तथा ओसारपसार एक बहु-आयामिक, बहु-क्षेत्रगत एवम् विश्वव्यापी समस्याको रूपमा रहेको छ । त्यसमा पनि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी मात्रामा हुने गरेको छ । मानव बेचबिखन तथा ओसारपसार एक जघन्य अपराध हो । नेपालमा सदियौंदेखि यस्ता बेचबिखनका कार्यहरू हुँदै आएको पाइन्छ र समयक्रम र प्रविधिको विकाससँगै यस्ता घटनाहरू समेत विभिन्न स्वरूपमा हुने गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसारबारे आधिकारिक सूचना तथा तथ्याङ्क प्राप्त गर्न निकै कठिन छ । तथापि अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको बढ्दो मागसँगै मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू विश्वव्यापी रूप मै भइरहेको पाइन्छ । Walk Free Foundation को Global Slavery Index 2018 ले विश्वभरि चार करोड भन्दा बढी मानिसहरू कुनै न कुनै रूपमा आधुनिक युगको दासतामा बाँच्न बाध्य भएको तथ्याङ्क सार्वजनिक गरेको छ । तिनीहरूमध्ये ७० प्रतिशत महिला तथा बालबालिकाको सङ्ख्या रहेको छ । उक्त प्रतिवेदन अनुसार नेपालमा १,७१,००० जना (कुल जनसङ्ख्याको झन्डै ६ प्रतिशत) मानिस आधुनिक युगको दासत्वमा बाँच्नु परेको तथ्याङ्क छ ।[१२]

---

12 https://mowcsc.gov.np/downloadfiles/I1D6qTmgzHeJLvjpdYvUgro6gRh6v13s0vh-22fbT-1625557583.pdf

नेपालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ कार्यान्वयनमा छ । नेपाल सरकारले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रणका लागि राष्ट्रिय समिति समेत गठन गरेको छ। नेपालको संविधान, २०७२ ले मानव बेचबिखनलाई संवैधानिक रूपमा निषेध र दण्डनीय बनाएको छ । महिलाको हक, रोजगारीको हक, शोषण विरुद्धको हक, न्यायको हक, यातना विरुद्धको हक, स्वतन्त्रताको हक तथा बालबालिकाको हकलाई मौलिक हकका रूपमा राखेर यसविरुद्धको कार्यलाई निषेधित गरिएको छ।

संयुक्त राष्ट्र सङ्घले पारित गरेका प्रमुख ९ वटा मानव अधिकार सम्बन्धी महासन्धिहरू मध्ये नेपाल ७ वटा अन्तर्राष्ट्रिय महासन्धि र आईएलओ महासन्धिको पक्ष राष्ट्र रहेको छ । नेपाल अन्तर्देशीय सङ्गठित अपराध नियन्त्रण गर्ने संयुक्त राष्ट्र सङ्घीय महासन्धि (२०००) को पक्ष राष्ट्र रहेको छ । हालै नेपाल सरकारले मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन रोकथाम, नियन्त्रण र सजाय गर्ने प्रलेख (पालेर्मो प्रोटोकल २०००) अनुमोदन गरेको छ। यद्यपि नेपालले मानव बेचबिखन अन्त्य तथा न्यूनीकरण गर्न पर्याप्त प्रयास गरेको भए तापनि बेचबिखनको सबै क्षेत्र र जोखिमलाई सम्बोधन गर्न सकेको छैन। कानून कार्यान्वयन, कारवाही र सजायमा पर्याप्त सुधार हुन नसक्नु, बेचबिखनका नयाँ स्वरूपलाई कानूनले सम्बोधन गर्न नसक्नु र प्रभावितहरूको उद्धार तथा संरक्षणमा गरेको न्यून लगानीका कारण नेपालमा बेचबिखनका घटना दिन प्रतिदिन विभिन्न स्वरूपमा बाहिर आइरहेका छन् ।

महिला तथा बालबालिका बेचबिखनमा पर्नुको मुख्य कारण गरिबी भनिएपनि यसका कारण बहुआयामिक छन् । मानिसलाई गरिब बनाउने तत्वहरू जस्तैः सामाजिक, लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, संरचनागत विभेद जस्ता कारणलाई मानव बेचबिखन/ओसारपसारको पनि प्रमुख कारक तत्वको रूपमा लिन सकिन्छ। Poverty Reduction Strategy Papers का अनुसार नेपालका ३८% जनसङ्ख्या गरिबीको रेखामुनि रहेको छ। बेचबिखन तथा ओसारपसारका लागि सामाजिक तथा लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, समाजमा विद्यमान संरचनागत भेदभाव, प्राकृतिक प्रकोपहरू, सशस्त्र सङ्घर्ष/गृहयुद्धले मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढाउने प्रमुख तत्वको रूपमा भूमिका खेल्छ।[१३] गरिबी र रोजगारीको अवसरको अभावमा कुनै पनि खालका अवसर प्राप्त हुने आशाका कारण वा धेरै घटनाहरूमा घरेलु हिंसा अथवा सामाजिक विभेदबाट मुक्त हुन पाउने अपेक्षामा विशेष रूपमा महिला र बालबालिकाहरूलाई आफू बसेको स्थानबाट फरक वा सहरमा स्थानान्तरण गर्न दबाब सिर्जना गर्दछ। त्यसले महिला र बालबालिकामाथि बेचबिखन हुने जोखिम बढाएको छ।


13 मानव बेचबिखनतथाओसार प्रसार विरुद्ध सूचना सामाग्री “ज्योति”, हिलापुनस्थापना केन्द्र सन् २००२।

यस वर्ष ओरकमा जम्मा सात जना महिला बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएका घटना अभिलेखीकरण भएका छन् । जसमध्ये पाँच जनाको बेचबिखन तथा दुई जना महिलालाई बेचबिखनको प्रयास भएको पाइएको छ ।

## १०.२ महिला बेचविखन र यसको विश्लेषण

### १०.२.१ बेचबिखन र प्रभावितको उमेर


बेचबिखनमा परेका जम्मा पाँच जना महिला तथा बालिकामध्ये १८ वर्षभन्दा कम उमेरका बालबालिका बेचबिखनमा परेको पाइएको छ। जसमा कुल पाँच जना मध्ये ४० प्रतिशत (२ जना) महिला बेचबिखनमा परेको पाइएको छ । यसैगरी १८ देखि २५ वर्ष उमेरका पनि ४० प्रतिशत (२ जना) र २६ देखि माथिको २० प्रतिशत (१ जना) महिला बेचबिखनमा परेको पाइएको छ ।




***चार्ट नं. ५७ :*** *बेचबिखनमा परेका महिलाको उमेर*

### १०.२.२ बेचबिखन र आरोपितसँगको सम्बन्ध


बेचबिखनमा परेका पीडित र बेचबिखन गर्ने व्यक्ति तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा ४० प्रतिशत बेचबिखन आफ्नो श्रीमान्‌बाट भएको पाइएको छ जसमा दुई जना महिलाको बेचबिखन भएको तथ्याङ्क यो वर्ष ओरेकले अभिलेख गरेको छ भने बाँकी तीन जना समुदाय, साथी र अपरिचितले गरेको पाइएको छ । जुन कुल बेचबिखन संख्याको क्रमश २०/ २० प्रतिशत हुन आउँछ ।




***चार्ट नं. ५८ :*** *बेचबिखन प्रभावित र आरोपितसँगको सम्बन्ध*

## १०.२.३ बेचबिखन र प्रभावितको वैवाहिक अवस्था


बेचबिखन तथा बेचबिखनको प्रयासमा पर्ने प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा बेचबिखन तथा ओसार पसारबाट प्रभावित महिलामध्ये ६० प्रतिशत (३ जना) विवाहित महिला रहेको पाइएको छ । त्यसैगरी ४० प्रतिशत ( २ जना) विवाहित महिला बेचबिखन तथा ओसारपसारमा परेको तथ्याङ्क यसवर्ष सङ्कलन भएको छ ।




***चार्ट नं. ५९ :*** *बेचबिखन प्रभावित र वैवाहिक अवस्था*

### १०.२.४ बेचबिखन र प्रभावितको पेसागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यस वर्ष बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिला मध्ये सबैभन्दा बढी ६० प्रतिशत (३ जना) विद्यार्थी रहेका छन् भने २० प्रतिशत (१ जना) घरायसी काममा संलग्न र २० प्रतिशत (१ जना) दैनिक ज्याला मजदुरी गरिरहेका महिला बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएको तथ्याङ्क छ ।




***चार्ट नं. ६० :*** *बेचबिखन र प्रभावितको पेसागत अवस्था*

### निष्कर्ष:

यस वर्ष सङ्कलित तथ्याङ्कलाई विश्लेषण गर्दा १८ वर्ष भन्दा कम उमेर समूहका ४० प्रतिशत बालिका बेचबिखनमा परेको पाइएको छ । यसैगरी १८ देखि २५ वर्ष उमेरका ४० प्रतिशत र २६ वर्ष भन्दा माथिका उमेर समूहका २० प्रतिशत रहेका छन् । अर्कोतर्फ विवाहित प्रभावित महिला ६० प्रतिशत छन् । यसले के देखाउँछ भने बालबालिका र विवाहित महिलाहरू बेचबिखन र ओसारपसारमा बढी जोखिम रहेका छन् । साथै घरेलु हिंसा, सामाजिक हिंसाको मारबाट पीडित महिला तथा सानो उमेरका बालबालिकालाई ललाइफकाइ सुख सयल र विलासी जीवनको सपना देखाएर दलालले उसको बाध्यता र कमजोरीको फाइदा उठाउँदै बेचबिखन गर्ने गरेका तथ्यहरू बाहिर आएका छन् ।

बेचबिखन विभिन्न प्रयोजनका लागि हुने गरेको भएतापनि हाम्रो देशमा महिलाहरूको बेचबिखन मुख्यतया दासपूर्ण श्रम, यौन शोषण एवम् विवाहका लागि मुख्य रूपमा हुने गरेको तथ्याङ्कले देखाउँछ । यसरी १८ वर्षभन्दा कम उमेरका बालिका र उत्पादनशील उमेर समूहका महिला तथा

किशोरीहरू बेचबिखनबाट प्रभावित भएको तथ्यले महिला तथा किशोरीहरूमाथि उनीहरूको श्रम, शरीर र यौनिकतामाथि नियन्त्रण हुने गरेको कुरा प्रष्ट हुन्छ। यस प्रकारको शोषण तथा व्यवहारले उनीहरूको यातना तथा शोषणमूक्त बाँच्न पाउने जस्तो आधारभूत अधिकारसमेत हनन् भएको छ।

बेचबिखनमा पर्नेहरू सबैभन्दा बढी आफ्नै परिवार र समुदायका सदस्यहरूबाट नै जोखिममा रहेको सर्वेक्षणले देखाएको छ। यसैगरी छिमेकी, श्रीमान् र प्रेमी पनि त्यस्तो कार्यमा संलग्न रहेको तथ्य आएको छ। जात/जातीय रूपमा हेर्ने हो भने हरेक जात र जातीय समूह र समुदायका व्यक्तिहरू बेचबिखन कार्यमा संलग्न रहेका छन्। यस हिसाबले बालिका तथा महिलाहरू, सेवा प्रदायक, साथि, छिमेकी र श्रीमान्‌बाट समेत बेचबिखनको जोखिममा छन्, उनीहरूका लागि महिला बिक्री हुने वस्तु हुन् भन्ने कुरालाई यी तथ्यबाट पुष्टि हुन्छ।

## घटना अध्ययन : ८

### आमालाई फकाएर दलालले दुई छोरी बेचिदिए

शीवा (नाम परिवर्तन) को १७ वर्षको उमेरमा विवाह भएको थियो। उनको बुवा वैदेशिक रोजगारीका लागि विदेशमा थिए। बुवा विदेश गएपछि गाँउकै कमलले शीवाकी आमालाई ललाइफकाई शीवाको विवाह गरिदिए। शीवाको विहेको बारेमा उनका बुवालाई समेत जानकारी दिइएको थिएन। विहेपछि शीवा श्रीमान्‌को घरमा खुशी साथै बसेकी थिइन्। २०७८ को छठ मनाउन जब उनी माइत आइन्, त्यस बेला कमल र उनका साथी विमेशले शीवाकी आमा र कान्छी बहिनीलाई भारत घुम्न जाँउ भनी फकाएर शीवालाई समेत लिएर भारत गए। भारतमा उनीहरूले शीवाको विवाह गरिदिएको भन्दै पैसा लिएर एक जना भारतीय पुरुषको जिम्मा लगाईदिए भने कान्छी बहिनीलाई घरको काम गर्ने भन्दै भारत मै अर्को समुदायमा वेचिदिए। शीवालाई त्यहाँ दैनिक थुप्रै ब्यक्तिले बलात्कार गर्थे। बहिनीले पनि अनेक दुःख कष्ट सहनु पर्थ्यो। केही समय पछि शीवाकी बहिनी आँफु बेचिएको ठाँउबाट उम्किन सफल भइन् र नेपाल आइन्। नेपाल आएर उनले आफुहरूमाथि भएको सबै घटना बुवालाई बताइन्। त्यसपछि उनको बुवा विदेशबाट नेपाल आए। जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बेचबिखनमा संलग्न कमल र विमेश विरुद्ध उजुरी दिए। ओरेक लगायतका विभिन्न संघसंस्थाको सहयोगमा शीवालाई भारतबाट उद्धार गरियो। तर गाँउमा बस्न असुरक्षित भएपछि उनीहरूलाई सुरक्षित आवासमा राखिएको छ। मुद्दा दर्ता भएपछि आरोपित मध्ये रमेश राय पक्राउ परेको र छठिया राय र अन्य पहिचान नखुलेको फरार भएको छ।

# परिच्छेद–११

## आत्महत्या

### ११.१ आत्महत्याको अवस्था

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार वर्षेनी करिब ७ लाख मानिसको आत्महत्याका कारण मृत्यु हुने गरेको छ । यो सङ्ख्या समग्र प्राकृतिक तथा मानव निर्मित प्रकोप, युद्ध, आतङ्ककारी आक्रमण, हमला, हत्या र हिंसाबाट हुने वार्षिक मृत्यु दरभन्दा बढी हो । नेपालमा समेत दैनिक औसत १४ जनाले आत्महत्या गर्ने गरेको तथ्याङ्क छ । आत्महत्या गर्ने उमेरमा १९ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिहरू रहेको पाइएको छ । प्रहरीको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/०८० मा ६ हजार ९ सय ९३ जनाले आत्महत्या गरेका छन् । जसमध्ये २ हजार ७ सय ८५ जना महिला तथा बालबालिका रहेको तथ्याङ्क नेपाल प्रहरीसँग छ ।[१४]


विश्व स्वास्थ्य सङ्गठनका अनुसार कुनै पनि व्यक्ति शारीरिक मात्र नभई मानसिक र सामाजिक रुपमा पनि स्वस्थ रहनु उत्तिकै महत्वपूर्ण रहन्छ । महिला तथा बालिकाहरूमाथि बढ्दो मनोसामाजिक समस्याको प्रमुख कारण उनीहरू माथिको विभेद र हिंसा रहेको छ । ओरेकले यस वर्ष सङ्कलन गरेका कुल घटनामध्ये १.०६ प्रतिशत (१५ जना) महिलाले लैङ्गिक हिंसाका कारण आत्महत्या गरेका छन् । जसमा आत्महत्या गर्नेको संख्या ११ अर्थात ७३ प्रतिशत र आत्महत्या प्रयास गर्नेको संख्या चार जना अर्थात २७ प्रतिशत रहेको छ । अभिलेख गरिएका घटनालाई हेर्दा महिलाहरू माथि दाइजोको कारण दैनिक रूपमा दिइने शारीरिक तथा मानसिक यातना, चरित्र हत्या, जबरजस्ती विवाह, बलात्कार जस्ता कारणले आत्महत्या गर्न बाध्य भएको देखिन्छ । हिंसा प्रभावितको न्यायमा पहुँच सुनिश्चित नभएका कारण महिलाहरूले आत्महत्यालाई विकल्पको रूपमा छान्ने गरेको पाइएको छ ।

14 https://nepalpolice.gov.np/media/filer_public/96/be/96bef60f-3196-4540-b1ae-3b1f-d130a5c6/fy_2079-80_suicide__cyber_crime_-_ne.pdf

## ११.२ आत्महत्या र यसको विश्लेषण

### ११.२.१ आत्महत्या र उमेर


आत्महत्या गरेका महिलाको उमेर समूह हेर्दा सबैभन्दा बढी २७ प्रतिशत १८ देखि २५ उमेरका (३ जना) र २६ देखि ३५ (३ जना ) उमेर समूहका महिला रहेका छन् । साथै १८ बर्षभन्दा कम उमेरका १८ प्रतिशत (२ जना) र ३६ देखि ४५ उमेर समूहका १८ प्रतिशत (२ जना) रहेको पाइएको छ । साथै ४६ देखि माथि उमेर समूहको आत्महत्या दर नौ प्रतिशत (१ जना) पाइएको छ । संस्थाले अभिलेखिकरण गरेका तथ्याङ्क अनुसार आत्महत्या गर्ने महिलाले शारीरिक तथा मानसिक यातना सहन नसकेका कारण आत्महत्या गरेको पाइएको छ ।




**चार्ट नं. ६१ :** *आत्महत्या र प्रभावितको उमेर*

### ११.२.२ आत्महत्या र वैवाहिक अवस्था


यस वर्ष आत्महत्या गर्ने महिलाहरूको वैवाहिक अवस्थाको विश्लेषण गर्दा विभिन्न कारणले आत्महत्या गर्ने मध्ये ५५ प्रतिशत (६ जना) विवाहित र ४५ प्रतिशत (५ जना) अविवाहित महिलाले आत्महत्या गरेका छन् ।




**चार्ट नं. ६२ :** *आत्महत्या र वैवाहिक स्थिति*

## ११.२.३ आत्महत्या र शैक्षिक अवस्था


प्राप्त तथ्याङ्क अनुसार आत्महत्या गर्ने सत प्रतिशत (११ जना) महिला नै साक्षर भएको पाइएको छ भने साक्षर महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा ३६ प्रतिशत (४ जना) ले आधारभूत शिक्षा अध्ययन गरेका, ५५ प्रतिशत (६ जना) ले माध्यमिक शिक्षा अध्ययन गरेको र नौ प्रतिशत (१ जना) ले स्नातक तह अध्ययन गरेको देखिएको छ ।




***चार्ट नं. ६३ :*** *आत्महत्या र प्रभावितको साक्षरताको अवस्था विश्लेषण*

## ११.२.४ आत्महत्या र पेसागत अवस्था

सङ्कलन भएका आत्महत्याका घटनाहरूमा महिलाको पेसागत अवस्था हेर्दा सबै भन्दा बढी ३६ प्रतिशत (४ जना) घरायसी काम, २७ प्रतिशत (३ जना) विद्यार्थी र नौ, नौ, नौ प्रतिशत (१ जना) कृषि तथा पशुपालन साथै एक जना दैनिक ज्यालामजदुरी एक जना गैरसरकारी सेवा र एक जना व्यवसायमा संलग्न रहेको पाइएको छ ।




***चार्ट नं ६४ :*** *आत्महत्या र प्रभावितको पेसागत अवस्था विश्लेषण*

## निष्कर्ष:

ओरेकमा यो वर्ष प्राप्त तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी आत्महत्या गर्ने महिलाको उमेर समूह १८ देखि २५ र २६ देखि ३५ वर्षको रहेको देखिन्छ । यससँगै आत्महत्या गर्ने महिलाको उमेर समूहमा ४६ वर्षदेखि माथिको र १८ वर्ष भन्दा मुनीको समेत रहेको छ । गत वर्षको तथ्याङ्कमा आत्महत्या गर्नेमा अविवाहित महिलाको संख्या बढी देखिएको छ भने यस वर्ष विवाहित महिलाले बढी आत्महत्या गरेको देखिएको छ। १८ देखि ३५ वर्ष उमेर समूहका महिलाले आत्महत्या गरेको र गर्न खोजेको देखिनुले आत्महत्याको मुख्य कारण भनेको वैवाहिक सम्बन्धमा दरार आउनु, उनीहरूमाथि सामाजिक, शारीरिक र मानसिक हिंसा भई त्यसबाट मनोसामाजिक समस्या आएको हुन सक्छ । किशोरीहरूमा आत्महत्याको प्रयास प्रायः आवेगपूर्ण हुन्छ । यसको कारण उदासी, भ्रम, क्रोध, हिंसाको जोखिम, निराशा वा असहाय र एक्लोको भावना आउनु र कसैबाट अस्वीकार भएका कारण हुन सक्छ ।

साथै नेपाली समाजमा १८ देखि २५ वर्षको उमेर विवाह गर्ने उमेर मानिन्छ । यही समयमा महिलाहरूमाथि चारित्रिक लाञ्छना लगाउने र दाइजो कम ल्याएको वा आफ्नो माग र इच्छा अनुसारको नल्याएको, छोरी पाएको भनेर घरपरिवार तथा श्रीमान्ले दिने दैनिक शारीरिक तथा मानसिक यातनाका कारण बाँच्न भन्दा मर्नु बेस भन्ने ठानेर आत्महत्या गर्न बाध्य भएको पाइएको छ । बालिका, किशोरी माथि हुने यौन हिंसा, महिलामाथि हुने वैवाहिक बलात्कार, आर्थिक समस्याका कारण पनि मानसिक तनाव सहन नसकी आत्महत्या गरेको देखिएको छ । आत्महत्याका घटना र साक्षरताको अवस्थालाई हेर्दा साक्षर महिलाको वाहुल्य रहेको छ। पेसागत आधारमा हेर्दा घरायसी काममा संलग्न र विद्यालयमा पढ्दै गरेका छात्राले बढी आत्महत्या गरेको देखिन्छ। यसबाट यौन हिंसा, घरेलु हिंसा, तनावका कारण आत्महत्या गर्न बाध्य भएको देखिन्छ।

## घटना अध्ययन : ९

### छोरी जन्माएको भन्दै मानसिक यातना दिँदा आत्महत्याको प्रयास

फुलमाया (परिवर्तित नाम) को १२ वर्ष अघि विहे भएको थियो । विहे पछि पहिलो सन्तानको रुपमा उनले छोरी जन्माइन् । त्यही बेलादेखि उनलाई **पोष्ट ट्रमेटिक डिसअर्डर** अर्थात डर लागिरहने खालको समस्या देखियो । तर उनलाई श्रीमान्ले साथ, सहयोग र माया दिएपछि उनको त्यो समस्या विस्तारै ठीक हुँदै गयो । १० वर्षपछि उनले दोस्रो पटक छोरी जन्माइन् । दोस्रो सन्तान पनि छोरी पाएको भन्दै उनकी सासुले उनलाई मानसिक तनाव दिन थालिन् । उनले बुहारीलाई अपशब्द प्रयोग गर्दै गाली गर्न थालिन् । दैनिक सासुको गाली गलौजका कारण फुलमायाको मनमा नराम्रो सोचाइ आउन थाल्यो । छोरी जन्माएकाले सासुले आफुलाई गाली गलौज गरेको कुराले उनलाई सधैं तनाव दिइरहन्थ्यो । सासुले गरेको व्यवहार र भनेका शब्दले उनको चित्त निकै दुख्यो । उनलाई आफुले ठूलै गल्ती गरेको, छोरी जन्मनुमा आफ्नै दोष भएको र आफु कमजोर भएको महसुस हुन थाल्यो । त्यही आवेगमा उनले आत्महत्या गर्ने प्रयास गरिन् । तर उनका श्रीमान्ले थाहा पाएर तत्काल प्राथमिक उपचार गरी उनलाई बचाउन सफल भए । त्यो बेला ज्यान जोगिए पनि उनको मनमा आउने नराम्रो विचार र सोचाइ आउन छोडेन ।

झन् उनलाई आफुले गरेको आत्महत्याको प्रयासको घटनाले पिरोल्न थाल्यो र बारम्बार गलत सोंचाइ मनमा आउन थाल्यो । फुलमायाले दोस्रो पटक पनि विषादी खाएर आत्महत्याको प्रयास गरिन् । यसपछि उनका श्रीमान्ले उनलाई माइतीमा ल्याएर छाडिदिए । माइतीमा पनि सबैले छोरी पाएकोले यस्तो गरेकी भन्दै उक्त घटनालाई कुरा काट्ने विषय बनाइयो । माइतीमा पनि उनलाई शान्तिसँग बस्ने वातावरण मिलेन । यस्ता कुराले उनलाई बाँच्नु भन्दा मर्नु निको भन्ने सोचाइले जरो गाड्न थाल्यो । निरन्तर उनको मनमा यस्ता विचार आइरहे । माइती र छिमेकीको कुरा सुनेर उनलाई जिस्क्याएको महसुस हुन थाल्यो । उनले पटक पटक आत्महत्याको प्रयास गरिरहिन् । उनको यस्तो अवस्थाका बारेमा थाहा पाएर उनलाई ओरेकमा ल्याइयो । उनलाई मनोपरामर्श सुरु गरियो । यस क्रममा उनले आफुलाई दोषी हुँ भन्ने भावना आइरहने, रिस उठ्ने, एक्लो महसुस हुने, विरक्त लाग्ने, दुःखी हुने, जहाँ गयो त्यहीँ मर्न मन लाग्ने जस्ता विचार आउने कुरा बताइन् । मनोविमर्शकर्ताको सम्पर्कमा आएपछि उनलाई आठ वटा सत्र मनोविमर्शका कक्षा दिइयो । निरन्तर मनोविमर्शका सत्रपछि उनमा सकारात्मक परिवर्तन आएको छ । योग सङ्गित, ध्यान, लामो श्वास प्रश्वासको सिप, नृत्य,

गायन जस्ता गतिविधि मार्फत उनको उपचार गरियो । यसका साथै उनलाई डायरी लेखन, ME MAP, स्वः हेरचाहका कक्षाहरू, मस्तिष्क मन्थन, सकारात्मक र नकरात्मक व्यवहारका फाईदा, वेफाईदाका बारेमा विश्लेषण, आत्महत्या र यसको नकारात्मक कुराहरुका सम्बन्धमा मनोविमर्श गरियो । यद्यपि चौथो सत्रमा पुग्दा उनले एकपटक विषादी खाएर आत्महत्याको पुनः प्रयास गरेकी थिइन् । त्यस पश्चात् उनलाई मनोचिकित्सकसँग सम्पर्क गराई चार वटा सत्र परामर्श गराइयो । अहिले उनी आफुप्रति सकारात्मक र जीवनप्रति प्रतिवद्ध भएकी छन् । अहिले भने आफु अब आफुलाई माया गर्ने र फेरी आत्महत्याको प्रयास नगर्ने बाँचा गरेकी छन् । अहिले उनी आफ्नै घरमा गएर छोरीहरू र सासु ससुरासँगै बस्न थालेकी छन् । अहिले आफू खुशी रहन थालेको र अन्य कुनै किसिमको समस्या नभएको बताएकी छन् ।

## घटना नम्वर : १०

### आत्महत्या गर्न बाध्य पारियो

१७ बर्षिया रमा घरदेखि बाहिर बसेर अध्ययन गर्थिन् । त्यँहा बसेर पढ्न थाले पछि एम्बुलेन्सका चालक दीपकसँग भेट भयो । दीपकले उनका प्रेमको जाल पार्दै विभिन्न प्रलोभनका साथै बिहे पछि पनि पढ्न दिने भने पछि उनीहरुले भागेर बिहे गरेका थिए । तर विहे पछि दीपकले रमार्लाइ विभिन्न कुरामा आरोप लगाउदै कुटपिट गर्न थाले । रमाले माइतीलाई यो कुरा बताए पछि उनी झनै रिसाए र तेरो माइतीलाई गाडीले च्यापेर मारिदिने भन्दै विभिन्न यातना समेत दिन थाले । दीपकले दिने मानसिक यातान यति थियो की उनले करु केटीलाई रमाको नम्बरमा फोन गर्न लगाएर दीपक मेरो श्रीमान् हो भन्न लगाउथे । यी सबै कुरा र यातनाबाट दिक्क भएर रमाले फेसबुकमा आमालाई आफुलाई हारी नभन्न आग्रह गर्दै उनलाई श्रीमान्ले दिएको यातनाले गाह्रे भयो भन्ने स्ट्याटस लेखेर आत्महत्या गरिन् । रमा बस्ने घरको घरबेटीले उनले ढोका नखोलेको देखे पछि प्रहरीलाई खबर गरे पछि मात्र रमाले आत्मदाह गरेको थाहा भयो । माइतीहरुले दीपकलाई फोन गरेर घटना बारे बताउँदा उसले उल्टै धम्की दिनुको साथै रमाको दाइलाई हातपात समेत गरे । घटनाको विस्तृत विवरण बुझेर आफ्नी बहिनीलाई आत्महत्या गर्न बाध्य पारेको भन्दै माइती पक्षले उजुरी दिए पछि प्रहरीले दीपकलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

# परिच्छेद–१२

## हानिकारक परम्परागत अभ्यासहरू

### १२.१ पृष्ठभूमि

हानिकारक परम्परागत अभ्यास भनेको हिंसाको एउटा स्वरुप हो जुन मुख्यतया महिला तथा बालिकाहरू माथि धर्म, संस्कृतिको आडमा विभिन्न स्वरुपमा हुने गर्दछ । हानिकारक परम्परागत अभ्यासहरूलाई लिङ्ग, उमेर, जात/जाति, भाषा, धर्म आदिका आधारमा भेदभाव गर्ने निरन्तर व्यवहारको रूपमा परिभाषित गर्न सकिन्छ । २१ औं शताब्दीमा पनि समाजमा महिला बोक्सीको आरोप तथा दाइजोको निहुँमा जिउँदै जलाउने, बालविवाहका कारण जीवन भर भोग्नुपर्ने पीडा, छोराको चाहनाले लिङ्ग पहिचान गरी गर्भपतन गर्न बाध्य हुनुपर्ने जस्ता कुरीतिजन्य हिंसाका प्रशस्त उदाहरणहरू हाम्रा सामु छन् । यस्ता अभ्यासले महिला र बहिष्कृत समूहका मानिसहरूलाई हिंसा, कमजोर शारीरिक र मनोवैज्ञानिक स्वास्थ्य, सिमित शैक्षिक र आर्थिक अवसर र परिणामहरू, चोटपटक र मृत्युको जोखिममा समेत पुऱ्याउँछन् । सन् २०१७ मा सामुदायिक धारणा सर्वेक्षणको नतिजाको आधारमा, संयुक्त राष्ट्र संघको टोलीले हानिकारक अभ्यासहरूलाई विशेष गरी महिला र किशोरीहरूको विकासमा गम्भीर बाधकको रूपमा पहिचान गरेको छ ।

यी अभ्यासहरूले समावेशी शासन र राजनीतिक सहभागिता, आर्थिक विकास, शिक्षा, कृषि विकास, स्वास्थ्यमा पहुँच लगायतका सेवा र अवशरमा बाधा पुऱ्याउँछन् र अन्ततः दिगो विकास लक्ष्य २०३० को एजेन्डा र कसैलाई पनि पछाडि नछोड्ने सिद्धान्तको कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ ।




### १२.२ हानिकारक परम्परागत अभ्यासहरूका प्रकार

हानिकारक परम्परागत अभ्यासहरूलाई विश्लेषण गर्दा ओरेकको तथ्याङ्क अनुसार २५६ जना महिला तथा किशोरीमाथि हानीकारक परम्परागत अभ्यासका कारण हिंसा भएको पाइएको छ

जुन कुल तथ्याङ्क १ हजार ४०९ को १८ प्रतिशत हुन आउँछ । जसमा बालविवाह, बहुविवाह, बोक्सीको आरोप, दाइजो, जवरजस्ती विवाह, भेदभाव/ छुवाछुत, जवरजस्ती गर्भपतन जस्ता स्वरुप रहेका छन् ।

नेपालमा कानूनी रुपमा नै बर्जित भएपनि बहुविवाहका कारण ३९ प्रतिशत (१०० जना) महिला हिंसामा परेको पाइएको छ । यसैगरी १९ प्रतिशत (४९ जना) बालिकाको २० वर्ष भन्दा कम उमेरमा विवाह भएको छ भने दुई प्रतिशत (६ जना) माथि जबरजस्ती विवाह भएको पाईएको छ। २० प्रतिशत (५२ जना) लाई दाइजोका कारण हिंसा भएको छ। त्यस्तै १३ प्रतिशत (३४ जना) लाई बोक्सीको आरोप लगाई हिंसा गरेको पाइएको छ । एक प्रतिशत (२ जना) लाई जबरजस्ती गर्भपतन र पाँच प्रतिशत (१३ जना) माथि भेदभाव/छुवाछुतको आधारमा हिंसा भएको छ ।





***चार्ट नं ६५ :*** *हानिकारक परम्परागत अभ्यासहरूका प्रकार*

## १२.३ हानिकारक परम्परागत अभ्यासहरू र यसको विश्लेषण

### १२.३.१ हानिकारक परम्परागत अभ्यासहरु र प्रभावितको उमेर


हानिकारक अभ्यासहरूलाई विश्लेषण गर्दा महिला तथा बालिकाहरूमा १८ देखि २५ वर्ष उमेरका ३५ प्रतिशत ( ९० जना) अधिक मात्रामा परेको पाइएको छ। त्यसैगरी २६ देखि ३५ वर्ष उमेरका ३० प्रतिशत (७६ जना) र ३६ देखि ४५ वर्ष उमेरका १६ प्रतिशत (४१ जना) महिला तथा बालिकाले हानिकारक अभ्यासका कारण हिंसा सहनु परेको पाइएको छ । १८ बर्षभन्दा कम उमेरकाले ११ प्रतिशत (२९ जना) र ४५ देखि माथि उमेरका आठ प्रतिशत (२० जना) महिलाले हानिकारक परम्परागत अभ्यासका कारण भएको हिंसाबाट गुज्रिरहेको पाइएको छ ।




***चार्ट नं. ६६ :*** *हानिकारक परम्परागत अभ्यासहरू र प्रभावितको उमेर*

## १२.३.२ हानिकारक परम्परागत अभ्यासहरू र आरोपितसँगाको सम्बन्ध

हानिकारक अभ्यासबाट प्रभावित र पीडक तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा ६८ प्रतिशत (१७५ जना) श्रीमानबाट, आठ प्रतिशत (२० जना) परिवारको सदस्यबाट, सात प्रतिशत (१८ जना) प्रेमीबाट, १२ प्रतिशत (३० जना) छिमेकी, ०। ८ प्रतिशत (२ जना) अविवाहित तर सँगै वसेकोबाट हानिकारक परम्परागत अभ्यासबाट प्रभावित भएको पाइएको छ भने अन्यमा बिहे हुन लागेको पुरूष/किशोर वा प्रेमी भएको पाइएको छ ।




***चार्ट नं. ६७ :*** *हानिकारक परम्परागत अभ्यासमा आधारित हिंसा प्रभावित र आरोपितसँगको सम्बन्ध*

## निष्कर्षः

हरेक वर्ष, मुलुकभर मानिसहरू हिंसा र हानिकारक परम्परागत अभ्यासको परिणाम स्वरूप मृत्युको सिकार हुने गरेको विभिन्न पत्रपत्रिका अनलाइन र सामाजिक सञ्जाल तथा विभिन्न खोज अनुसन्धानले पुष्टि गर्दछ । नेपाल प्रहरीको लैङ्गिक हिंसा वार्षिक तथ्य पत्र २०७९/८० अनुसार अझ पनि बहुविवाह, बाल विवाह, जातीय छुवाछुत, बोक्सीको आरोप जस्ता परम्परागत अभ्यासबाट महिला तथा बालिकाहरू प्रभावित भएको देखाएको छ । समाजमा विद्यमान यस किसिमका अभ्यासहरू गहिरो र एकिकृत रूपमा समाजमा स्थापित पितृसत्तात्मक मान्यताहरू र असमान शक्ति सम्बन्धबाट उत्पन्न हुन्छन् र विशेष गरी महिला र बहिष्कृत समूहका व्यक्तिहरूका लागि विकास परिणाम र लाभहरूमा मानव अधिकार र समानताको प्राप्तिमा ठुलो बाधकहरू हुन् । संसदीय अभ्यास र नीतिगत ढाँचाहरूमा उल्लेखनीय प्रगति भएतापनि, हानिकारक अभ्यासहरू देशभर व्याप्त छन् ।

यस वर्ष संकलित तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी १८ देखि २५ वर्षको उमेर समूह हानिकारक परम्परागत अभ्यासका कारण हिंसामा परेको देखिन्छ । साथै विवाहित महिलाले बढी हानिकारक परम्परागत अभ्यासका कारण हिंसामा परेको तथ्याङ्कले देखाएको छ । हानिकारक परम्परागत अभ्यासमा आधारित प्रभावित माथि हिंसा र पीडकसँगको सम्बन्धको तथ्याङ्कलाई हेर्दा श्रीमान्पछि परिवारका सदस्य र छिमेकीहरू मुख्य अरोपित रहेको पाइएको छ । बहुविवाह कानून अनुसार दण्डनीय छ । तर अझै पनि डर, कुटपिट, धम्की, लोभ लालचको आडमा महिलाका लागि यस्ता अभ्यासहरू चलिरहेको अवस्था छ । हानिकारक अभ्यासको प्रभाव सबै विकास क्षेत्रमा परेको छ । जस अनुसार निर्णय लिने ठाउँमा अर्थपूर्ण सहभागिता सिमित गर्ने, जातीय भेदभाव, महिनावारी प्रतिबन्ध, बोक्सीको आरोप र जीविकोपार्जन, आर्थिक अवसरहरूमा प्रतिबन्ध लगाउने दाइजो, बालविवाह, बोक्सी विद्याको आरोप जस्ता रहेका छन् । हानिकारक अभ्यासहरू एउटै क्षेत्रले मात्र सम्बोधन गर्न सक्दैन । यसको अन्त्यका महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण सोही अनुरुपका विभेदकारी सामाजिक संरचना तथा हानिकारक परम्परागत मूल्य मान्यताका आधारमा हुने हिंसालाई गम्भीर अपराधको रुपमा लिई सबैखाले हानिकारक परम्परामा आधारित हिंसा अन्त्यको लागि कानूनको प्रभावकारी कार्यान्वयन तथा स्थानीयस्तरदेखि राष्ट्रिय तहसम्म संगठित रुपमा अभियान सञ्चालन हुनु आवश्यक छ ।

## घटना अध्ययन : ११

### दाइजो नल्याएको कारण मानसिक हिंसाबाट प्रभावित रिता

गरिब परिवारमा २०४३ सालमा जन्मिएकी रिता (परिवर्तित नाम) सानी हुँदा आमा वितिन् । बुवाले अर्को विहे गरे । कान्छी आमा आएपछि रितालाई आफ्नै परिवार बिरानो लाग्न थाल्यो । उनले झनै बढी दुःख गरेर बस्नु पर्‍यो । उनी कहिले आफन्तको घरमा त कहिले चिनेको मान्छेको घरमा बसिन् र जसोतसो कक्षा १२ पाससम्म गरिन् । २८ वर्षको उमेरमा परिवारले सामाजिक परम्परा अनुसार उनको विहे गरिदिए । तर विहे गरेर गएपछि उनको दुःख झन थपियो । केटाको परिवार अलि धनी भएका कारण उनको श्रीमान् र सासुले उनलाई दाइजो नल्याएकी, खान लाउन नजान्ने गरिब भनेर हेलाँ गर्न थाले । उनीमाथि हिंसा हुन थाल्यो । परिवारले रितालाई राम्रोसँग खान लगाउन दिएन । बिरामी हुदाँ उनले उपचार पनि पाइनन् । यस किशिमको मानसिक हिंसा सहन उनलाई गाह्रो भएपछि उनले माइतीलाई बोलाइन् । दुवैपक्ष बीच यस बारेमा छलफल भयो । माइती पक्षसँगको छलफलमा केटाले उनलाई घरमा नराख्ने भनेपछि रिता माइतीमा आएर बस्न थालिन् ।

घर फर्किनका लागि रिताले पटकपटक श्रीमानलाई फोन गरिन् । तर उनलाई श्रीमान् र सासुले वास्ता गरेनन् । माईत बस्न थालेको एकवर्ष भएपछि उनले चिनेको दिदी मार्फत वडा कार्यालयमा श्रीमान् विरुद्ध मौखिक उजुरी दिइन् । वडा कार्यालयमा त्यही दिन जिल्लाको ओसिएमसीका कर्मचारीहरु पनि आएको हुनाले त्यो कुरा थाहा पाए । न्यायिक समिति मार्फत रिताको परिवारलाई बोलाएर छलफल गराइयो र मेलमिलाप गरेर घर पठाइयो । तर रिताको श्रीमान् र सासुले उनलाई फेरी पनि अमानविय व्यवहार गर्न थाले । उनलाई घरको माथिल्लो तलामा जस्ताले बनेको एउटा कोठामा बस्न दिएर परिवार भित्र बहिस्करण गरी मानसिक यातना दिन थालियो । अहिले उनलाई घरपरिवारले राम्रो नगरेको कारण स्वस्थ्य अवस्था राम्रो नहुन्जेलसम्म एबिसि नेपालको सुरक्षा आवासमा राखिएको छ र उनी त्यहि बस्दै आएकी छिन् । उनलाई आवासको साथै, मनोविमर्श सेवा, कपडा र कानूनी परामर्श सेवा दिइएको छ तर पनि घरेलु हिंसाका कारण रिता मानसिक समस्याबाट भने पिडित नै छिन् ।


# परिच्छेद–१३

# पीडकको पृष्ठभूमि

## १३.१ पीडकको पृष्ठभूमि

### १३.१.१ महिला हिंसा र पीडकको लैङ्गिक विवरण


यस वर्ष अभिलेखीकरण गरिएका कूल १ हजार ४०९ घटनामध्ये १ हजार ३४५ आरोपितको विवरण स्पष्ट खुलेको छ जसमध्ये ८७ प्रतिशत (१३४५) घटनामा हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ भने बाँकी हिंसा गर्नेमा १३ प्रतिशत (१७० जना) महिला रहेका छन् । जसको विवरण निम्न बमोजिम तल प्रस्तुत गरिएको छ ।




***चार्ट नं. ६८ :*** *महिला हिंसा र पीडकको लैङ्गिक विवरण*

### १३.१.२ महिला हिंसा र पीडकको उमेर समूह


महिला हिंसा र पीडकको उमेरलाई मुख्य गरी छ वटा समूहमा वर्गीकरण गरिएको छ। माथिको चार्टमा उल्लेख भएबमोजिम महिला हिंसामा संलग्न पीडक वा आरोपितको उमेरलाई हेर्दा २६ देखि ३५ वर्ष उमेर समूहले ३५ प्रतिशत (४६६ जना) महिलामाथि हिंसा गरेको पाइएको छ। त्यसैगरी २८ प्रतिशत (३७६ जना) पीडक ३६ देखि ४५ उमेरका र १७ प्रतिशत (२२९ जना) १८ देखि २५ वर्ष साथै १३ प्रतिशत (१७० जना) ४६ देखि ५५ वर्ष उमेर समूहका रहेका छन्। ५५ वर्षभन्दा माथिका आरोपित पाँच प्रतिशत (७० जना) रहेको पाइयो भने १८ वर्ष मुनिका आरोपित दुई प्रतिशत (१७ जना) रहेको पाइयो।




***चार्ट नं. ६९ :*** *महिला हिंसा र पीडकको उमेर समूह*

### १३.१.३ महिला हिंसा र पीडकको वैवाहिक अवस्था

पीडकको वैवाहिक अवस्था हेर्दा ८६ प्रतिशत (११५० जना) विवाहित व्यक्तिले महिलामाथि हिंसा गरेको पाइएको छ । त्यसैगरी १२ प्रतिशत (१६१ जना) अविवाहित, दुई प्रतिशत (२१ जना) विवाहित तर सँगै नबसेका, ०.२२ प्रतिशत (३ जना) एकल, ०.४ प्रतिशत (५ जना) अविवाहित तर सँगै बसेका र ०.२२ प्रतिशत (३ जना) को पहिचान खुल्न नसकेका हिंसाका आरोपित वा पीडक रहेका छन् ।





***चार्ट नं. ७० :*** *पीडकको वैवाहिक अवस्था*

### १३.१.४ महिला हिंसा र पीडकको पेसा

महिलामाथि हुने हिंसा र पीडकको पेसाको विश्लेषण गर्दा कृषि तथा पशुपालनमा संलग्न भएकाहरू बढी रहेको पाइएको छ। महिलामाथि ज्याला मजदुरी गर्नेबाट ३३ प्रतिशत (४४५ जना) आरोपितबाट हिंसा भएको छ। त्यसैगरी कृषिमा संलग्न ३० प्रतिशत (४०० जना) आरोपित रहेका छन् भने १० प्रतिशत (१३५ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, तीन/तीन प्रतिशत (६२ जना र ५७ जना) घरायसी काम र जागिर खोज्दै गरेकोबाट महिलामाथि हिंसा भएको पाइएको छ।

साथै चार प्रतिशत (५७ जना) विद्यार्थी र ६ प्रतिशत ( ७७ जना) सरकारी सेवामा कार्यरत व्यक्तिबाट हिंसा भएको छ। चार प्रतिशत (५४ जना) अन्यबाट महिलामाथि हिंसा भएको पाइएको छ । अन्य भित्र सवारी चालक, सेना, प्रहरी, शिक्षक, राजनीतिकर्मी, समाजसेवीहरु जस्ताले महिलाहरू पीडकको रुपमा छन् ।





***चार्ट नं. ७१ :*** *महिला हिंसा र पीडकको पेसागत अवस्था*

### १३.१.५ महिला हिंसा र पीडकको जात/जातीय विवरण

महिला हिंसा पीडकको जात/जातीय अवस्था पहिचान गर्ने उद्देश्यले यस वर्षको घटनालाई अध्ययन र विश्लेषण गरिएको छ । जस अनुसार नौ विभिन्न जात/जातीय समूहको संलग्नता रहेको पाइएको छ । जसलाई निम्न बमोजिम व्याख्या गरिएको छ ।

यस वर्षको अभिलेखीकरणबाट सबैभन्दा बढी मात्रामा तराई/मधेसीबाट महिलामाथि हिंसा भएको देखिन्छ । जसलाई संख्यात्मक रूपमा हेर्दा २५ प्रतिशत (३११ जना) हुन आउँछ भने १७ प्रतिशत (२३२ जना) पहाडे ब्राह्मण/क्षेत्री, १७ प्रतिशत (२३२ जना) पहाडे आदिवासी जनजाति, ११ प्रतिशत (१५२ जना) पहाडे दलित तथा ११ प्रतिशत (१५२ जना) तराई दलित, दुई प्रतिशत (२२ जना) तराई ब्राह्मण/क्षेत्री र पाँच प्रतिशत (७० जना) मुस्लिम समुदायका व्यक्तिहरू रहेको पाइएको छ । त्यसैगरी एक प्रतिशत (१६ जना) आरोपितको पहिचान खुल्न सकेको छैन ।




***चार्ट नं. ७२ :*** *महिला हिंसा र पीडकको जात/जातीय विवरण*

## निष्कर्ष :

यो वर्ष सङ्कलित कूल १ हजार ३ सय ४५ हिंसाका घटना मध्ये ८७ प्रतिशत हिंसा पुरुषवाट भएको देखिएको छ । समाजमा विद्यमान पितृसत्तात्मक सोंच र विभेदपूर्ण सामाजिक संरचनाका कारणले महिलाहरू बढी मात्रामा पुरुषको हिंसाबाट प्रभावित हुनुपरेको वास्तविकता यो तथ्याङ्कले उजागर गरेको छ । महिला र पुरुषबीचको असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोंच, लैङ्गिक असमानता नै महिलामाथि हुने हिंसाको प्रमुख कारणको रूपमा रहेको छ । साथै घर परिवारमा हुने हिंसाबाट बालबालिकाले परिवारमा आफ्नो सानो उमेरदेखि नै बावुले आमालाई गरेको हिंसा तथा व्यवहार देखेर हुर्कने भएकाले उसले पनि त्यही व्यवहारलाई आत्मसात् गर्दै जाने र हिंसा गर्ने साथै महिलाले सहनु पर्छ भन्ने कुरा आमाबाट सिकेकाले हिंसा सहेर बस्ने गरेको पाइएको छ ।

जसरी हिंसा प्रभावितको उमेर, पेसा, जात/जातीय पृष्ठभूमिमा विविधता रहेको छ, त्यस्तै गरेर पीडकको सन्दर्भमा पनि यो विविधता लागू हुन्छ । प्राप्त तथ्याङ्कलाई हेर्दा ८८ प्रतिशत विवाहित पुरुषबाट महिलामाथि हिंसा भएको देखिएको छ । सबै जसो पेसामा संलग्न पुरुषबाट हिंसा भएको पाइएता पनि सबैभन्दा बढी कृषि तथा पशुपालन र ज्याला मजदुरीमा संलग्नहरूबाट हिंसा भएको देखियो । हिंसामा संलग्न आरोपितहरूको जातीयताको पृष्ठभूमि हेर्दा पहाडे/ब्राह्मण/क्षेत्री र तराई आदिवासी समूहका पुरुष बढी रहेको देखियो ।

यसैगरी तथ्याङ्कको आधारमा हेर्दा १३ प्रतिशत (१७० जना) महिला पीडकको रूपमा रहेको पाइएको छ । यसलाई विश्लेषण गर्दा बाहिरबाट हेर्दा पीडकको रूपमा महिलाहरू देखिए पनि महिलाहरूलाई अहिलेको सामाजिक मूल्य-मान्यता र विशेषगरी पुरुषहरूले कसरी पीडकको रूपमा धकेलेका छन् र उनीहरू यस्ता कार्य गर्न बाध्य पारिन्छन् भन्ने कुराको गहिरो विश्लेषण गर्न आवश्यक छ । त्यसैगरी महिलाहरूमा लैङ्गिक रूपमा रहेको पुरातनवादी सोंच र आफू शक्तिमा पुगेपछि कमजोरलाई गर्ने व्यवहारका कारण महिलाबाट पनि हिंसा तथा दुर्व्यवहारका घटनाहरू भएका छन् । त्यसैगरी महिलाहरू जो पितृसत्तात्मक सामाजिक संरचनाभित्रै हुर्कने, बढ्ने गरेका हुन्छन्, उनीहरू भित्र पनि पितृसत्तात्मक सोंचले जरो गाडेको हुन्छ । त्यति मात्र नभई आफ्नो घर-परिवारमा पुरुष स्रोतको रूपमा रहने हुँदा त्यही स्रोतको नजिक हुँदा आफू सुरक्षित हुने भएकाले पनि महिलाले महिलामाथि हिंसा गरेको देखिएको छ । यसलाई अझ सूक्ष्म रूपमा विश्लेषण गर्दा जो महिलाहरूको स्रोतमाथि बढी पहुँच हुन्छ । ती महिलाहरूले स्रोत र शक्तिमाथि पहुँच नभएका महिलाहरूलाई हिंसा गरेको देखिन्छ ।

पीडक व्यक्तिहरूको उमेर समूहलाई हेर्दा १८ देखि ४५ उमेर समूहका ७७ प्रतिशत (१ हजार २५८ जना) युवा हिंसामा संलग्न रहेको पाईएको छ । उत्पादनशील कार्यमा संलग्न हुने, उच्च शिक्षा हाँसिल गर्ने, व्यवसाय तथा रोजगारीमा सम्लग्न हुने, सामाजिक विकास र समसामयिक सवालमा नेतृत्व लिने उमेर समूहका बहुसंख्यक युवा नै हिंसा गर्ने समूह वा पीडकका रूपमा रहेको यस अध्ययनले देखाएको छ ।

# परिच्छेद–१४

## सञ्चार अनुगमन

### १४.१ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको विवरण

ओरेक नेपालले राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमन गरी मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । तथ्य-तथ्याङ्क सहित प्रमाणमा आधारित पैरवी ओरेकले सुरुदेखि नै गर्दै आएको हो र यो अहिले पनि निरन्तर छ। सञ्चार माध्यम यस्तो पैरवीलाई सम्बन्धित निकाय र सरोकारवालाहरू बीच पु¥याउने र बहस चलाउने एक महत्वपूर्ण माध्यम हो। त्यसैले ओरेक नेपालले सञ्चार माध्यमसँग सँधैं नजिक रहेर सहकार्य गर्दै आएको छ। यो अनुगमन यसैको एउटा उदाहरण हो ।

पछिल्लो एक वर्षमा सञ्चार माध्यमबाट कुल ४०१ वटा महिला हिंसाका घटना सार्वजनिक भएका छन्। ओरेक नेपालले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेका भए तापनि घटना दोहोरिन नदिन तिनलाई यस विश्लेषणमा समावेश गरिएको छैन ।

पत्रपत्रिका तथा सञ्चार माध्यममा आउने घटनामा विस्तृत विश्लेषण गर्न पर्याप्त तथ्यगत विवरण नहुने हुँदा ती घटनाका आधारमा पुग्दो विश्लेषण गर्न सकिएको छैन । यद्यपि सञ्चार माध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको वर्तमान अवस्था र प्रकृतिलाई देखाउने हुँदा उपलब्ध सूचनाका आधारमा विश्लेषण भने गरिएको छ।




### १४.२ हिंसाका प्रकार

यस वर्ष पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका स्वरूपहरूमा बलात्कारका समाचार, हत्या, हत्या प्रयास, यौन दुर्व्यवहार, मानव बेचबिखन, सामाजिक हिंसा, घरेलु हिंसा, आत्महत्याका घटना

सम्बन्धी र सामाजिक हिंसा जसमा विशेषत: बोक्सीको आरोपका घटना प्रकाशन भएका छन् ।

एक वर्षमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा सबैभन्दा धेरै बलात्कारका समाचार प्रकाशन भएका थिए । कुल ४०१ वटा घटना मध्ये ४३ प्रतिशत (१७४ वटा) बलात्कार सम्बन्धी समाचार प्रकाशित भएका छन् । त्यसैगरी २५ प्रतिशत (१०१ वटा) हत्या, १३ प्रतिशत (३ वटा) हत्याको प्रयास, तीन प्रतिशत (१२ वटा) यौन दुर्व्यवहार, दुई प्रतिशत (९ वटा) मानव बेचबिखन, पाँच प्रतिशत (२१ वटा) सामाजिक हिंसा, तीन प्रतिशत (१३ वटा ) घरेलु हिंसा र ६ प्रतिशत (२३ वटा ) आत्महत्याका घटनासम्बन्धी समाचार अनुगमनका क्रममा पाइएको छ । एक प्रतिशत (३ वटा) बोक्सीको आरोपमा हिंसा भएको घटना प्रकाशनमा आएका थियो । यसैगरी तीन प्रतिशत (१३ वटा) मानव बेचबिखन र दुई प्रतिशत (९ वटा) सामाजिक हिंसाका घटना सञ्चार माध्यम मार्फत सार्वजनिक भएका छन् जसको विवरण सहित निम्न चार्टमा प्रस्तुत गरिएको छ ।





***चार्ट नं. ७३ :*** *राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको प्रकार*



## १४.३ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको प्रदेश अनुसारको स्थिति

यस वर्ष पत्रपत्रिकामा प्रकाशन भएका मध्ये ओरेक नेपालले विश्लेषण गरेका जम्मा ४०१ हिंसामा सबै भन्दा बढी २४ प्रतिशत (९८ वटा) हिंसाका घटना सम्बन्धी समाचार कोशी प्रदेशमा भएको

पाइएको छ भने दोस्रोमा वागमती प्रदेशमा २० प्रतिशत (७९ वटा) र १९ प्रतिशत (७६ वटा) घटना लुम्बिनी प्रदेशबाट प्रकाशित भएको पाइएको छ । यसैगरी ५८ प्रतिशत (१४ वटा) मधेश प्रदेश, आठ प्रतिशत (३१ वटा) गण्डकी प्रदेश ,सुदूरपश्चिम प्रदेशमा ६ प्रतिशत (२५ वटा) र कर्णालीमा सात प्रतिशत (२९ वटा) महिला तथा बालिकामाथि भएका हिंसाका घटना सम्बन्धी समाचार आएको तथ्याङ्कले देखाएको छ ।




***चार्ट नं. ७४ :*** *पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेश अनुसारको स्थिति*

# परिच्छेद–१५

## हिंसा प्रभावितहरूलाई उपलब्ध गराएको सेवाको विवरण

### १५.१ प्रभावितलाई सुरक्षित आवास मार्फत प्रदान गरेको सहयोग विवरण

हिंसा प्रभावित बालिका/महिलालाई कुनैपनि प्रकारको हिंसा भयो र परिवार/समाजमा बस्न सुरक्षाको दृष्टिकोणले उसलाई गाह्रो भयो वा परिवार तथा समाजमा बस्दा उसलाई न्याय पाउन कठिनाई हुने भयो भने उक्त अवस्थामा प्रभावितको सर्वोत्तम हितलाई सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण सेवा प्रभावित केन्द्रित दृष्टिकोणबाट प्रदान गर्ने स्थान सुरक्षा आवास हो । सुरक्षित आवास एउटा यस्तो थलो हो जहाँ प्रभावितहरूले आफूलाई सुरक्षित भएको महसुस गरी विभिन्न सशक्तीकरणका गतिविधिहरूमा समावेश भएपछि् आत्मविश्वासमा वृद्धि भई आफूलाई सशक्त भएको महसुस गर्दछन् ।

ओरेकको अभियानमा सुरक्षित आवास सेवा एउटा महत्वपूर्ण सेवा हो । लैङ्गिक हिंसाविरुद्धको अभियानमा सुरुवातदेखि नै आफ्ना अभियानमा संस्थाले सुरक्षा आवासको व्यवस्थापन गरी हिंसा प्रभावित महिला तथा वालिकाहरूको सर्वोत्तम हितको सुनिश्चितताका लागि कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । हाल संस्थाले आफ्नै पहल तथा स्थानीय सरकार र अन्य गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा सातवटा सुरक्षावासमार्फत सेवा प्रदान गरिरहेको छ ।

हिंसा प्रभावित महिलाहरूमा विशेषतः शारीरिक र मानसिक रूपले आघात हुने र त्यसका कारण त्रसित हुने भएकाले उनीहरूलाई सुरक्षित आवासको निकै खाँचो हुन्छ । पीडकसँगै बसेर न्यायका लागि पहल गर्न असजिलो मात्र होइन, प्रभावितलाई जोखिमपूर्ण समेत हुने भएकाले हिंसा प्रभावितहरूका लागि सुरक्षित आवास सेवा निकै उपयोगी र सहयोगी सिद्ध भएको छ । हिंसा प्रभावित महिलाहरूका लागि निकै आवश्यकता भएकाले र यसबाट प्रभावितले सेवा लिएका कारण यो सेवा लिनेको सङ्ख्यामा वर्षै पिच्छे बढोत्तरी हुँदै गएको छ । सुरक्षित आवास सेवाबाट

आवासका साथै हिंसा प्रभावित महिलाहरूका लागि उपयोगी विभिन्न अन्य सेवाहरू जस्तै कानूनी सेवा, मनोपरामर्श सेवा जस्ता सेवा पनि उनीहरूको पुनर्स्थापनाका लागि उपलब्ध हुँदै आएका छन् । यो आर्थिक वर्षमा पनि सुरक्षित आवासमा सेवा लिएर हिंसाविरूद्ध न्यायका लागि पहल गर्न प्रभावितहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ ।

यो वर्षको तथ्याङ्क अनुसार ७ वटा सुरक्षावास मार्फत ४२५ जनाले सुरक्षा आवासको सेवा लिएका छन् । सुरक्षा आवासको सेवा लिनेहरूमा २६ जना पुनः दोहोरिएर सेवा लिन आएका थिए भने ४२५ जना नयाँ प्रभावितहरू यस सेवाबाट लाभान्वित भएका छन् । यसैगरी सुरक्षा आवासबाट ३१९ जनालाई कानूनी परामर्श र १२३ जनालाई कानूनी सहयोग प्रदान गरिएको छ। सुरक्षावासको सेवा लिएका सातजनालाई विभिन्न विषयमा अभिमुखीकरण गर्दै उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइएको छ। १३२ जना प्रभावितलाई स्वास्थ्योपचार तथा १४ जनालाई प्रसूति स्याहार सेवा उपलब्ध गराइएको छ । यस्तै २८९ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र ६२ जनालाई यातायातको सुविधा उपलब्ध गराइएको छ भने सुरक्षितवासमा आएका ४२५ मध्ये १० जनालाई पुनर्स्थापना गरिएको छ । यसैगरी ३१३ जनालाई फोनबाट फलोअप, १९६ जनालाई पारिवारिक परामर्श, ४४ वटा घटनाको स्थलगत अनुगमन समेत गरिएको छ। यतिमात्र हैन हिंसा प्रभावितहरू मध्ये २७ जनालाई दिगो जीविकोपार्जनका लागि विउपूँजी सहयोग, २६१ जनालाई आरामदायी अभ्यासको सेवा पनि दिइएको छ। सुरक्षा आवासमा रहेकाहरूमा जम्मा ३८३ चरणमा मनोविमर्श सेवा प्रदान गरिएको छ ।


ओरेकले देशका विभिन्न शाखामार्फत सञ्चालन गरेका सुरक्षित आवास सेवा लैङ्गिक हिंसाविरूद्धको अभियानमा निकै उपलब्धिमूलक भएको छ । विशेषगरी सुरक्षित आवासमा आश्रय पाएर हिंसा प्रभावितहरू थप जोखिमबाट बच्नुको साथै मनोविमर्श, स्वास्थ्य उपचारको सेवा र विभिन्न कानूनी परामर्श तथा कानूनी सहयोग पाउँदा प्रभावितहरूलाई हिंसाविरूद्ध आवाज उठाउनका लागि आत्मबल समेत मिलेको छ। पीडकसँगै बस्दा, आश्रयकै चिन्ताले पनि उनीहरू हिंसाविरूद्ध बोल्न डराएका हुन्थे भने सुरक्षित आवासमा उनीहरूले आफूमाथि हुने हिंसाबाट उन्मुक्ति, पाउने उपलब्ध सेवा र आफ्नो अधिकारबारे बुझ्न समेत निकै सहज वातावरण मिलेको छ ।



यद्यपि सुरक्षित आवासको सञ्चालन निकै चुनौतीपूर्ण पनि देखिएको छ । खासगरी पीडकहरूले दिने दबाव, धम्की जस्ता कार्यले सञ्चालकहरू सँधै जोखिममा हुन्छन् । यसका साथै प्रभावितहरू जुनसुकै समयमा पनि सुरक्षा आवासमा सेवा लिन आउन सक्ने भएकाले तत्काल उनीहरूका लागि आवश्यक पर्ने बन्दोबस्तीका सामानका लागि आर्थिक र अन्य चुनौती व्यहोर्दै आइएको

छ । यतिमात्र हैन हिंसाका घटनाको कानूनी उपचारको प्रक्रिया लामो हुने भएकाले पनि प्रभावित कति समय सुरक्षित आवासमा बस्ने निश्चित नहुनु र कतिपय जिल्लाहरूमा सुरक्षित आवासको आफ्नै संरचना नहुँदा त्यसले पनि चुनौती थपेको छ । प्रभावितहरूसँग यातायात खर्च समेत नहुने भएकाले सुरक्षित आवासबाट घर फर्कंदा चुनौती देखिने गरेको समेत पाइएको छ ।

यद्यपि तमाम चुनौतीहरूका बाबजुद पनि, ओरेकले आफ्नै पहल र अन्य सरोकारवाला निकायहरूसँगको समन्वयमा सुरक्षित आवासलाई प्रभावकारी रूपमा थप व्यवस्थित गरी निरन्तर सञ्चालन गर्दै आएको छ ।





***चार्ट नं. ७५ :*** *संस्थाद्वारा सुरक्षित आवासमार्फत प्रदान गरिएका सेवाको विवरण*

## १५.२ ओरेकको हटलाइन सेवा मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटना

हिंसा प्रभावित महिलाले आफूमाथि भएका हिंसाबारे सहज रूपमा उजुरी गर्न सकुन्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोहीपनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन् । ओरेक नेपालका हटलाइनमा महिलाले विशेषगरी हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ,

उपलब्ध सहयोगी संयन्त्रहरू जस्तैः कानूनी परामर्श सहायता, सुरक्षित आवासलगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गरेका छन् ।


यस वर्ष ओरेकका दुई वटा कार्यालयमा हटलाइन सेवा मार्फत १२७ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए । हटलाइन मार्फत ओरेकको सम्पर्कमा आउने प्रभावित महिलाहरूमा ७८ जना घरेलु हिंसा, २० जना यौन हिंसा, १३ जना सामाजिक हिंसा, चार जना बालविवाह, १ जना वैवाहिक बलात्कार, एक जना बेचबिखनको प्रयास, एक जना बोक्सीको आरोप, एक जना प्रेममा धोका, एक जना हराएर अलपत्र परेको कारणले सम्पर्क गरेका थिए । यस्तै गरी अन्य (नागरिकता सम्बन्धी, स्वास्थ्य उपचारका लागि रिफर र तीन जना हराएका व्यक्ति) ५ जनालाई समेत सेवा प्रदान गरिएको छ ।




**चार्ट नं. ७६ :** *हटलाइन मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाका प्रकार*



यस वर्ष सङ्कलन भएका कुल १२७ घटनामध्ये ७८ वटा मोरङमा, ४९ वटा काठमाण्डौमा हटलाइन मार्फत हिंसाका घटना सङ्कलन भएका छन् ।




**चार्ट नं. ७७ :** *हटलाइनमा आएका घटनाको जिल्लागत दर्ता विवरण*

# परिच्छेद–१६

# मनोरञ्जन क्षेत्रमा श्रमिक महिलामाथि भएका हिंसा, शोषणको घटना


## १६.१ पृष्ठभूमि

महिलामाथि गरिने हिंसा र विभेदका कारण समाजमा विद्यमान पितृसत्तात्मक मुल्य, मान्यता, सोच, व्यवहार र अन्य सामाजिक हानिकारक परम्परा हुन् । कतिपय हिंसा महिला भएकै कारण हुने गर्छन् । जस्तोः महिला भएकै कारण महिलामाथि बलात्कार हुन्छ । महिलाले विवाह गरेर पुरुषको घरमा जानुपर्ने, त्यहाँका विभिन्न वातावरण, व्यवहार, र संस्कारसँग समाहित हुनुपर्ने कारण पनि महिलाले विभिन्न खालका हिंसा, शोषण र दमन सहनुपर्ने हुन्छ । कतिपय हाम्रा परम्परा र धर्म-संस्कृति पनि महिलालाई हिंसा हुने खालका छन् । तीजमा महिलाले नै श्रीमानको लामो आयुका लागि व्रत बस्नुपर्ने सामाजिक मान्यता पनि हिंसा नै हो ।

महिला आत्मनिर्भर हुन सक्दैनन् कसैको छत्र छायाँमा बस्नुपर्छ भन्ने मान्यता पनि महिला हिंसा नै हो । समाजमा गरिव र एकल महिला छन् भने बोक्सीको आरोप लगाइ विभिन्न हिंसा र यातना दिने, अभक्ष्य खुवाउनेदेखि अति अमानविय तरिकाले हिंसा गर्ने प्रवृत्ति यथावत छ । आफुले जन्माएको सन्तानलाई आफैले पहिचान दिन नसक्ने कानूनी व्यवस्था र महिला भएकै कारण सामाजिक परम्परा र पितृसत्तात्मक मुल्य मान्यता, यौनजन्य हिंसा, कामको आधारमा गरिने शोषण र विभेद महिलामाथि हुने हिंसा हुन् । नेपालको संविधान २०७२ मा हरेक नागरिकलाई सुरक्षित वातावारणमा आत्मसम्मानपूर्वक जीवन जिउन पाउने नैसर्गिक अधिकारको व्यवस्था भएतापनि महिलामाथि विभिन्न स्वरुपमा हिंसा भईरहेको छ । **महिलाको निम्ति महिला मञ्च नेपाल** संस्था मनोरञ्जन क्षेत्रलाई हिंसा रहित, सुरक्षित, सम्मानजनक र व्यवस्थित कार्यस्थलको

रुपमा स्थापित गर्न सक्रिय रहेको छ । आ. व. २०७९/०८० मा अभिलेखिकरण गरिएका महिला माथि भएका हिंसाका घटनाहरु यँहा समावेश गरिएको छ । यी घटनाहरु विगतका वर्षमा झैं यो वर्ष पनि मनोरञ्जन क्षेत्रमा कार्यरत विभिन्न हिंसा, शोषण र विभेदबाट प्रभावित पीडित तथा प्रभावित महिला जो न्यायको खोजी गर्दै उक्त मञ्चमा गुनासा लिएर अएकाहरुको गुनासाको आधारमा तयार पारिएको तथ्याङ्क हो । विभिन्न शक्तिको आडमा कतिपय घटनाहरूको मिलापत्र गरिन्छ । कतिपय घटना मनोरञ्जन क्षेत्रमा काम गरेकै कारणले झनै हिंसामा पर्ने डरले बाहिर ल्याउन जोखिम हुने भएकाले प्रभावितहरु हतोत्साहित हुने गरेको पाइएको छ। आ.व. २०७९/८० मा संस्थाले अभिलेख गरेका ३० वटा प्रतिनिधिमूलक घटनाको विश्लेषण गर्दा प्राप्त नतिजा यस प्रकार रहेको छ ।

## १६.२ मनोरञ्जन क्षेत्रमा कार्यरत किशोरी तथा महिलामाथि भएका हिंसाको प्रकार





***चार्ट नं. ७८ :*** *मनोरञ्जन क्षेत्रमा कार्यरत किशोरी तथा महिलामाथि भएका हिंसाको प्रकार*



माथि उल्लेखित मुद्दाका प्रकृतिलाई विश्लेषण गर्दासबै भन्दा धेरै घरेलु हिंसाका १३ वटा घटना रहेका छन्, त्यसैगरी यौन हिंसा दुईवटा, बलात्कार तीनवटा श्रम शोषण दुईवटा, मानसिक हिंसा तीनवटा, साईबर अपराध दुई, सामाजिक अर्थात कानूनी कागजपत्र (नागरिकता, जन्मदर्ता) बाट वञ्चित गरेको दुई, कुटपिट दुई गरी यो वर्ष संस्थामा ३० वटा घटना दर्ता भएका छन् । यसरी

घटनाको प्रकृति हेर्दा महिलाहरू घरभित्र भन्दा घर बाहिर असुरक्षित रहेको स्पष्ट रुपमा देख्न सकिन्छ ।

## १६.३ भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति





***चार्ट नं. ७९ :*** *भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति*

भौगोलिक क्षेत्रअनुसार हिंसामा पर्ने महिला तथा किशोरीमा बागमती प्रदेशमा १० जना, गण्डकी प्रदेशमा १० जना, लुम्बिनी प्रदेशमा तीन जना, कोशी प्रदेशका तीन जना, कर्णालीका दुई र सुदूरपश्चिम प्रदेशका दुई जना रहेका छन् ।


## १६.४ प्रभावितको वैवाहिक स्थिति

मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाको वैवाहिक स्थितिको विश्लेषण गर्दा सबै भन्दा धेरै अविवाहित महिलामाथि हिंसा भएको छ । अविवाहित ३४ प्रतिशत महिला यो वर्ष हिंसामा परेका छन् । त्यसैगरी विवाहित तर सँगै नबसेका ३३ प्रतिशत, विवाहित २७ प्रतिशत, अविवाहित तर सँगै बसेका चार प्रतिशत, पारपाचुके गरेका तीन महिला तथा किशोरी हिंसाबाट प्रभावित रहेको पाइएको छ ।




***चार्ट नं. ८० : प्रभावितको वैवाहिक स्थिति***


## १६.५ प्रभावितको जातीयता




***चार्ट नं. ८१ : प्रभावितको जातीयता***

महिला हिंसाबाट पीडित तथा प्रभावितको जातीयताको अवस्था हेर्दा दुई जना आदिबासी, १४ जना जनजाती, पाँच जना क्षेत्री, तीनजना ब्राहमण, पाँचजना दलित र एकजना मधेसी रहेको पाइएको छ । सबै भन्दा धेरै जनजाति महिला धेरै प्रभावित भएको पाइएको छ ।


## १६.६ प्रभावितको शैक्षिक अवस्था




***चार्ट नं. ८२** : प्रभावितको शैक्षिक अवस्था*

प्रभावितहरूको शैक्षिक स्थितिको विश्लेषण गर्दा १४ प्रतिशत साक्षर अर्थात सामान्य लेखपढ गर्न सक्ने, २३ प्रतिशतले प्राथमिक तह, १० प्रतिशतले नि.मा.वि. तह, १३ प्रतिशतले मा.वि. तह, १७ प्रतिशतले प्लस टु, तीन प्रतिशतले स्नातक तह अध्ययन गरेको पाइएको छ भने २० प्रतिशत भने निरक्षर अर्थात सामान्य लेखपढ गर्न नसक्ने महिला हिंसामा परेका छन् ।


## १६.७ प्रभावितको कार्यक्षेत्र




***चार्ट नं. ८३ :** प्रभावितको कार्यक्षेत्र*

संस्थामा आएका ३० वटा महिला हिंसाका घटनामा प्रभावितको कार्यक्षेत्रको विश्लेषण गर्दा सबै भन्दा धेरै दोहोरी साँझमा कार्यरत महिला ५३ प्रतिशत हिंसामा परेका छन् । त्यस्तै डान्सबारमा कार्यरत २० प्रीतिशत, खाता घर १३ प्रतिशत र मसाज सेन्टर र क्याविन रेस्टुरेण्टमा काम गर्ने सात/सात प्रतिशत महिलामाथि हिंसा भएको छ ।


## १६.८ प्रभावितको पेसागत अवस्था




***चार्ट नं. ८४** : प्रभावितको पेसागत अवस्था*

प्रभावितहरूको पेसागत अवस्था हेर्दा मनोरञ्जन क्षेत्रमा कार्यरत ४६ प्रतिशत वेटर, १० प्रतिशत डान्सर, सात प्रतिशत मसाजकर्ता, २७ प्रतिशत गायिका र १० प्रतिशत मनोरञ्जन क्षेत्र भन्दा बाहिरको गार्मेन्टमा काम गर्ने महिला र विद्यार्थी रहेका छन् ।


## १६.९ प्रभावितको आरोपितसँगको सम्बन्ध




***चार्ट नं. ८५** : प्रभावितको आरोपितसँगको सम्बन्ध*

संस्थामा आएका महिला हिंसाको विश्लेषण गर्दा सवैभन्दा धेरै १४ जना महिला श्रीमान्बाट हिंसामा परेको पाइएको छ भने परिवारका सदस्यबाट दुई जना, छिमेकीबाट एक जना, ग्राहकबाट तीन जना, प्रेमीबाट तीन जना, चिनेजानेको व्यक्तिबाट दुई जना र तीन जना नचिनेको व्यक्तिबाट महिलाहरू पीडित भएको पाइएको छ ।


## १६.१० पीडकको उमेर




***चार्ट नं. ८६** : पीडकको उमेर*

पीडकहरूको उमेरको विश्लेषणबाट सबै भन्दा धेरै ३६ देखि ४५ वर्ष उमेर समूहका व्यक्तिले हिंसा गरेको देखिएको छ । त्यसपछि क्रमशः २६ देखि ३५ वर्ष उमेर समूहका, १९ देखि २५ वर्ष र ४६ देखि ५५ वर्ष उमेर समूहका व्यक्ति रहेको पाइएको छ । र १८ वर्ष भन्दा कम र ५६ वर्ष भन्दा माथिको उमेर समूहको उक्त अपराधमा संलग्नता देखिएको छैन ।

## १६.११ न्यायिक पहल




***चार्ट नं. ८७ :*** *न्यायिक पहल*

यो वर्ष संस्थामा आएका घटना मध्ये ३० जनालाई कानूनी सहयोग तथा परामर्श सेवा प्रदान गरिएको छ । विभिन्न सरोकारवाला निकायसँ गपीडितलाई समन्वयको भूमिका संस्थाले गरेको छ । कानूनी परामर्श दिएका मध्ये चार वटा बलात्कार र यौन दुर्व्यवहारका घटना जिल्ला अदालत काठमाण्डौमा दर्ता भइ प्रभावितले न्याय पाएकी छन् । अदालतले एकजनालाई दोषी मानी जेल सजाय सुनाएको छ । तीन वटा घटना अदालती प्रक्रियामा रहेका छन् । त्यस्तै दुईवटा श्रम शोषण (पारिश्रमिक नपाएको) का घटनामा प्रहरी प्रभाग गोगंबु र काठमाण्डौ महानगरपालिका वडा नं २६ वडा कार्यालयबाट पारिश्रमिक दिलाइएको छ । त्यस्तै ११ वटा घरेलु हिंसाका घटना महिला आयोग र प्रहरीको समन्वयमा मेलमिलाप गरिएको छ । दुई जनाको विद्युतीय अपराध सम्बन्धी घटना समाधान भएको छ । बाँकि सातवटा घटना राष्ट्रिय महिला आयोग, साईबर ब्युरोमा प्रक्रियामा रहेका छन् । संस्थामा आएका दुईवटा घटनामा आवश्यक प्रमाणको अभाव र झन्झटिलो कानूनी प्रक्रियाको कारण न्यायिक प्रक्रियामा आउन सकेनन् । दुईजना प्रभावितका श्रीमान् (पीडक) वैदेशिक रोजगारीमा भएकाले मुद्दा अगाडि बढ्न सकेको छैन ।

## १६.१२ संस्थामा आएका घटनाको विश्लेषण

पितृसत्तात्मक सामाजिक संरचनाले मलजल गरेका हानिकारक सोच, मुल्य-मान्यता र संस्कारका कारण महिला हिंसाको भुमरीमा परेका छन्। संस्थामा आएका घटना मध्ये सवै भन्दा धेरै महिला घरेलु हिंसाको सिकार बनेका छन् । मनोरञ्जन क्षेत्रमा काम गरेकै कारण हेरिने सामाजिक नकारात्मक दृष्टिकोणले गर्दा श्रमिक महिलाले भोगेका हिंसाहरु बहुविवाह, साईबर अपराध, घर निकाला, कानूनी कागजपत्र (नागरिकता, जन्मदर्ता) बाट वञ्चित अपहेलना, श्रमिक महिला भन्ने घरपरिवारलाई थाहा भएपश्चात विभेद हिंसा गर्ने, घरमा पस्न नदिने जस्ता घटना रहेका छन्। घटनालाई हेर्दा सवैभन्दा धेरै शारीरिक हिंसा, घर भित्र श्रीमान्बाट हुने घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ। त्यस्तै यौनजन्य हिंसामा जवरजस्ति करणी र यौन दुर्व्यबहारका घटना यस क्षेत्रमा कार्यरत रहेकै कारण चिनजान र केटा साथीबाट भएका छन्। त्यस्तै मानसिक यातना र आर्थिक हिंसामा सम्पति माथिको अधिकारबाट वञ्चित गर्ने र आर्थिक ठगिका घटना रहेका छन्। श्रम शोषणमा मनोरञ्जन क्षेत्रमा श्रम गरेको पारिश्रमिक नपाएका घटना रहेका छन्।

प्रत्येक व्यक्तिलाई आफ्नो घर नै सबै भन्दा सुरक्षित हुनु पर्नेमा महिलाका लागि भने यो मान्यता गलत सावित भएको छ । सबैभन्दा असुरक्षित स्थान नै घर र परिवारका सदस्यबाट महिला असुरक्षित छन्। संस्थामा आएका घटनामा सवैभन्दा धेरै महिला आफ्नै घरमा श्रीमान्बाट हिंसामा पर्ने गरेका छन्। त्यस्तै मनोरञ्जन क्षेत्रका श्रमिकहरू ग्राहकद्वारा, रोजगारदाताबाट पनि पीडित भएको पाइएको छ। प्रदेशअनुसार विश्लेषण गर्दा बागमती र गण्डकी प्रदेशका महिला सबै भन्दा धेरै प्रभावित भएको पाइएको छ। त्यसैगरी वैवाहिक स्थितिमा अविवाहित र विवाहित तर सँगै नबसेका महिला बढी हिंसाबाट प्रभावित भएका छन्। साथै पढेलेखेका महिलाहरू पनि हिंसा सहन बाध्य भएका छन् । संस्थाले सङ्कलन गरेका महिला हिंसाका ३० वटा घटनाको कारण नियाल्दा महिलालाई आत्मनिर्भर भएको देख्न नसक्नु, मनोरञ्जन क्षेत्रको कामले पहिचानर सम्मान नपाउनु, दम्पत्ति बिचमा विश्वासको कमी, शंका, छोराछोरीमा गरिने सामाजिक विभेद, बालविवाह, जातीय विभेद, आर्थिक कारण, पारिवारीक विखण्डन, अवहेलना आदि रहेका छन।



मनोरञ्जन क्षेत्रमा थुप्रै खालका श्रम शोषण, यौन दव्यवहारका घटना प्रशस्त भएतापनि घटनाको बारेमा बोल्यो भने रोजगार गुम्ने वा गुमाउनु पर्ने डर , समाजले के भन्ला भन्ने डर, कानूनको अनविज्ञता र बोलेपनि सहजै न्याय पाइन्छ भन्ने विश्वास नहुनु, प्रतिष्ठामा आँच आउने डर, लाज, असुरक्षा आदि कारणले अझै पनि यस्ता घटना सम्बन्धित निकायसम्म आउन सकेका छैनन्। धेरैजसो घटना सामाजिक डरका कारण न्यायिक निकायमा जान नचाहने र मेलमिलाप तर्फ जाने गरेको पाइएको छ।

## ११. निश्कर्ष :

महिलाविरुद्धका सवै प्रकारका हिंसा र विभेदको अन्त्य गर्न राज्यले विभिन्न नीति, नियम र कानून निर्माण गरेको छ । विभिन्न संरचना स्थापित छन् तर त्यसको प्रभावकारी कार्यान्वयन नहुनु सवैभन्दा कमजोरी पक्ष हो । राजनीतिमा महिलाको सहभागिता बढेपनि महिलाहिंसामा कमी नआउनु महिलामाथिको विभेदको सवाललाई राजनीतिक विषय नवनाइनु मुख्य कारण हो ।

घरेलु हिंसा सम्बन्धि ऐन २०६६ ले मेलमिलापलाई प्रोत्साहन गरेको छ। घरेलु हिंसाका घटनालाई एक महिनासम्म मिलाउन प्रयास गर्ने र नभएमा मात्र अदालत पठाउने व्यवस्था छ। मनोरञ्जन क्षेत्रमा काम गरेकै कारणले गरिने महिला माथिका हिंसा शोषणको अवस्था निकै भयावह छ । सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र राजनैतिक रुपमा महिला दमनमा परेका छन् । लैङ्गिक रुपमा पनि महिलालाई दोश्रो दर्जाको नागरिकमा राख्ने गरिन्छ । समाजमा महिलाको श्रमको मुल्याङ्कन, मान्यता र सम्मान नहुँदा महिला विभिन्न स्वरुपका हिंसामा पर्ने गरेको छन् । महिला र पुरुषबिच गरिने विभेद त्यसमा पनि कामको विभाजनले गर्दा सेवामूलक काम महिलाको मात्र जिम्मेवारी हो भन्ने बुझाइले विभेदको खाडल झन ठूलो बनाएको छ ।

### घटना नं : ११

**रिता (परिवर्तित नाम)** धादिङ्ग जिल्ला स्थायी घर भई हाल काठमाण्डौमा बस्दै आइरहेकी छन् । उनले विगत ११ वषदेखि मनोरञ्जन क्षेत्र (डान्सबार) मा काम गरिरहेकी छन् । । ठमेल स्थित एक डान्सबारमा वेटरको रुपमा काम गर्ने रिताले चार महिनाको तलव पुरा पाएकी थिईनन् । काममा राख्ने क्रममा रोजगारदाताले मासिक रु १३ हजार तलव दिने भनी मौखिक सहमति गरेका थिए तर तलव माग्दा कहिले चार हजार त कहिले ६ हजार दिएर ब्यापार राम्रो छैन पछि दिउँला भनेर टार्ने गरेका थिए । उनले चार महिनाको जम्मा २१ हजार मात्र तलव पाएकी थिइन् । तलव माग्यो भने उल्टै तिमीले एड्भान्स लगेको पैसा तिर्नु छ भनेर म्यानेजरले रितालाई धम्क्याउने गर्दथ्यो । पैसाको एकदम आवश्यकता रहेको भन्दै रोजगारदातासँग रोकिएको तलवको माग गर्दा उल्टै ग्राहक पनि ल्याउन नसक्ने, ब्यापार पनि राम्रो नगरेको भन्दै गाली गर्न थाले । त्यस पछि उनी महिलाको निम्ति महिला मञ्च नेपालमा सहयोग माग्न आइन् । मञ्चको सहयोगमा का.म.न.पा. वडा नं २६ को कार्यालयमा रिपोर्ट लेखाइन् । वडाको सहयोगमा छलफल पश्चात् उनले बाँकि पारिश्रमिक पाएकी छन् ।

## घटना नं : १२

**ऐना (नाम परिवर्तन)** हाल महिलाको निम्ति महिला मञ्च नेपालको सुरक्षित आवास गृह मुस्कान केन्द्रमा बसेर आफुमाथि भएको जबरजस्ती करणी र मानव बेचबिखनका विरुद्ध न्यायका लागि लडाईं लडिरहेकी छन् । सानैदेखि पारिवारिक विखण्डनका कारण आमाबुवासँग अलग्गिएकी ऐना सँधै मायाको अभावमा बाँचिरहिन् । संगीत क्षेत्रमा रुचि राख्ने ऐनाको कमजोरी थाहा पाएर एक व्यक्तिले आफुले म्युजिक भिडियो बनाउन लागेकोले तिमीलाई मोडल बनाउँछु भन्दै प्रलोभन देखाएर ललाईफकाई काठमाण्डौ ल्यायो । आफुसँगै राखेर बन्धक बनाई जवरजस्ती करणी गर्ने, जवरजस्ती गर्भपतन गर्न लगाउने र डान्सबारमा काम गर्न बाध्य बनाइरहेको अवस्थामा संस्थाको सदस्यमार्फत संस्थाको सम्पर्कमा आएपछि महिलाको निम्ति महिला मञ्च नेपालले उनलाई सुरक्षित आवासमा राखी न्यायिक पहल गर्दै आएको छ। उजुरीपछि पीडकलाई प्रहरीले पक्राउ गरेको छ। उनलाई निरन्तर मनोविमर्श सेवा, स्वास्थ्य सहयोग पछि उनी शारीरिक र मानसिक रुपमा स्वस्थ हुँदै आइरहेकी छन् ।

# परिच्छेद १७

## निष्कर्ष तथा सुझाव

महिलामाथि हुने हिंसा भर्खरैको सवाल नभई सदियौँदेखि नेपाली समाजमा स्थापित र हस्तान्तरित हुँदै आएको जटिल समस्या हो । यद्यपि अहिले पहिले भन्दा केही परिवर्तन भई फरक फरक स्वरूपमा हिंसाका प्रवृत्तिहरू देखिँदै आएका छन् । समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न कारक तत्वले भूमिका खेलेको छ। नेपालको सन्दर्भमा कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाबाट प्रभावित छन् । परम्परागत, धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानूनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिँदैन ।

महिला हिंसालाई अझ स्पष्टसँग व्याख्या गर्ने क्रममा सन् १९९३ को संयुक्त राष्ट्रसंघको घोषणापत्रले निम्नानुसार परिभाषित गरेको छ। 'लैङ्गिक हिंसा, महिला र पुरुष बीचमा ऐतिहासिक रूपमै रहेको असमान शक्ति सम्बन्धको कारणले भएको हो, जसले महिलालाई शक्ति सम्पन्न हुनमा रोक्दछ भने पुरुषलाई महिलामाथि भेदभाव गर्नका लागि प्रोत्साहन गर्दछ। एक सङ्कटयुक्त सामाजिक संयन्त्रको रूपमा तुलनात्मक तवरले महिलाहरूलाई बलपूर्वक पुरुष सहयोगीको स्थान दिइन्छ ।'

नेपालमा धेरै ठूला राजनीतिक परिवर्तन भएका छन् । यद्यपि ती परिवर्तनलाई निर्णायक बिन्दुमा पुऱ्याउन आफ्नो तर्फबाट विशेष भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन । समाजमा व्याप्त पितृसत्तात्मक सोच, विभेदपूर्ण मूल्य, मान्यता तथा कानून, लैङ्गिक असमानता, आर्थिक परनिर्भरता, नीति निर्माणको तहमा महिला प्रतिनिधित्वको न्यून सहभागिता जस्ता कारक तत्वले महिलामाथि हुने हिंसालाई थप बल प्रदान गरेको छ । साथै पितृसत्तात्मक नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहारका साथै महिला र पुरुषबीच विद्यमान यही सामाजिक विभेदका कारण पनि

महिलामाथि हुने हिंसाले निरन्तरता पाइरहेको छ । महिला हिंसाले महिलाका आधारभूत मानव अधिकार उपभोगमा समेत बन्देज लगाएको छ । यो समष्टिमा मानव अधिकारको उल्लङ्घन र हनन्को गम्भीर विषय हो । अभिलेखिकरणबाट प्राप्त तथ्याङ्कले के पुष्टि गर्दछ भने आफ्नै घर, परिवार, समाज र विश्वासनीय मानिएकाहरूबाटै महिलाहरू हिंसामा पर्नु, पीडा या यातनाबाट ग्रसित हुनु, त्रास र डरमा बाँच्नु पर्ने वाध्यता रहनुले सुरक्षित र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारबाट उनीहरू वञ्चित भएका छन् ।

कानूनतः महिलामाथि हुने हरेक प्रकारका हिंसा अपराध हो । यद्यपि यस्ता आपराधिक क्रियाकलाप र घटनाहरू निरन्तर हुँदै र गरिंदै आइएको हुँदा महिला हिंसा अन्त्य भएको समाजको परिकल्पना एक महत्वकांक्षामा सिमित भएको छ । ओरेकले वर्षेनी महिला हिंसाका घटनाहरूको अभिलेख गर्दै त्यसको विश्लेशणात्मक प्रतिवेदन सार्वजनिक गर्दै आइरहेको छ । ओरेकबाट महिलामाथि हुने हिंसाका जे जति तथ्य-घटनाहरू सङ्कलित तथा अभिलेख हुँदै आएका छन्, बालिका र महिलाहरू उनीहरूको जैविक एवं सामाजिक लैङ्गिक पहिचानकै कारणले वर्षेनी अनेक खालका हिंसाबाट प्रभावित हुँदै आएको देखाएको छ ।

महिलामाथि हुने हिंसाविरूद्ध विभिन्न सङ्घ-संस्था, सरकारी तथा गैरसरकारी निकायहरूको प्रयासका बाबजुद ओरेकले वर्षेनी महिला हिंसाका घटनाहरूको अभिलेखीकरण गर्दै आउँदा त्यस्ता घटनाहरूमा कमी आएको वा सुधार भएको तथ्य पाएको छैन । गत वर्षको तुलनामा तथ्याङ्किय हिसावमा अन्वेषीमा प्रकाशित यस वर्षको तथ्याङ्क कम देखिएता पनि ओरेकको कार्य क्षेत्रको आधारमा सङ्कलन गरेका अभिलेख भएकाले यस वर्ष गत वर्षको तुलनामा कम जिल्लाका तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएकाले कम जस्तो देखिएको हुनसक्छ । तर पनि अनुपातका हिसावले हेर्ने हो भने महिला हिंसाको स्वरुप उस्तै र अझ विकराल रहेको देखिएको छ । अझ प्रविधिको तिव्र विकास र विस्तारले महिला हिंसाका नयाँ, नयाँ र विकराल स्वरूपहरू बढ्दै गएको र त्यसले व्यक्तिलाई मात्र नभई समाज, समुदाय र राष्ट्रलाई समेत प्रत्यक्ष असर पारिरहेको छ । उही समाज, उही समुदाय भित्र लगातार महिला हिंसा भइरहनुले कानूनत महिलाको हकमा केही परिवर्तन र उपलब्धिहरू भएपनि उनीहरूको वास्तविक अवस्था, सामाजिक जीवन र हैसियतका साथै सामाजिक रुपान्तरणमा ठोस परिवर्तन नभएको स्थिति उपलब्ध तथ्याङ्कले चित्रण गर्दछ ।

विगतको तुलनामा हालका दिनमा महिलाहरूको गतिशिलताको दायरा फराकिलो भएको छ । महिला संलग्न हुने क्षेत्र बढ्दै गइरहेको छ । प्रायः जसो सार्वजनिक र निजी क्षेत्रका व्यावसायिक निकायहरूमा महिलाहरूको उपस्थिति बढ्दो छ जुन सकारात्मक पक्ष हो, तर यससँगै अर्को

वास्तविकता पनि छ कि महिलाहरू जहाँ जहाँ संलग्न हुन्छन् वा भएका छन्, ती ती स्थान, क्षेत्र र वृत्तहरू भित्रै उनीहरू हिंसामा परेका छन् । किनकि सार्वजनिक क्षेत्र र स्थानमा महिलाको उपस्थितिलाई पित्तृसत्ताले स्वीकारेको छैन त्यसकारण उनीहरूमाथि लैङ्गिकताकै आधारमा हिंसा हुने र गर्ने गरिएको छ ।

महिलामाथि हुने हिंसाको अन्त्य विना महिलाको मानव अधिकार सुनिश्चित हुन सक्दैन । महिलामाथि हुने हिंसा समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्य-मान्यता र सोचको परिणाम हो । त्यसको फलस्वरूप वर्षेनी हजारौं महिलाहरू विभिन्न स्वरूपमा शारीरिक, मानसिक, आर्थिक, सामाजिक हिंसा सहन बाध्य बनाइएका छन् । यसर्थ नेपालको संविधान, नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरूको पूर्ण पालना गर्दै, महिला भएकै कारणले भोग्नुपर्ने विभेद तथा हिंसाको अन्त्य गर्ने वातावरण तयार गर्ने सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने हुन्छ । यसका लागि सर्वप्रथम पितृसत्तात्मक सोच र यसलाई मलजल गर्ने पुरुषवादी मानसिकता हावी रहेको संरचनाको परिवर्तन, हरेक क्षेत्रमा महिलाको समान तथा अर्थपूर्ण सहभागिताको सुनिश्चितता, लैङ्गिकमैत्री संरचनाको स्थापना र महिला हिंसाका घटनामा शून्य सहनशीलताको पूर्ण पालना गर्नु आवश्यक छ । साथै महिलालाई दोस्रो दर्जाका नागरिकका रूपमा हेर्ने सोच, उनीहरूमाथि गरिने व्यवहार र हेरिने दृष्टिकोण परिवर्तन गरी घरदेखि सार्वजनिक स्थलसम्म महिलाको स्वतन्त्र पहिचान र नेतृत्वलाई स्वीकार गर्ने वातावरण तयार गर्न स्थानीय तहदेखि अभियानहरू सञ्चालन गर्नु जरुरी छ ।

## १७.१ सुझावहरू

ओरेकले लामो समयदेखि हिंसा प्रभावितहरूसँग काम गर्दाको अनुभव र यस वर्ष सङ्कलन गरिएका तथ्याङ्क र विश्लेषणबाट हिंसा प्रभावितसँगको प्रत्यक्ष संलग्नताका आधारमा निम्न विषयवस्तुमा जोड दिएर सुझावहरू प्रस्तुत गरेको छ ।

## १७.२ रोकथाम

- हाल तीनै तहका सरकारको हिंसा न्यूनीकरणका लागि भएका पहल तथा प्राथमिकताका क्षेत्रलाई विश्लेषण गर्दा रोकथामका गतिविधिहरूमा केन्द्रित कार्यक्रमको अपुग भएको पाइएको छ भने हिंसाको स्वरूप र प्रवृत्ति फेरिएका कारण कतिपय अवस्थामा विद्यमान संयन्त्र तथा रणनीतिले काम नगरेको अवस्था छ । यति मात्र हैन महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण रहँदासम्म हिंसा रोकिंदैन । त्यसैले विभेदकारी दृष्टिकोण परिवर्तनका

लागि बृहत रूपमा व्यक्ति, परिवार र समुदाय तीनै तहमा अभियानमूलक गतिविधिहरू निरन्तर रूपमा सञ्चालन गर्नु आवश्यक छ।

- महिलाको शरीरलाई परिवार तथा पुरुषको नीजि सम्पत्ति हो भन्ने सोच, महिलालाई वस्तुको रूपमा हेरिनु तथा महिलाको यौनिकतालाई परिवार र समाजको इज्जतसँग जोड्ने परम्पराका कारण महिलाको शरीरमाथि आफ्नै नियन्त्रण नरहेको र उक्त नियन्त्रणको परिणाम महिला माथि हुने हिंसा हो भन्ने यथार्थलाई आत्मसात गर्दै महिलाको आफ्नो शरीरमाथि आफ्नो नियन्त्रण हुने वातावरण सिर्जनाका लागि समुदाय तहदेखि अभियानहरू सञ्चालन हुनु अत्यन्तै जरुरी छ। महिलाको श्रम, शरीर र पहिचानमाथि परिवार, समाज र राज्यले विभिन्न मुल्य मान्यता तथा नीतिको माध्यमद्वारा गरेको नियन्त्रण हटाई, श्रम, शरीर र पहिचान माथि महिलाको आफ्नो स्व- निर्णय र नियन्त्रण हुनसक्ने अवस्था सिर्जना गर्न र निर्णायक तहमा महिलाको सहभागिता र नेतृत्वको सुनिश्चितता होस । यसका लागि हालसम्म स्थापित सबै प्रकारका असमान शक्ति संरचनाहरूलाई नेपालको संविधान २०७२ र संविधानको धारा ३८ (४) मा उल्लेखित अधिकार सुनिश्चित गर्न कानून निर्माण गर्नुका साथै समुदाय तहदेखि नै सामाजिक रूपान्तरणको अभियान सञ्चालन गरियोस्।
- महिलामाथि हुने हिंसाको समग्र अवस्थाका बारेमा एकीकृत राष्ट्रिय तथ्याङ्क राख्ने संयन्त्रको अभावका कारण यसको समग्र अवस्थाको विश्लेषण गर्न र सोही बमोजिम हिंसा सम्बोधनका लागि उचित कदम चाल्न कठिन भएको अवस्था छ। यसर्थ महिलामाथि हुने हिंसाको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना नेपाल सरकारबाट यथाशिघ्र गरियोस्।
- महिलाविरूद्ध हुने भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीय तहदेखि केन्द्रिय स्तरसम्मका सबै संरचनाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गरियोस्।
- महिलाले सम्मानित र स्वतन्त्र भएर जीवनयापन गर्न सक्ने वातावरण सिर्जना गर्न राज्यका सबै तहका संरचनाहरूमा लैङ्गिक समानता नीतिको शीघ्र तर्जुमा गरी कार्यान्वयनमा ल्याइयोस्।
- पितृसत्तात्मक सोच र विभेदकारी सामाजिक मूल्य मान्यताका कारण, स्थापित जातीय विभेद, महिला र बालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा ल लैंगिक अल्पसंख्यक, कठिन भौगोलिक क्षेत्र, जनजाति, जस्ता बिभिन्न स्वरूपमा पाखा पारिएका महिला र

बालिका, जबर्जस्ती तथा बाल विवाह, महिनावारी हुँदा अलग्याउने, छाउपडी लगायतका सबै प्रकारका हानिकारक प्रथालाई गम्भीर अपराधको रूपमा ग्रहण गरी त्यस्ता सबैखाले हानिकारक परम्परामा आधारित हिंसा अन्त्यका लागि कानूनको प्रभावकारी कार्यान्वयन तथा स्थानीय स्तर देखि राष्ट्रिय तहसम्म संगठित रूपमा अभियान सञ्चालन गरियोस् ।

- महिलाहरूले आर्थिक रूपमा सशक्त र स्वाबलम्बी भएर जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जनाका लागि महिलाहरूको आन्तरिक र आर्थिक सशक्तीकरणका कार्यक्रमहरूका लागि आवश्यक नीति सहित बजेटको व्यवस्था गरियोस् ।
- महिलामाथि हुने हिंसाका बारे जानकार वा सचेत महिलाहरूको जमात बढ्दो छ । तर महिला हिंसाका नयाँ, नयाँ स्वरूप र माध्यमहरू पनि उत्तिकै देखा परिरहेका छन् । त्यस्ता नयाँ नयाँ हिंसाका स्वरूप र माध्यमहरू बारेमा समेत सचेतना र छलफलका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरियोस् ।
- सरकारले समय सापेक्ष रुपमा नीति निर्माण एंव परिमार्जन गर्दै ल्याएको छ, यी कानूनी व्यवस्था र प्रावधानहरू बारे प्रत्येक स्थानीय तहदेखि आम नागरिक समक्ष जानकारी र सूचना पुऱ्याउने उचित संयन्त्र र माध्यमहरूको व्यवस्था गरियोस् । ताकी हिंसा पीडित/प्रभावितहरूले आफूमाथि भएको हिंसात्मक घटनालाई चाँडो भन्दा चाँडो न्यायिक प्रक्रियामा लैजान सहज वातावरण प्राप्त गरोस् ।
- अन्तर्राष्ट्रिय सन्धि-सम्झौता विशेषगरी महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्ने महासन्धि (CEDAW), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि (UNESCR) र दिगो विकासका लक्ष्य स्थानीयकरणका लागि राष्ट्रिय कार्ययोजना निर्माण तथा प्रभावकारी अनुगमन संयन्त्रको विकास गरियोस् ।

## १७.३ सम्बोधन

- हिंसा प्रभावितहरूले उजुरी गर्ने निकायहरूको अभावमा आफूमाथि भएको हिंसाबारे बोल्ने वा त्यसको समाधानका लागि कदम चाल्ने सम्भावनाहरूको खोजी गर्न समेत अनेक अवरोध र व्यवधान व्यहोर्ने गरेका छन् । तसर्थ महिलाविरुद्ध हुने हिंसाबारे गुनासो गर्ने महिलामैत्री उत्तरदायी संयन्त्र वा उजुरी गर्ने निकायहरूलाई थप संवेदनशील बनाई प्रभावित केन्द्रित अवधारणाको विकास र प्रयोग गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइयोस् ।
- महिला हिंसामध्ये पनि यौन हिंसा, बलात्कार प्रभावितहरू, खासगरी बालिका एवं

किशोरीहरूका लागि सरकारी तहबाट उचित संरक्षण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित आवास, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा रोजगार एवं जीविकोपार्जनको भरपर्दो माध्यमहरूको सुनिश्चित गर्दै आत्मसम्मान सहितको सामाजिक पुनःएकीकरण हुन सक्ने वातावरण निर्माण यथासिघ्र गरियोस् ।

- बलात्कार जस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय बनाई मेलमिलाप गराउने, पीडित/प्रभावितलाई लाञ्छना लगाउने, डर, धम्की दिने, बसोबास गरिरहेको स्थान छोड्न बाध्य बनाउने, उजुरी लिन आनाकानी गर्ने, प्रभावित र परिवारलाई राजनीतिक दबाब दिने, पीडकलाई संरक्षण गर्ने जस्ता कार्यहरूलाई अपराधीकरण गरी आवश्यक कानूनको निर्माण गरियोस् र प्रभावितका लागि सुरक्षित, संवेदनशील, दीर्घकालीन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गरियोस् ।

- स्थानीयदेखि राष्ट्रियस्तरका न्यायिक एवं कानूनी निकायका प्रतिनिधिहरू महिला हिंसा र लैङ्गिक विभेद, शोषण र हिंसा प्रति संवेदनशील र सचेत बन्न आवश्यक छ । अधिकांश महिला हिंसाका घटनाहरूलाई कानूनी प्रक्रियामा भन्दा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिको अन्त्य गरियोस् । साथै मेलमिलापमा जोड दिने कानूनहरूको संसोधन गरी पीडित/प्रभावितको सुरक्षा र जीविकोपार्जनको कोणबाट घटनाहरूलाई सम्बोधन गर्ने तर्फ जोड दिइयोस् ।

- हिंसा प्रभावितहरूको सुरक्षालाई मध्यनजर गर्दै उनीहरूको गोपनीयताको अधिकारलाई सम्बन्धित निकायहरूबाट सुरक्षित एवं सुनिश्चित गरियोस् ।

- हिंसा प्रभावितहरूका लागि सरकारले उपलब्ध गराई आएको सेवा सुविधा उचित रूपमा उपलब्ध भइरहेका छन् वा छैनन् भनेर अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र निर्माणको काम यथासक्य चाँडो गरियोस् ।

- हाल सामाजिक सञ्जाल तथा अनलाइनबाट हुने हिंसाका घटनाको दर बढ्दो छ र नयाँ स्वरूपका घटनाहरू बढिरहेको देखिएको छ । यस्ता प्रवृत्तिका घटनाको सम्बोधन सङ्घीय स्तरबाट मात्र हुने भएकाले प्रभावितले छिटो, छरितो र सहज रूपमा न्याय लिन सक्ने वातावरण निर्माणका लागि जिल्लास्तरबाट नै यस्ता प्रकारका संयन्त्रको स्थापना गरी छिटोछरितो सेवा प्रवाह गर्ने व्यवस्था गरियोस् ।

- हिंसा प्रभावितका घटनालाई विश्लेषण गरी सेवा प्रदान गर्ने क्रममा प्रभावितको परिवारको भूमिका महत्वपूर्ण रहेको छ । त्यसैले परिवारका सदस्यहरूलाई घटनामा सहयोग गरी

प्रभावितको मनोबल बढाउन पारिवारिक परामर्श तथा परिवारको जिम्मेवारी र दायित्व बुझाउन परिवार लक्षित कार्यक्रमको निर्माण गरियोस् ।

- सेवा प्रदायकहरूलाई समय समयमा अधिकारमुखी अवधारणा, प्रभावित केन्द्रित अवधारणा र स्वः हेरचाह सम्बन्धी तालिमको व्यवस्था गरियोस् ।
- हिंसा प्रभावितहरूलाई निःशुल्क कानूनी सहायता केन्द्रको सहज उपलब्धता सबै स्थानीय सरकारको दायित्व भएका कारणले प्रत्येक स्थानीय तहले सोका लागि बजेट तथा कार्यक्रमको व्यवस्था गरी आर्थिक अभावका कारण हिंसा प्रभावितले अदालती प्रकृया वा सम्बन्धित संस्थासम्म पुग्ने र न्यायमा पँहुच नपाउने अवस्थाको अन्त्य हुनेगरी सहज वातावरण सृजना गरियोस् ।
- हिंसा प्रभावित महिलाहरू अदालतमा आफ्नो मुद्दा दर्ता गर्नेदेखि अन्तिम टुङ्गो नलाग्दासम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाग्ने सबै खर्चहरू निःशुल्क कानूनी सहायता भित्र समेटिन सक्ने किसिमको निःशुल्क कानूनी सहायता प्राप्त गर्ने प्रक्रियालाई सरलीकरण गर्दै, निःशुल्क कानूनी सहायता दिने कार्यमा संलग्न संघ-संस्थाहरू बीचको समन्वयलाई स्थानीय सरकार मार्फत त्यसको सुदृढीकरणका लागि पहल गरियोस् ।

## १७.४ सुरक्षा

- महिला हिंसाविरूद्ध कार्यरत मानव अधिकारकर्मी, अभियन्ता तथा महिला अधिकारकर्मी संघ-संस्थाहरूलाई समेत असुरक्षा र त्रासको वातावरण सिर्जना हुने गरेको यथार्थलाई ध्यानमा राखी उनीहरूले सुरक्षित तबरमा आफ्ना काम सम्पन्न गर्ने वातावरण समेत राज्यका तर्फबाट निर्माण गरियोस् । खासगरी समुदायस्तरमा कार्यरत व्यक्ति एवं समूहले महिला हिंसाका घटनालाई बाहिर ल्याउन र पीडित/प्रभावितलाई न्याय दिलाउन खेलेको भूमिकाका कारण त्रसित बनाइने गरिएको छ । यस्ता क्रियाकलापलाई पूर्णतः निषेध गर्नका लागि उचित कानूनी प्रावधान एवं सुरक्षित सामाजिक वातावरण निर्माण गर्न सरकारी पहलको खाँचो छ । त्यसैले यस किसिमका घटनामा काम गर्ने सबै अधिकारकर्मी तथा सेवा प्रदायकको सुरक्षाको सुनिश्चित गर्न राष्ट्रिय रूपमा नीति बनाई प्रदेश तथा स्थानीय तहसम्म उत्तरदायी र जिम्मेवार संयन्त्र निर्माण गरियोस् ।
- हिंसा पीडित/प्रभावितहरूले आफूमाथि भएका हिंसाका घटनाहरूलाई बाहिर ल्याउँदा विभिन्न पक्षबाट भौतिक आक्रमण, डर, धाक, धम्की तथा मनोवैज्ञानिक त्रास खेप्नु पर्ने तथा अन्य संरक्षण तथा सुरक्षाका समस्या भोग्नु पर्ने कारण न्याय खोज्न हतोत्साहित हुने

गरेको पाइएको छ । तसर्थ हिंसा प्रभावित तथा निजहरूको साक्षीको संरक्षण सम्बन्धी कार्यक्रम तयार गरी सो सम्बन्धी कानून निर्माण तथा सो को प्रभावकारी कार्यान्वयनका लागि पहल गरियोस् ।

## १०.५ सजाय र क्षतिपूर्ति

- हिंसा प्रभावितहरूका लागि निर्माण तथा सञ्चालन भएका सहयोगी संयन्त्रहरू पर्याप्त मात्रामा नभएको र अहिले सञ्चालित संयन्त्रहरू अनेक कारणवस प्रभावकारी हुन नसकेको यथार्थतालाई स्वीकार गर्दै तिनीहरूको प्रभावकारिता बढाउँदै थप आवश्यक संयन्त्रहरूको विकास गरियोस् ताकि त्यस्ता सहयोगी संयन्त्रहरूले महिलामाथि भएका हिंसाका घटनालाई बाहिर ल्याउने मात्रै नभई प्रभावितलाई न्याय प्रदान गर्ने, समाजमा सुरक्षित र सम्मानजनक तवरमा बाँच्नका लागि वातावरण निर्माणसम्मको जिम्मेवारी बहन गर्न सकुन् । सरकारको तर्फबाट जुनसुकै प्रकारको महिला हिंसाबाट प्रभावित भएका महिलाको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरियोस् ।
- सबै स्थानीय निकायहरूले बलात्कार जस्ता मुद्दामा सरकारले व्यवस्था गरेको द्रूत न्याय सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ । बलात्कारका घटनामा उजुरी गर्ने हदम्याद खारेजी गरिनुपर्दछ । ताकि बलात्कार जस्तो आपराधिक क्रियाकलापका दोषीमाथि कारबाही गर्न र पीडितलाई न्याय दिलाउने काममा बाधा अड्चन कम गर्न सकियोस् ।
- हाल घरेलु हिंसाका घटना बढ्दो क्रममा रहेको देखिएको छ। तर घरेलु हिंसा प्रभावितका घटनाहरूलाई विश्लेषण गर्दा धेरै घटनाहरू मेलमिलापमा जाने र अल्पकालीन सेवा मात्र उपलब्ध भएकाले परिवारमा बाध्यात्मक रूपमा पुनर्स्थापना गरेको र हिंसा दोहोरिएको तथ्याङ्कले देखाएको छ । साथै आत्महत्याको दोस्रो महत्वपूर्ण कारण लैङ्गिक हिंसा देखिएकाले जबरजस्ती मेलमिलाप भएका कतिपय घटनाका प्रभावितले आत्महत्या गर्न बाध्य भएका उदाहरणहरू रहेका छन् । यस्तो अवस्थालाई ध्यानमा राखी विशेषगरी घरेलु हिंसा प्रभावितलाई लामो समयसम्मको आश्रय सेवा, दिगो जीविकोपार्जन लगायतका कार्यक्रमको व्यवस्था गरियोस् । समाजमा बढिरहेका घरेलु हिंसाको घटनाहरूलाई विश्लेषण गर्दै घरेलु हिंसा कसुर तथा सजाय ऐन (२०६६) लाई प्रभावकारी बनाउन यस ऐनको संसोधन गरियोस् ।
- महिलामाथि हुने हिंसाका पीडकहरू मध्ये शिक्षित र सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई थप सजाय सहित द्रूत न्याय प्रणालीको कार्यान्वयन गरियोस् ।

# अनुसुचि १

## लैङ्गिक विभेदमा आधारित हिंसा घटना सङ्कलन फारम

## ओरेक

| घटना संकलनकर्ताको नाम | आवद्ध संस्था | सम्पर्क / ठेगाना | घटना संकलन गरेको मिति | घटना संकलन गरेको स्थान |
|---|---|---|---|---|
| | | | | |

**प्रभावित /पीडितको विवरण**

| कोड नम्बर : | जन्म मिति :<br><br>उमेर : | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन तथा लैंगिक अल्पसंख्यक (खुलाउनुहोस्) ☐<br>.......................... | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>........................ | **जातीयता**<br>पहाडी ब्राह्मण/ क्षेत्री ☐<br>तराई ब्राह्मण/ क्षेत्री ☐<br>पहाडी दलित ☐<br>तराई दलित ☐<br>पहाड जनजाति ☐<br>तराई जनजाति ☐<br>मधेसी ☐<br>मुस्लिम ☐<br>अन्य (खुलाउनुहोस्) ............................ |
|---|---|---|---|---|

| **अपाङ्गताको वर्गीकरण** | **गर्भावस्था/ सुत्केरी अवस्था** | **वैवाहिक स्थिति** |
|---|---|---|
| शारिरीक अपाङ्गता ☐<br>दृष्टि सम्बन्धि अपाङ्गता ☐<br>सुनाई सम्बन्धि अपाङ्गता ☐<br>स्वर र बोलाई सम्बन्धि अपाङ्गता ☐<br>बौद्धिक अपाङ्गता ☐<br>बहुअपाङ्गता (माथि उल्लेखित अपाङ्गतामध्ये एकभन्दा बढी) ☐ | गर्भवती ☐<br>स्तनपान गराउदै ☐<br>दुबै ☐ | अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>पारपाचुके गरेको ☐<br>विधवा/एकल ☐<br>थाहा नभएको ☐<br>अन्य (खुलाउनुहोस्) ........................................................ |

| **यदि विवाहित हो भने** | **शैक्षिक अवस्था** | **यदि साक्षर हो भने** |
|---|---|---|
| विवाह हुदाँको उमेर<br>.................. | निरक्षर ☐<br><br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा) ☐<br>माध्यमिक शिक्षा (९-१२ कक्षा) ☐<br>स्नातक ☐<br>स्नाकोत्तर वा सोभन्दा माथि ☐<br>प्रौढ शिक्षा ☐<br>पेशागत शिक्षा (भए खुलाउनुहोस्)<br>................................................................................ |

| प्रभावित /पीडितको पेशा | | परिवारको प्रमुख आय श्रोत (खुलाउनुहोस्) | |
|---|---|---|---|
| कृषि तथा पशुपालन......................... | घरायसी काम.................... | सरकारी सेवा......................... | घरायसी काम....................... |
| सरकारी सेवा.................... | घरेलु श्रमिक .................... | गैरसरकारी सेवा..................... | घरेलु श्रमिक ....................... |
| गैरसरकारी....................... | व्यापार र व्यवसाय............. | कृषि तथा पशुपालन................ | व्यापार र व्यवसाय................ |
| दैनिक ज्यालादारी............... | विद्यार्थी............................ | दैनिक ज्यालादारी.................... | निवृत्ति भरण ...................... |
| निजि क्षेत्र ....................... | रोजगार खोज्दै .................. | वैदेशिक रोजगारी ................. | निजि क्षेत्र .......................... |
| | अन्य (खुलाउनुहोस्)............. | रोजगार खोज्दै ...................... | अन्य(खुलाउनुहोस्)................. |

| घटनाको विवरण | | | | |
|---|---|---|---|---|
| **घटना घटेको मिति :** | **के यस्तो हिंसा पहिला पनि भएको थियो ?** | **यदि थियो भने कति समयदेखि यस्तो हिंसा भोगिरहनुभएको थियो ?** | **गएको हप्तामा मात्र कति पटक यस्तो हिंसा भोग्नुभएको थियो ?** | **समय :** |
| | थियो ☐ | ६ महिना देखि ☐ | बिरलै (१ पटक ) ☐ | बिहान ☐ |
| | थिएन ☐ | ६ महिनादेखि -१ वर्ष ☐ | हप्तामा २-३ पटक ☐ | दिउँसो ☐ |
| | | १-३ वर्ष ☐ | हप्तामा ४-६ पटक ☐ | साँझ ☐ |
| | | ३-५ वर्ष ☐ | लगभग हरेक दिन ☐ | बेलुका ☐ |
| | | ५ वर्षभन्दा माथि ☐ | | |

| घटनाको किसिम | | | |
|---|---|---|---|
| **घरेलु हिंसा** (बहु विकल्प उत्तर) | **यौनिक हिंसा** | **सामाजिक हिंसा** | हत्या ☐ |
| शारिरीक हिंसा ☐ | बलात्कार ☐ | कुटपीट ☐ | हत्याको प्रयास ☐ |
| गालिगलौज ☐ | सामुहिक बलात्कार ☐ | गालिगलौज ☐ | बलात्कार पछि हत्या ☐ |
| चारित्रिक आरोप ☐ | बलात्कारको प्रयास ☐ | चारित्रिक आरोप ☐ | दाइजोको कारण हत्या ☐ |
| स्रोत सुविधाबाट वञ्चितिकरण ☐ | यौन दुर्व्यवहार ☐ | स्रोत सुविधानबाट वञ्चितिकरण ☐ | बोक्सीको आरोप लगाई कुटपीट गरि हत्या ☐ |
| धम्की ☐ | वैवाहिक बलात्कार ☐ | बालविवाह ☐ | मानव बेचबिखन ☐ |
| मानव बेचबिखनको प्रयास ☐ | | सामाजिक संजाल मार्फत गरिने हिंसा ☐ | |
| आत्महत्या ☐ | | अन्य (खुलाउनुहोस्) ........................... | |

| स्रोत सुविधाबाट वञ्चितिकरण किसिममा (√) चिन्ह लगाउनुहोस् | | हानिकारक परम्परागत अभ्यासको किसिममा (√) चिन्ह लगाउनुहोस् | |
|---|---|---|---|
| १) भौतिक (गास, बास, कपास) ☐ | ६) आफ्नो जीवन धान्न पुग्ने ज्यालाबाट वञ्चित ☐ | १) दाइजो प्रथा ☐ | ६) भ्रुण पहिचान गरि गरिने गर्भपतन ☐ |
| २) संवेगात्मक (माया तथा हेरचाह) ☐ | ७) नेतृत्व अस्विकार गर्नु ☐ | २) बालविवाह ☐ | ७) बहुविवाह ☐ |
| ३) शैक्षिक ☐ | ८) गतिशीलतामा रोक ☐ | ३) छुवाछुत र भेदभाव ☐ | ८) घुम्टो प्रथा ☐ |
| ४) आफुले इच्छाएको/ सम्मानजनक काम गर्नबाट वञ्चित ☐ | ९) नागरिकता ☐<br>१०) जन्मदर्ता ☐<br>११) विवाह दर्ता ☐ | ४) बोक्सीको आरोप ☐ | ९) महिनावारीको समयमा अलग्याउनु वा छुट्टै राख्नु ☐ |
| ५) स्वास्थ्य सेवा ☐ | अन्य (खुलाउनुहोस्) ........... | ५) जबरजस्ती विवाह ☐ | अन्य (खुलाउनुहोस्)................ |

घटनाका कारणहरु खुलाएर लेख्नुहोस् ........................................................................................................

| घटना घटेको स्थान | | | |
|---|---|---|---|
| प्रदेश : | जिल्ला : | गाउँपालिका/नपा | वडा नं. |

| घटनास्थलको किसिम | | | | | |
|---|---|---|---|---|---|
| १) घर | ☐ | ७) जंगल | ☐ | ११) शिवीर वा सेल्टरमा | ☐ |
| २) विद्यालय | ☐ | ८) खेत | ☐ | १२) सेवा केन्द्र | ☐ |
| ३) कार्यस्थल | ☐ | ९) सार्वजनिक शौचालय | ☐ | १३) स्वास्थ्य सेवा केन्द्र | ☐ |
| ४) समुदाय | ☐ | १०) धार्मिक स्थल | ☐ | १४) सामाजिक सञ्जाल | ☐ |
| ५) बाटो | ☐ | | | १५) अन्य (खुलाउनुहोस्) ........................................ | |
| ६) मनोरञ्जन स्थल | ☐ | | | | |

| आरोपित व्यक्तिको जानकारी | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **आरोपित व्यक्तिको संख्या** | | **प्रभावित /पीडितले आरोपित व्यक्तिलाई चिनेको छ ?** | | **प्रभावित /पीडितको आरोपित व्यक्तिसंगको सम्बन्ध** | | | |
| महिला | ☐ | १. छ | ☐ | श्रीमान्/श्रीमती | ☐ | परिवारका सदस्य | ☐ |
| पुरुष | ☐ | २. छैन | ☐ | अविवाहित तर सँगै बसेको | ☐ | थाहा नभएको | ☐ |
| अन्य (खुलाउनुहोस्) | | ३. देखेपछि चिन्ने | ☐ | छिमेकी | ☐ | सेवाप्रदायक | ☐ |
| | | | | मुख्य हेरचाहकर्ता | ☐ | ...................................... | |
| | | | | शिक्षक | ☐ | अन्य (खुलाउनुहोस्) ............ | |
| जम्मा | ☐ | | | साथी | ☐ | ...................................... | |
| | | | | समुदायका सदस्य | ☐ | | |

| आरोपित व्यक्तिको विवरण | | | |
|---|---|---|---|
| **नाम :** | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन तथा लैंगिक अल्पसंख्यक ☐ | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य (भए खुलाउनुहोस्) ..........<br>........................................ | **उमेर** : (सबै पीडकको उमेर उल्लेख गने)<br>...................................... |
| **जातीयता** | **ठेगाना** | **शैक्षिक अवस्था** | **यदि साक्षर भए** |

| | | | |
|---|---|---|---|
| पहाडी ब्राह्मण/ क्षेत्री ☐<br>तराई ब्राह्मण/ क्षेत्री ☐<br>पहाडी दलित ☐<br>तराई दलित ☐<br>पहाड जनजाति ☐<br>तराई जनजाति ☐<br>मधेसी ☐<br>मुस्लिम ☐<br>अन्य (खुलाउनुहोस्)................... | प्रदेश :<br>जिल्ला :<br>गाउँपालिका/नपा : | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा) ☐<br>माध्यमिक शिक्षा (९-१२ कक्षा) ☐<br>स्नातक ☐<br>स्नातकोत्तर वा सोभन्दा माथि ☐<br>प्रौढ शिक्षा ☐<br>पेशागत शिक्षा (भए खुलाउनुहोस्)<br>....................................................... |
| **बैवाहिक स्थिति** | **पेशा** | | |
| अविवाहित ☐<br>बिवाहित ☐<br>बिवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>पारपाचुके गरेको ☐<br>बिधवा/एकल ☐<br>अन्य (खुलाउनुहोस्) .................. | सरकारी सेवा..............................................<br>गैरसरकारी सेवा.........................................<br>कृषि तथा पशुपालन.....................................<br>दैनिक ज्यालादारी........................................<br>घरायसी काम............................................<br>वैदेशिक रोजगारी .......................................<br>निजि क्षेत्र ................................................ | | व्यापार र व्यवसाय.............................<br>विद्यार्थी...........................................<br>रोजगार खोज्दै ................................<br>निवृत्ति भरण...................................<br>घरेलु श्रमिक..................................<br>गाडि चालक .................................<br>अन्य.............................................. |
| **आरोपितको चरित्र झल्काउने खालको परिचय : (सामाजिक मनोविमर्शकर्ता/मनोविमर्शकर्ता/केश व्यवस्थापकले भर्ने)** | | | |
| | | | |

(आरोपित संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला ।)

| **घटनाको कानुनी पक्ष** | | | |
|---|---|---|---|
| **घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ?** | **छ भने कसलाई ?** | | |
| छ ☐<br>छैन ☐ | प्रहरी/प्रशासन/अदालत ☐<br>साथी/इष्टमित्र ☐<br>गाँउले/छिमेकी ☐<br>गाउँपालिका/नगरपालिका ☐<br>परिवार ☐ | आफू काम गर्ने स्थान ☐<br>आरोपित को परिवार ☐<br>आरोपित का नातेदार/साथी ☐<br>गैरसरकारी संस्था ☐ | महिला मानव अधिकार रक्षकहरु ☐<br>अन्य भए (खुलाउनुहोस्)<br>................................. |
| **घटना स्थलको निरीक्षण गरिएको छ कि छैन ?** | **छ भने कसले (खुलाउनुहोस्)?** | **घटनासंग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ ?** | |
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | | छ ☐<br>छैन ☐<br>थाहा छैन ☐ | |

| घटनासंग सम्बन्धित फोटो खिचेको छ ? | पीडितलाई परेको असर | पीडितको परिवारलाई परेको असर |
|---|---|---|
| छ ☐<br>छैन ☐<br>थाहा छैन ☐ | शारिरीक असर......................................<br>मानसिक असरं.....................................<br>सामाजिक असर .....................................<br>आर्थिक असर ....................................... | शारिरीक असर........................................<br>मानसिक असरं.......................................<br>सामाजिक असर .....................................<br>आर्थिक असर ........................................ |
| अन्य दसी प्रमाण भए सो को विवरण ( घटना भएको हो भनेर प्रमाणित गर्न सक्ने अन्य के कस्ता प्रमाणहरु छन् खुलाउनुहोस्) | | |
| | | |
| घटनाका कारण पीडित तथा पीडितको परिवारलाई परेको असर विस्तृत रुपमा खुलाएर लेख्नुहोस् । | | |
| | | |

| प्रभावित /पीडितको लागि तत्कालका आवश्यक सेवाहरु | | संस्थाले प्रभावित/पीडितलाई प्रदान गरेको सेवा (बहु विकल्प उत्तर) | |
|---|---|---|---|
| १) सुरक्षा आवास ☐ | ६) स्वास्थ्य उपचार ☐ | १) सुरक्षा आवास ☐ | ६) स्वास्थ्य उपचार ☐ |
| २) कानुनी परामर्श ☐ | ७) जीविकोपार्जनमा सहयोग ☐ | २) कानुनी परामर्श ☐ | ७) जीविकोपार्जनमा सहयोग ☐ |
| ३) कानुनी सहयोग ☐ | ८) शिक्षा सहयोग ☐ | ३) कानुनी सहयोग ☐ | ८) शिक्षा सहयोग ☐ |
| ४) मनोपरामर्श ☐<br>५) मनोसामाजिक परामर्श ☐ | ९) अन्य केही भए उल्लेख गर्नुहोस्<br>......................................... | ४) मनोपरामर्श ☐<br>५) मनोसामाजिक परामर्श ☐ | ९) अन्य केही भए उल्लेख गर्नुहोस्<br>....................................... |

घटना हुँदा पैसा बस्तु लाभको वा सेवाको आदान प्रदान भएको थियो? थियो ☐ थिएन ☐

**घटनाको पुर्ण विवरण लेख्नुहोला ।**

WOREC

**ओरेक**

पो.ब.न. १३२३३, काठमाडौं, फोन नं. (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३ (केन्द्रिय कार्यालय)

इमेल : ics@worecnepal.org, database@worecnepal.org, हटलाईन नम्बर : १६६०-०१-७८९१०

WOREC


**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**

पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल

फोनः (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३

Email :ics@worecnepal.org

Website :www.worecnepal.org



9 789937 964500